सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ माघ २०८१, बिहीबार (30 Jan 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सामाजिक सञ्जालसम्बन्धी विधेयक

महासंघसहित पत्रकारका संघ-संगठनको आपत्ति



नयाँ पत्रिका

सरकारले संघीय संसद्मा दर्ता गराएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकप्रति नेपाल पत्रकार महासंघसहित पत्रकारका संघ-संगठनले आपत्ति जनाएका छन् । पत्रकार महासंघसहित प्रेस सेन्टर र समाजवादी प्रेस संगठनले प्रेस विज्ञप्ति निकालेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कानुन मान्य नहुने चेतावनी दिएका छन् । संविधानकै मौलिक हक कुण्ठित हुने गरी विधेयक ल्याइएकोमा उनीहरूको आपत्ति छ ।

अभिव्यक्ति स्वतन्त्रतामा आघात पार्ने केही प्रावधान समावेश गरेको भन्दै महासंघले असहमति र आपत्ति प्रकट गर्दै सच्याएर विधेयक अघि बढाउन आग्रह गरेको छ । 'अगुवा नागरिक संस्था, महासंघलगायतका सरोकारवाला पक्षसँग सामान्य परामर्श र छलफलसमेत नगरी सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा आघात पार्ने केही प्रावधान समावेश गरी विधेयक अगाडि बढाएकोमा महासंघ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ,' महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अतः महासंघलगायत सरोकारवाला पक्षसँग गहिरो संवादमार्फत विश्वव्यापी मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मूल्य-मान्यता, हाम्रो संवैधानिक प्रावधान र प्रचलित अभ्याससँग तालमेल मिल्ने गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने प्रावधानहरू सच्याएर मात्र विधेयक अगाडि बढाउन महासंघ नेपाल सरकार र संघीय संसद्सँग आग्रह गर्दछ ।'



कांग्रेस महामन्त्री शर्मा बोले- **अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने विधेयक स्वीकार्य हुँदैन**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन र नियन्त्रण गर्ने कुनै पनि कानुन स्वीकार्य नहुने भन्दै महासंघले सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको छ ।

» पृष्ठ २ मा क्रमशः

मिनी संसद्का सभापति आफैं विवादित

सभापतिका क्रियाकलापले समितिकै मर्यादामा प्रश्न, विधायिकी कार्यदेखि निगरानीसम्म प्रभावित

■ लेखा समितिका पूर्वसभापति हृदयेश त्रिपाठी भन्छन्-



कुनै पनि दलको सुविधाजनक बहुमत भएपछि सरकार संसद्प्रति उदासीन हुन्छ । संसद्लाई रबरस्ट्याम्प बनाउने पहिलेदेखिको प्रवृत्ति हो । अहिले दुईतिहाइनजिकको सरकारले पनि संसद्लाई खासै महत्त्व दिएको देखिँदैन ।

■ संसद् सचिवालयका पूर्वसचिव मुकुन्द शर्मा भन्छन्-



सभापति भनेको समितिको नेतृत्वकर्ता हो । उसले समन्वय, सहकार्य र सहअस्तित्वमा काम गर्नुपर्ने हो । त्यो कुरा पछिल्लो समय देखिएन । सदस्यहरूले चित्त नबुझेका कुराहरू सभापतिमार्फत समितिमा राख्नु स्वाभाविक हो । सभापतिहरूले अलि बढी सुझबुझपूर्ण भूमिका खेल्नुपर्छ । त्यो नदेखिएकाले समितिहरू प्रभावकारी भएनन् ।

कमलराज भट्ट/नयाँ पत्रिका

मिनी संसद्का रूपमा रहने संसदीय समितिकै सभापति समन्वयमा नभई आफैं वादविवादमा उत्रिन थालेका छन् । समितिका सभापति र सदस्यहरू आफैं वादविवादमा उत्रिँदा सरकारको निगरानी गर्ने मुख्य जिम्मेवारी भएका समितिहरूको भूमिका कमजोर बन्दै गएको छ । पछिल्ला घटनाक्रमले संयमता गुमाउँदै गएका सभापतिमा नेतृत्व क्षमताको अभाव खड्किएको छ भने सदस्यहरू पनि आफ्नो भूमिकाप्रति संवेदनशील नरहेको देखाएको छ । कतिपय सभापति र सदस्यमा आफ्नो जिम्मेवारी र दायित्वबारे पर्याप्त ज्ञानको अभाव रहेको संसद्

» पृष्ठ २ मा क्रमशः

■ सभापति नै विवादमा मुछिएका चार उदाहरण

कृषि समितिकी सभापतिमाथि सदस्यकै गम्भीर आरोप



९ माघमा बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति बैठकमा सभापति कुसुमदेवी थापा र सदस्य विनिता कठायतबिच सवाल-जवाफ मात्रै भएन, चर्काचर्की नै पऱ्यो । रास्वपा सांसद कठायतले संसदीय अनुगमनका क्रममा आफूमाथि दुर्व्यवहार भएको र त्यसमा स्वयं सभापति थापा पनि संलग्न रहेको आरोप लगाइन् । कांग्रेस सांसद रहेकी सभापति थापा पनि कठायतमाथि त्यत्तिकै 'ह्यारेस' नभएको र उनी पनि जिम्मेवार रहेको आशयसहित प्रस्तुत भइन् । सबैलाई मिलाएर लानुपर्ने सभापतिले नै 'आफ्नो पार्टीको जिम्मा लिने'सम्मको शब्द समितिमै प्रयोग गरिन् । पोखरामा मदिरालै मातेर सभापति थापासहित कांग्रेस-एमाले सांसदले 'रास्वपा पार्टी नै ठग भएको, नेताहरूले विदेशीसँग बिहे गरेको, धेरैजनासँग बिहे गरेको, विवाहमा विवादित भएर प्रधानमन्त्री र कांग्रेस सभापतिलाई प्रश्न गरेको, बाझेको, बाझ्नेलाई देशनिकाला गर्नुपर्छ' भनेर दुर्व्यवहार गरेको बताइन् । कठायतले सभापति नै संलग्न भएकाले समितिमै सबै विवरण नै सार्वजनिक गर्नुपरेको सुनाइन् ।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति झम्टिए सदस्यमाथि



२५ पुसमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा सभापति राजकिशोर यादव र सदस्य प्रेम सुवालबिच अरू सदस्यलाई नै असहज लाग्ने गरी चर्काचर्की पऱ्यो । नेपाल एयरलाइन्सको सञ्चालन र व्यवस्थापनसम्बन्धी छलफल गर्न बोलाइएको बैठकमा सुवालले कार्यसूचीबाहिरको विषय राखेको र समय पनि धेरै लिएको भन्दै सभापति यादवले रोक्न खोजे । त्यसपछि सुवालले औंला ठड्याएर 'सत्ताधारी सांसदलाई जति पनि समय दिने, आफूलाई बोल्न समय नदिने' भनेर प्रतिवाद गरे । उनले नेतृत्व निरंकुश बन्न खोजेको आरोप पनि लगाए । सुवालले निरंकुश बन्ने भन्दा सभापति यादवले 'बन्छु' भन्दै आगोमा घिउ थप्ने काम गरे । त्यसपछि थप आक्रामक बन्दै सुवालले भने, 'तपाईं पनि एक्लै, म पनि एक्लै, के को फुर्ती ?' उनले भेदभाव गरे राजाजस्तै हुत्याइने चेतावनी नै दिए ।

राज्य व्यवस्थाका सभापतिमाथि गरिमा घटाएको आरोप



२२ पुसमा बसेको राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा सभापति रामहरि खतिवडा र सदस्य हृदयराम थानीबिच चर्काचर्की पऱ्यो । उजुरीहरू वितरण गरिएको बैठकमा थानीले 'अख्तियारसम्बन्धी विधेयक किन अड्कियो ?' भनेर प्रश्न गर्दै बोलिरहेका वेला सभापति खतिवडाले बिचमै 'तपाईंले विधेयक दिएको धेरै भएको छैन । संसद् बसुन्जेल समितिले लान्छ' भनेर हस्तक्षेप गरे । त्यसपछि थानी कड्किए, 'सभापतिज्यू, तपाईं कति बोल्नुहुन्छ ? म पनि यही समितिको सभापति भइसकेको मान्छे हुँ । जहिले पनि बिचमै कुरा काट्नुभएको छ, तपाईंसँग रोक्ने अधिकार छ ? सबै कुरा तपाईंले नै जान्नुभएको छ ? त्यसो हो भने तपाईं नै बोल्नुस् ।' एमालेका राजेन्द्र राईले पनि थानीलाई साथ दिँदै भने, 'सभापतिजीले कमान्ड गर्ने तौरतरिका सिक्नुपऱ्यो । सिक्न सकेन भने समितिको गरिमा घट्छ ।'

लेखाका सभापतिले बाहिरै मस्यौदा बनाएर निर्णय गर्न खोजे



९ भदौमा बसेको सार्वजनिक लेखा समिति बैठकमा सभापति ऋषिकेश पोखरेलले बाहिरैबाट निर्णयको मस्यौदा गरेर सुनाउन खोजेपछि विवाद भयो । उनले उद्योगीबाट डेडिकेटेड फिडर र ट्रंकलाइन बक्यौता महसुल तिराउन लागिपरेका विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाही गर्न अख्तियारमा सिफारिस गर्नेसहित ६ बुँदे निर्णय गराउन चाहेका थिए । जबर्जस्ती गरेपछि कांग्रेसकै सांसदले 'नोट अफ डिसेन्ट' लेख्ने चेतावनी दिए । सभापति पोखरेलले 'कुलमानलाई भ्रष्टाचारी करार गर्दै दण्डित नगरेर फूलमाला लाउने ? कारबाही किन नगर्ने ?' भन्दै बोलेपछि सदस्यहरूले 'उद्योगीको पक्षमा लाइन जोड्न दिने प्रधानमन्त्रीलाई किन कारबाही नहुने ?' भनेर प्रतिवाद गरे । एमालेबाहेक सदस्यहरूबाट विरोध भएपछि पोखरेल पछि हटे । यो विवादले लेखा समिति चार महिनासम्म बस्न सकेन ।

ऊर्जामन्त्री खड्कामाथि छलफल गर्न बोलाइएको संसदीय समिति बैठकमा कांग्रेस सांसद अनुपस्थित

कोरम नपुगेर स्थगित

■ मन्त्री खड्काले जलविद्युत् आयोजना ठेक्कामा अनियमितता गरेको आरोप

काठमाडौं/ सत्तारूढ कांग्रेसका सांसद अनुपस्थित हुँदा ऊर्जामन्त्री दीपक खड्काविरुद्ध परेको उजुरीमा छलफल गर्न बोलाइएको संसदीय समिति बैठक स्थगित भएको छ । उजुरीका सम्बन्धमा छलफल गर्न सबै दलसँग परामर्श गरेरै राखिएको बैठकमा कांग्रेस सांसद 'योजनाबद्ध' रूपमा अनुपस्थित रहे । कांग्रेसका केही सांसद हाजिर गरेर हिँडे ।



● **माधव सापकोटा,** समिति सदस्य

कोरम संख्यात्मक हिसाबले पुग्थ्यो । कांग्रेसका तर्फबाट बहुसंख्यक र जिम्मेवार सांसदहरूको अनुपस्थिति भयो । आउने भनेका कांग्रेस सांसदको संख्या बहुमत थियो । तर, बैठकमा उपस्थित हुनुभएन । यो अनुपस्थिति संयोग मात्र होइन ।

प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित उजुरीमा छलफल गर्न बुधबार साढे ११ बजे बैठक बोलाएको थियो । तर, समितिमा १० जना मात्रै सांसद उपस्थित भएपछि कोरम नपुगेर बैठक स्थगित भएको सभापति दीपकबहादुर सिंहले बताए । 'कोरम पुगेन । सुरुमा १० जना मात्रै थिए । पछि ढिलो गरी १२ जना पुग्नुभयो । दुईजना अझै पुगेन, अनि स्थगित गर्यौं,' सभापति सिंहले भने ।

पहिला हुन्छ भनेका कांग्रेस सांसद बैठकमा नआएको सभापति सिंहको भनाइ छ । 'बिदाको दिन भए पनि सबैको सल्लाहमा राखेको थिएँ । एजेन्डा मन्त्रीजीसँग जोडिएका उजुरीमा छलफल गर्ने थियो । तर, माननीयज्यूहरू आउनुभएन,' उनले भने, 'पहिला हुन्छ भन्नुभयो, तर पछि आउनुभएन । यही विषयमा छलफल गर्न २४ माघ साढे ८ बजे अर्को बैठक तय भएको छ ।

समिति बैठकमा सहभागी हुन ऊर्जामन्त्री खड्का र राज्यमन्त्री कान्छाराम तामाङ १२ बजेतिर आएका थिए । त्यतिखेर समितिमा ५-६ जना सांसद थिए । मन्त्री

» पृष्ठ २ मा क्रमशः

सत्तारूढ दलका नेता र प्रमुख सचेतकलाई गाडी सुविधा दिने गरी ऐन संशोधन गर्दै सुदूरपश्चिम

आन्तरिक मामिला मन्त्रालयले यसअघि नै गरेको अतिरिक्त सुविधाको प्रस्तावले प्रदेशलाई व्ययभार थपिने भन्दै आर्थिक मामिलाले पठाएको थियो फिर्ता, तर पुनः प्रस्ताव लगिँदै

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारले सत्तामा रहेका सबै दलका संसदीय दलका नेता र प्रमुख सचेतकलाई गाडी सुविधा दिने गरी प्रदेश सभाका पदाधिकारीको सेवा सुविधासम्बन्धी ऐन संशोधन प्रक्रिया अगाडि बढाएको छ । आन्तरिक मामिला मन्त्रालयले सहमतिका लागि आर्थिक मामिला मन्त्रालयमा पठाउने तयारी गरेको प्रस्तावित मस्यौदाअनुसार ऐन संशोधन भएमा सत्तारूढ एमाले र नागरिक उन्मुक्तिका संसदीय दलका नेता र प्रमुख सचेतकले गाडी, चालक, इन्धन र मर्मत खर्च पाउनेछन् । यसका लागि कम्तीमा चारवटा गाडी तत्काल आवश्यक पर्नेछ ।

आन्तरिक मामिलाले यसअघि नै आर्थिक मामिलामा प्रस्ताव पठाएको थियो । तर, अतिरिक्त सुविधाले प्रदेशलाई व्ययभार थपिने भएकाले पुनर्विचार गर्न आग्रहसहित फिर्ता पठाइएको आर्थिक मामिला मन्त्रालयका सचिव झलकराम अधिकारीले बताए ।

» पृष्ठ २ मा क्रमशः





आर्थिक मामिला मन्त्रालयका सचिव झलकराम अधिकारी भन्छन्-

गाडीसँगै चालक, इन्धन, मोबिल दिनुपर्छ । बिग्रेपछि मर्मत पनि गर्नुपर्ला । यसले प्रदेशलाई आर्थिक भार बढ्ने भएकाले पदाधिकारीलाई गाडी सुविधा दिन आवश्यक हो/होइन पुनः अध्ययन गरेर पठाउन भनेका छौं ।

महाकुम्भमा भागदौड, ३० को मृत्यु

■ नेपाली राजदूतावासका काउन्सिलर एसएसपी सञ्जीव शर्मा दासले भने- **अहिलेसम्म नेपाली नागरिक हताहती भएको हामीलाई कुनै जानकारी छैन**



नयाँ पत्रिका

छिमेकी भारतको उत्तरप्रदेश राज्यस्थित प्रयागराजमा आयोजित महाकुम्भ मेलामा बुधबार बिहानै भएको भागदौडमा किचिएर ३० जना तीर्थयात्रीको मृत्यु भएको पुष्टि भएको छ । बुधबार बिहान १ देखि २ बजेको बिचमा अखाडा मार्गमा रहेको ब्यारिकेड भत्किएपछि तीर्थयात्री उग्रभिडतर्फ जाने क्रममा घटना भएको हो । घटनामा ३० जनाको मृत्यु भएको प्रहरीले बुधबार साँझ पुष्टि गरेको छ ।

६ हप्ता लामो धार्मिक पर्वको सबैभन्दा शुभ स्नान दिनमध्ये एक बुधबार 'मौनी अमावस्या' थियो । यस अवसरमा 'अमृत स्नान'का लागि लाखौं हिन्दु भक्तजन घाटहरूमा भेला हुँदा घटना भएको भारतीय प्रहरीले जनाएको छ ।

'महाकुम्भमा बिहान सबैरै भएको भागदौडले बुधबार एक पवित्र जमघटलाई विनाशको दृश्यमा परिणत गऱ्यो, जसमा कम्तीमा ३० जनाको मृत्यु भयो र ६० जना घाइते भए' कुम्भ मेलामा खटिएका भारतीय प्रहरीका डिआइजी वैभव कृष्णलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यम इन्डियन एक्सप्रेसको अनलाइन संस्करणमा उल्लेख छ ।

बुधबार साँझ आयोजित पत्रकार सम्मेलनमा डिआइजी वैभव कृष्णले भने, 'ठुलो भिडका कारण ब्यारिकेडहरू भत्किए, जसको परिणामस्वरूप भागदौड मच्चियो । ब्रह्म मुहूर्तको पर्खाइमा रहेका भक्तहरूलाई भिडले कुल्चिन थाल्यो । प्रशासनले तुरुन्तै उद्धार कार्य थाल्यो र एम्बुलेन्सहरूका लागि ग्रिन करिडोर सञ्चालन

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



■ काठमाडौं उपत्यकामा अव्यवस्थित बस्ती विकास



अवैध कित्ताकाट र प्लटिङको सिफारिस नगर्न उपत्यकाका स्थानीय तहलाई पत्राचार

(विस्तृत पृष्ठ ३)

महामारीका वेला लिइएको विषाक्त नीतिले दक्षिणपन्थको विश्वव्यापी उभार



अमेरिकादेखि अस्ट्रिया, इटालीदेखि जर्मनीसम्म महामारीको व्यवस्थापनले उञ्जाएको असन्तुष्टिबाट उग्र दक्षिणपन्थी दलहरू ठुलो लाभ उठाउन सफल भएका छन्

(विस्तृत पृष्ठ ५)

कांग्रेस मुख्यालयमा युवा-लक्षित 'स्टार्टअप'को बहस

नवीन विचार र स्वलगानीमा रुचि राख्ने युवालाई उद्यमशीलतामा जोड्दै रोजगारी सिर्जना गर्ने तथा अर्थतन्त्रमा सुधार ल्याउन दलका तर्फबाट पहलकदमी लिनुपर्ने सन्देश बाँड्न स्टार्टअपलाई प्रवर्द्धन गर्दै कांग्रेस

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारी दमक अस्पतालबाट रेफर गरिने प्रसूतिका आधा बिरामी पठाइन्छन् मेयर थापाको निजी अस्पतालमा

दमक अस्पतालले रेफर गरेपछि मात्रै निजीले स्वास्थ्य बिमाबाट उपचार गर्न पाउँछन्, दमकले रेफर गर्ने प्रसूतिका आधा बिरामी मेयर थापा नै सञ्चालक रहेको ॐ मेची अस्पतालमा पठाउँछ

नगर प्रमुखले आफ्नो फाइदा लिन खोजेको देखिन्छ

● **सुकदेव खत्री भट्टराई,** पूर्वकार्यवाहक महालेखापरीक्षक



यस्तो कामले नगर प्रमुखमाथि नैतिक प्रश्न उठ्छ । यो स्वार्थको द्वन्द्व हो । यस्ता कामले नगर प्रमुखले फाइदा लिन खोजेको देखिन्छ । यो गर्न नमिल्ने काम हो । अनियमितताजन्य काम हो ।

झापामा **चिरञ्जीवी घिमिरे**

रामकुमार थापा झापाको दमक नगरपालिकाका मेयर मात्र होइनन्, सरकारी तवरबाट सञ्चालित दमक अस्पतालका अध्यक्षसमेत हुन् । यति मात्रै होइन, उनी दमकमै रहेको निजी अस्पताल ॐ मेचीको सञ्चालक पनि हुन् । मेयर थापाको पदीय शक्तिको आडमा दमक अस्पतालले बिमाबाट उपचारका लागि रेफर गर्ने प्रसूतिका आधा बिरामी ॐ मेचीमा पठाउने गरेको छ । दमक अस्पतालले रेफर गरेपछि मात्रै निजी अस्पतालले स्वास्थ्य बिमाबाट उपचार गर्न पाउँछन् ।



दमक नगरपालिकाका प्रमुख रामकुमार थापा सञ्चालक रहेको ॐ मेची अस्पताल

दमक अस्पतालबाट रेफर हुने आधाभन्दा बढी प्रसूतिका बिरामी मेयर थापाको निजी अस्पतालमा पठाइएको तथ्यांकले नै देखाएको छ । दमक अस्पतालले सेवा दिएभन्दा बढी प्रसूतिका बिरामी रेफर गर्छ । मेयर थापा सञ्चालक रहेको ॐ मेचीमा पनि स्वास्थ्य बिमा कार्यक्रम लागू भएको छ ।

गत आर्थिक वर्ष ०८०/८१ मा दमक अस्पतालले ९५५ जनालाई प्रसूति गराएको छ । त्यस्तै, उक्त आर्थिक वर्षमा एक हजार १५६ जना प्रसूति गराउने बिरामी विभिन्न अस्पतालमा रेफर गरेको छ । रेफर गरेकामा आधाभन्दा बढी मेयर थापाको निजी अस्पताल ॐ मेचीमा पठाइएको छ । एक वर्षमा

दमक नगरपालिकाका मेयर रामकुमार थापाको दाबी-



बिरामी आफैं रेफर माग्न आएपछि मात्रै रेफर दिइन्छ । हुन सक्नेसम्म यहीं (दमक अस्पताल) गर्नुहोस् भन्ने हो । रेफरको कुरा मलाई जानकारीसम्म हुँदैन ।

७५१ जना प्रसूति गराउने बिरामी ॐ मेचीमा पठाएको दमक अस्पतालले उपलब्ध गराएको तथ्यांकमा छ ।

जबकि दमकमा अर्को सामुदायिक अस्पताल आम्दा अस्पताल पनि छ । उक्त अस्पताल प्रसूति सेवाका लागि पूर्वमा प्रख्यात मानिन्छ । जुन अस्पतालको पदेन अध्यक्ष दमक नगरपालिकाको मेयर रहने व्यवस्था छ । गत आर्थिक वर्षमा उक्त अस्पतालमा १४९ जना मात्र बिरामी दमक अस्पतालले पठाएको देखिन्छ । यो अस्पतालमा विशेषज्ञ चिकित्सकसहित आइसियू तथा

» पृष्ठ २ मा क्रमशः

वार्ताका लागि 'नो केबलकार' समूहले अघि सार्‍यो तीन सर्त

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकार निर्माण गर्न नहुने माग राख्दै आन्दोलनरत समूहले कोशी प्रदेश सरकारसँग वार्ताका लागि तीनवटा सर्त अघि सारेको छ। समूहले केबलकार निर्माणको काम तत्काल रोक्नुपर्ने, केबलकार निर्माण क्षेत्र काफ्लेपाटीबाट सशस्त्र प्रहरीको टोली हटाउनुपर्ने र पक्राउ परेका तीनजनालाई विनासर्त रिहा गरेपछि मात्रै वार्तामा बस्न सकिने बताएको हो।

'केबलकार निर्माणको काम तत्काल रोक्नुपर्ने, केबलकार निर्माण क्षेत्र काफ्लेपाटी क्षेत्रबाट सशस्त्र प्रहरीको टोली हटाउनुपर्ने र पक्राउ परेका तीनजनालाई विनासर्त रिहा गरेपछि मात्र हामी वार्तामा बस्छौँ, होइन भने आन्दोलन जारी रहन्छ,' पाथीभरा केबलकार खारेजी संयुक्त समिति (नो केबलकार समूह)का संयोजक खगेन्द्र फेम्बूले भने।

गत १२ माघमा पाथीभरा क्षेत्रको काफ्लेपाटीमा नो केबलकार समूह र प्रहरीबिच झडप भएको थियो। घटनामा घाइते तीन आन्दोलनकारीको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचार भइरहेको छ। त्यस्तै, आन्दोलनरत लक्ष्मण लिम्बू र चन्द्रसागर लिम्बू घटनास्थलबाट पक्राउ परेका थिए भने आन्दोलनको नेतृत्व गरेको र प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई ज्यान मार्ने धम्की दिएको अभियोगमा प्रदीप मादेनलाई मंगलबार सदरमुकाम फुङलिङबाट पक्राउ गरेको थियो।

१२ माघको घटनापछि पाथीभरा क्षेत्र अशान्त छ भने आन्दोलनरत पक्षले यातायात नै ठप्प पारेका छन्। आन्दोलनरत पक्षको माग सम्बोधन गर्न भन्दै संसद्मै आवाज उठेपछि कोशी सरकारले मंगलबार मात्र आर्थिक मामिलामन्त्री रामबहादुर मगरको संयोजकत्वमा चार सदस्यीय वार्ता समिति बनाएको थियो। मन्त्री मगरले आन्दोलनरत पक्षलाई वार्तामा आउन आह्वान गरिएको र वार्ताबाटै माग सम्बोधन हुने बताए। 'उहाँहरूका माग के के हुन् बसेर छलफल गरौँ भनेका छौँ, धेरै कुरा केन्द्र सरकारसँग जोडिएका छन्, हामी यसका लागि समन्वयको काम गर्छौं,' उनले भने।

आन्दोलनरत समूहको एक घटक याक्थुङ-चुम्लुङ केन्द्रीय अध्यक्ष प्रेम यक्तेनले भने केबलकार निर्माण र प्रहरी हस्तक्षेपको विषय केन्द्र सरकारसँग जोडिएकाले प्रदेशसँगको वार्ताको खासै औचित्य नरहने बताए।

पाथीभरामा केबलकार बन्दा ताप्लेजुङवासीलाई फाइदा हुन्छ : एमाले सचिव भट्टराई



एमाले सचिव एवं ताप्लेजुङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य योगेश भट्टराईले पाथीभरामा केबलकार बन्दा जिल्लावासीलाई फाइदा हुने बताएका छन्। बुधबार पत्रकार सम्मेलन गरेर उनले ताप्लेजुङमा क्रियाशील राजनीतिक दल तथा तीनै तहका जनप्रतिनिधिहरू पाथीभरामा केबलकार बन्नुपर्छ भन्ने पक्षमा रहेको दाबी गरे।

भौगोलिक रूपले विकट पाथीभरासम्म सहज ढंगले पुग्न, वृद्ध-वृद्धा एवं बालबालिका तथा अपांगता भएकालाईसमेत सहज पहुँच पुर्‍याउने उद्देश्यले केबलकार उपयुक्त विकल्प हुने भट्टराईको भनाइ छ। उनले निर्माणका लागि सहयोग पुर्‍याउन सबैलाई अनुरोध पनि गरे। निर्माण कम्पनीले प्रस्तुत गरेको र राज्यका निकायले स्वीकृत गरेको परियोजना प्रस्ताव तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका आधारमा हेर्दा केबलकार सञ्चालनले कुनै पनि धर्म, संस्कृति र आस्थालाई कमजोर नपार्ने उनले बताए।

संसद्मा अध्यादेश अस्वीकार प्रस्ताव राख्ने रास्पवाको निर्णय

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले संसद् छलेर ल्याएका अध्यादेशविरुद्ध सदनमा अस्वीकार प्रस्ताव राख्ने भएको छ। उपनेता विराजभक्त श्रेष्ठको अध्यक्षतामा केन्द्रीय कार्यालयमा बुधबार बसेको संसदीय दलको बैठकले ६ वटै अध्यादेशको अध्ययन गरेर अस्वीकार प्रस्ताव राख्ने निर्णय गरेको सचेतक निशा डाँगीले बताइन्। 'संसद् छलेर अपारदर्शी रूपमा ल्याइएका ६ वटै अध्यादेशविरुद्ध प्रतिनिधिसभा नियमावली नियम ९५ बमोजिम अस्वीकारको सूचना दर्ता गराउँछौँ,' उनले भनिन्।

अस्वीकारको प्रस्तावअगाडि रास्वपाले अध्यादेशको मसिनो अध्ययनका लागि चारवटा समूह बनाएको छ। सचेतक डाँगीका अनुसार सहकारीसम्बन्धी अध्यादेश अध्ययन गर्न सोविता गौतम, सुमना श्रेष्ठ, चन्दा कार्की भण्डारी, अशोक चौधरीले जिम्मेवारी पाएका छन्।

सुशासनसम्बन्धी अध्यादेशलाई शिशिर खनाल, मनीष झा, असिम शाह, विन्दवासिनी कंसाकार, लक्ष्मी तिवारी र चन्दा कार्की भण्डारीले अध्ययन गर्नेछन्। भूमिसम्बन्धी अध्यादेशको डा. तोसिमा कार्की, निशा डाँगी, अशोक चौधरी, विनिता कठायत र हरि ढकालले अध्ययन गर्नेछन्। आर्थिकसम्बन्धी अध्यादेशलाई डा. स्वर्णिम वाग्ले, विराजभक्त श्रेष्ठ, हरि ढकाल र गणेश पराजुलीले अध्ययन गर्नेछन्। चारवटै समूहले आफ्नो क्षेत्रको अध्यादेश मसिनो गरी अध्ययन गरेर संसद्मा आवाज उठाइने सचेतक डाँगीले बताइन्।

बैठकले राजनीतिक प्रतिशोधको आधारमा सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएर सरकारले रास्वपा संसदीय दलका नेता रवि लामिछानेको सांसद पद निलम्बन गर्नु प्रतिनिधिसभा नियमावलीविपरीत भएको ठहर पनि गरेको छ।

पूर्वराष्ट्रपति भण्डारीलाई एमाले उपमहासचिव ज्ञवालीको जवाफी सन्देश

'संवैधानिक राष्ट्रप्रमुख कुनै पार्टीको राजनीतिमा फर्किनु उचित होइन'

बुटवल/ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा आउने आधार बनाइरहेका वेला एमाले उपमहासचिव प्रदीप ज्ञवालीले उनको यस्तो कदम उचित नहुने बताएका छन्। भण्डारीले डेढ महिनाकै बिचमा गण्डकी हुँदै कोशी प्रदेशका विभिन्न कार्यक्रममा सरिक भएर राजनीतिमा फर्किन सक्ने सन्देश दिएपछि एमालेमा अध्यक्ष केपी ओलीनिकट मानिने नेता ज्ञवालीले 'उचित नहुने' जवाफ दिएका हुन्।

कोशी प्रदेशको विराटनगर र इटहरीका विभिन्न कार्यक्रमपछि आवश्यकता परे एमालेको राजनीतिमा फर्किने पूर्वराष्ट्रपति भण्डारीको अभिव्यक्ति आएकै भोलिपल्ट बुटवलबाट उपमहासचिव ज्ञवालीले त्यस्तो कदम चाले उचित नहुने जवाफ फर्काए। पूर्वराष्ट्रपति भण्डारी तीन दिनदेखि कोशी प्रदेशमा छिन्, जहाँ उनले एमालेकै नेता-कार्यकर्तासँग भेटघाट जारी राखेकी छिन्।

बुधबार उपमहासचिव ज्ञवालीले प्रेस चौतारी रुपन्देहीले बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनबाट जवाफी सन्देश फर्काए। पूर्वराष्ट्रपति भण्डारीलाई पार्टीको सक्रिय राजनीतिमा ल्याउनेबारेमा अहिलेसम्म पार्टीभित्र कुनै छलफल नभएको भन्दै उनले त्यसरी फर्किनु उचित नहुने तर्क गरे।

'संवैधानिक राष्ट्रप्रमुख कुनै पार्टीको राजनीतिमा फर्किने कुरा उचित होइन, एमालेमा पनि केही चर्चा बजारमा सुनिएको छ। तर, विद्या भण्डारी आफैँ नै राजनीतिमा आउनुहुन्छ भन्ने मलाई लाग्दैन। त्यो राम्रो पनि होइन,' ज्ञवालीले भने, 'सामान्य अवस्थामा एमालेमा त्यो सम्भव देखिँदनँ। असामान्य अवस्थामा तत्काल सल्लाह हुने कुरा फरक हो। अध्यक्षको प्रतिस्पर्धा गर्ने गरी आउने भन्ने कुरा सत्य होइन, अनुमान मात्रै हो।'

मंगलबार मात्रै पूर्वराष्ट्रपति भण्डारीले विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा एमालेको राजनीतिमा फर्किन सक्ने प्रस्ट सन्देश दिएकी थिइन्। 'राष्ट्रपति पद गैरराजनीतिक होइन, त्यसैले म राष्ट्रिय राजनीतिमा सक्रिय नै छु,' भण्डारीले पत्रकार सम्मेलनमा भनेकी थिइन्, 'मैले सुरुमा माले र त्यसपछि बनेको एमालेमा लामो समय बिताएकाले आवश्यक परेमा पुनः एमालेको राजनीतिबाट सक्रिय हुनुपर्ने अवस्था आउन सक्छ।' उनले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन सक्रिय राजनीतिमा आउन लागेकोमा खुसी व्यक्त गर्दै शुभकामनासमेत दिएकी थिइन्।

सरकारी दमक...

पृष्ठ १ बाट क्रमशः

एनआइसियू सेवासमेत छ। मेयर थापा सञ्चालक रहेको निजी अस्पतालमा आइसियू तथा एनआइसियू सेवा छैन। जीर्ण संरचनामा यो अस्पताल चलिरहेको छ।

चालू आर्थिक वर्षको तथ्यांकमा पनि सबैभन्दा बढी ॐ मेची अस्पतालमै प्रसूति गराउने बिरामी छन्। चालू आर्थिक वर्षको पुस मसान्तसम्म दमक अस्पतालले २१५ जना प्रसूति गराउने बिरामी रेफर गरेको छ। जसमा सबैभन्दा बढी ५० जना मेयर थापाको अस्पताल ॐ मेचीमा पठाएको तथ्यांकले देखाउँछ।

अस्पताल स्रोतका अनुसार गत आर्थिक वर्षमा प्रसूति गराउनेको रेफरमा केही दबाब आएको थियो। तर, यस वर्ष प्रसूति तथा स्त्रीरोग विशेषज्ञसमेत रहेका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण साहले कडाइ गर्न थालेको स्रोतले जनाएको छ। जसको परिणामस्वरूप चालू आर्थिक वर्षको ६ महिनामा ६४६ जनालाई दमक अस्पतालले नै प्रसूति गराएको छ। त्यसको आधाभन्दा कम २१५ जना मात्र रेफर गरेको छ।

दमक नगरपालिकाको स्वास्थ्य नियमावली, २०७७ ले नगरभित्र रहेका स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम, क्लिनिक, प्रयोगशाला सेवा, औषधि पसल)समेतको गुणस्तरको अनुगमनको अधिकार पालिकालाई दिएको छ। तर, दमककै मेयर रामकुमार थापा जनप्रतिनिधि मात्र होइन, आफ्नै पालिकाभित्र (वडा नम्बर ७ मा) रहेको २५ बेडको ॐ मेची हस्पिटलका सञ्चालक हुन्। उनी दमक नगरपालिकाकै स्वामित्वमा रहेको १५ बेडको दमक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पनि हुन्।

ॐ मेची अस्पताल प्रशासनका अनुसार त्यहाँ मेयर थापाको १० प्रतिशत लगानी छ। डा. निरञ्जनसिंह बोगटी ॐ मेचीका अध्यक्ष हुन्। उनी दमक अस्पतालको अध्यक्ष हुनेबित्तिकै नयाँ पत्रिका दैनिकले १८ चैत ०७९ मा निजीका सञ्चालक भएका कारण स्वार्थको द्वन्द्व हुन सक्ने भन्दै समाचार प्रकाशन गरेको थियो। पछिल्लो आर्थिक वर्षको तथ्यांकले मेयर थापाको पनि स्वार्थको द्वन्द्वलाई पुष्टि गरेको छ। नेपालमा स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी छुट्टै कानुन त छैन। यद्यपि, सुशासन व्यवस्थापन ऐन, २०६३ को दफा १८ ले '...निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्ने गरी स्वार्थ बाभिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन' भनिएको छ। मेयर थापाले अस्पतालको अध्यक्ष बसेर बिरामी निजी अस्पतालमा पठाएको तथ्यांकले उनको कामकारबाहीमा अनियमितता देखिने पूर्वकार्यवाहक महालेखापरीक्षक सुकदेव खत्री भट्टराई बताउँछन्। 'यस्तो कामले नगर प्रमुखमाथि नैतिक प्रश्न उठ्छ। यो स्वार्थको द्वन्द्व हो। यस्ता कामले नगर प्रमुखले आफ्नो फाइदा लिन खोजेको देखिन्छ,' उनले भने, 'यो गर्न नमिल्ने काम हो। अनियमितताजन्य काम हो।'

दमक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण साहले गत आर्थिक वर्षमा विशेषज्ञ चिकित्सकले नभई अरूले पनि रेफर गर्न मिल्ने प्रणाली भएकाले धेरै बिरामी रेफर भएको बताए। उनले चालू आर्थिक वर्षदेखि विशेषज्ञ चिकित्सकले मात्र रेफर गर्ने प्रणाली विकास गरेका कारण कम रेफर भएको बताए। 'गत आर्थिक वर्षमा जसले पनि रेफर गर्न मिल्थ्यो। विशेषज्ञलाई नदेखाई रेफर गर्दा लुप होल धेरै थिए। यस वर्षदेखि हामीले विशेषज्ञले मात्र गर्ने प्रणाली विकास गरेका छौँ। अघिल्लो वर्ष प्रसूति तथा स्त्रीरोग विशेषज्ञ म मात्र थिएँ। अहिले दुईजना छौँ। बेड संख्या पनि बढाएका छौँ,' उनले भने, 'ॐ मेचीमा चाहिँ पुराना प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. शंकरप्रसाद हुजदार भएकाले पनि जान खोज्छन्। पहिला रेफर मागेपछि दिने चलनले गर्दा धेरै गएको हुन सक्छ।'

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले भने आफ्नो निजी अस्पतालमा बिरामी पठाउन दबाब नदिएको दाबी गरे। बिरामीलाई रेफर गर्ने विषयमा आफूलाई जानकारीसमेत नहुने उनको भनाइ छ। 'ॐ मेचीमा कुरा आएको छ, त्यो गलत हो। बिरामी आफैँ रेफर माग्न आएपछि मात्रै रेफर दिइन्छ,' उनले भने, 'हुन सक्नेसम्म यहीँ (दमक अस्पताल) गर्नुहोस् भन्ने हो। रेफरको कुरा मलाई जानकारीसम्म हुँदैन।'

सत्तारूढ दलका...

पृष्ठ १ बाट क्रमशः

'गाडीसँगै चालक, इन्धन, मोबिल दिनुपर्छ। बिग्रेपछि मर्मत पनि गर्नुपर्ला,' उनले भने, 'यसले प्रदेशलाई आर्थिक भार बढ्ने भएकाले पदाधिकारीलाई गाडी सुविधा दिन आवश्यक हो/होइन पुनः अध्ययन गरेर पठाउन भनेका छौँ।'

आन्तरिक मामिलाले भने फेरि आर्थिक मामिलामा फाइल पठाउने तयारी गरेको छ। 'सुविधा पाउने गरी ऐन संशोधन गर्न राजनीतिक दबाव चर्को छ, ऐन संशोधनमा पुनः सहमति माग्ने कुरा भइरहेको छ,' आन्तरिक मामिलाका एक अधिकारीले भने। उनका अनुसार सरकारमा रहेका सबै दलका नेतालाई गाडी सुविधा दिने व्यवस्था संघ र अन्य प्रदेशमा छैन।

प्रमुख प्रतिपक्षी माओवादी संसदीय दलका उपनेता अक्कलबहादुर रावलले गाडी सुविधा पाउने पदाधिकारी बढाउने विषयमा आफ्नो पार्टीको असहमति रहने बताए। सरकार विकास निर्माणका काममा भन्दा पनि आफ्नो सेवासुविधा बढाउन र राजनीतिक नियुक्तिमा केन्द्रित रहेको उनको आरोप छ। 'सरकारमा रहेका सबै दलका नेतालाई गाडी सुविधा दिने कुरा स्वीकार्य हुँदैन। यसले जनतामा पनि गलत सन्देश जान्छ,' रावलले भने, 'सरकारले सुविधा थप्ने गरी ऐन संशोधन गरे सदनमा विरोध गर्छौं।'

आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले भने ऐनमा केही शब्दमा फरक परेकाले संशोधन गर्न लागिएको दाबी गरे। 'पदाधिकारीमा दलको र दलका भन्ने शब्दमा फरक परेकाले संशोधन गर्न लागिएको हो,' उनले भने। मन्त्री सार्कीले यसबारे थप कुरा गर्न चाहेनन्। सुदूरपश्चिममा कांग्रेस, एमाले र नागरिक उन्मुक्ति सम्मिलित गठबन्धन सरकार छ।

प्रदेश सभाका पदाधिकारीको सेवासुविधासम्बन्धी ऐनअनुसार सभामुख, उपसभामुख, विपक्षी दलका नेता, विपक्षी दलका प्रमुख सचेतक, संसदीय समितिका सभापति र सत्तापक्षको प्रमुख सचेतकले प्रदेश सभाबाट गाडी सुविधा लिइरहेका छन्।

ऐनमा व्यवस्था नभए पनि सत्तामा पहुँचका आधारमा पूर्वमुख्यमन्त्री एवं एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले प्रदेश सरकारबाट गाडी सुविधा लिँदै आएका छन्। उनले आन्तरिक मामिला मन्त्रालयले विशिष्ट व्यक्तिका लागि खरिद गरेको गाडी प्रयोग गरेका हुन्।

महाकुम्भमा...

पृष्ठ १ बाट क्रमशः

गरेर ९० घाइतेहरूलाई अस्पताल पुर्‍यायो। दुर्भाग्यवश, तीमध्ये ३० जना भक्तहरूको मृत्यु भएको छ।'

घटनामा नेपाली नागरिक परेको जानकारी नआएको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ। 'अहिलेसम्म नेपाली नागरिक परेको विषयमा हामीलाई जानकारी छैन,' नेपाली राजदूतावासका काउन्सिलर एसएसपी सञ्जीव शर्मा दासले नयाँ पत्रिकासँग भने।

उत्तरप्रदेश प्रशासनले बुधबार १० करोडभन्दा बढी भक्तजनको उपस्थिति अनुमान गरेर सुरक्षा व्यवस्था बढाएको थियो। 'अखाडा मार्गमा रहेको ब्यारिकेड भत्केपछि भिडले बिहान १ देखि २ बजेको बिचमा अर्कोतर्फ लाग्ने क्रममा दुःखद घटना भयो,' डिआइजी कृष्णले भने।

घटनाको छानबिनका लागि उत्तरप्रदेश सरकारले न्यायाधीश हर्ष कुमार, पूर्वडिजी बिके गुप्ता र सेवानिवृत्त आइएएस डिके सिंह सम्मिलित तीनसदस्यीय न्यायिक आयोग गठन गरेको छ। भारतका विपक्षी दलहरूले भाजपा नेतृत्वको सरकारको अव्यवस्थाका कारण घटना भएको भन्दै आलोचना गरेका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गरेका छन्। उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पीडित परिवारलाई २५ लाख रुपैयाँ क्षतिपूर्तिको घोषणा गरेका छन्।

मिनी संसद्का...

पृष्ठ १ बाट क्रमशः

सचिवालयका कर्मचारीहरूको बुझाइ छ। सरोकारवालाका अनुसार सभापतिको नेतृत्व क्षमता र सांसदहरूको अराजकताले संसदीय समितिहरूको प्रभावकारितामा प्रतिकूल असर पारेको छ र निर्देशनहरू कार्यान्वयन हुन सकेका छैनन्। यसले संसदीय निगरानीदेखि विधायिकी कार्यसम्म प्रभावित भएको उनीहरूको भनाइ छ।

कानुन समितिका पूर्वसभापति कृष्णभक्त पोखरेलका अनुसार 'मिनी संसद्'को सभापति पार्टीभन्दा माथि उठेर तटस्थ र सक्षम हुनुपर्छ। उनले सभापतिहरूले विषयवस्तुको राम्रो जानकारी राख्नुपर्नेमा जोड दिन्छन्। 'सभापतिले कुन विषय छलफलको हो र कुन होइन भन्ने स्पष्टता राख्न सकेन भने समितिको कार्यसम्पादन कमजोर हुन्छ,' उनले भने। पोखरेल सभापतिको भूमिका केवल राज्यमन्त्रीसरहको सुविधा र गाडी चढ्न सीमित हुन नहुने बताउँछन्।

लेखा समितिका पूर्वसभापति हृदयेश त्रिपाठी समग्र संसद् नै प्रभावहीनताको अवस्था रहेको बताउँछन्। 'कुनै पनि दलको सुविधाजनक बहुमत भएपछि सरकार संसद्प्रति उदासीन हुन्छ। संसद्लाई रबरस्ट्याम्प बनाउने पहिलेदेखिको परम्परा हो। अहिले दुईतिहाइनजिकको सरकारले पनि संसद्लाई खासै महत्त्व दिएको देखिँदैन,' उनी भन्छन्।

यो प्रणालीमा सरकारको बनावटले संसद्को प्रभावकारिता वा प्रभावहीनता निर्धारण गर्ने भन्दै त्रिपाठी त्यसैको असर संसदीय समितिमा पनि परेको ठान्छन्। 'भागबन्डाले सभापति हुनुभएको छ। त्यो पनि तत्कालीन अवस्थामा मन्त्री दिन नसकेको व्यक्तिलाई पालो दिऊँ भनेर भागमा पारिएको असर नेतृत्व क्षमतामा देखियो,' उनी भन्छन्, 'सांसदहरूले आफ्नो समाज वा निर्वाचन क्षेत्रमा व्यहोरेको प्रश्नलाई अलि बढी उठाउन खोज्छन्। तर, सभापतिले त्यसको म्यानेज गर्न नसकेकाले तिक्तता देखिन्छन्।'

संसद् सचिवालयका पूर्वसचिव मुकुन्द शर्मा सभापतिहरूमा नेतृत्व क्षमताको अभाव खड्किएको बताउँछन्। 'सभापति भनेको समितिको नेतृत्वकर्ता हो। उसले समन्वय, सहकार्य र सहअस्तित्वमा काम गर्नुपर्ने हो। त्यो कुरा पछिल्लो समय देखिएन,' उनी भन्छन्, 'सदस्यहरूले चित्त नबुझेका कुराहरू सभापतिमार्फत समितिमा राख्ने स्वाभाविक हो। निराकरण गर्न सभापतिहरूले अलि बढी सुझबुझ रूपमा भूमिका खेल्नुपर्छ। त्यो नदेखिएकाले समितिहरू प्रभावकारी भएनन्।'

समितिको प्रभावकारी अभिवृद्धि गर्ने कुरामा सदस्यहरूको सभापतिसँग मतभेद हुनुलाई शर्मा राम्रो अभ्यास मान्दैनन्। 'सदस्यहरूले समिति प्रभावकारी बनाउनुपर्छ भन्दा त सभापतिलाई नै झन् धेरै बल पुग्नुपर्ने हो। तर, त्यस्तो कुरामा एक-आपसमा पँधेरामा पानी लिन गएका व्यक्ति बाझाबाझ गरेजस्तै नेतृत्वकर्ता र सदस्यबिच बाझाबाझ शोभनीय भएन। यसले संसदीय मूल्य, मान्यता र गरिमालाई अगाडि बढाउन मद्दत पुर्‍याउँदैन,' उनले भने। पूर्वसचिव शर्मा समितिको एजेन्डा पारदर्शी रूपमा तर्जुमा गर्दा यो समस्या निराकरण हुन सक्ने बताउँछन्।

संसदीय समितिहरूमा भइरहेका पछिल्ला घटनाक्रम नजिकबाट नियालिरहेका संसद् सचिवालयका एक पदाधिकारी भन्छन्, 'समिति बैठक अलि बढी अनौपचारिक चल्छन्। सांसदहरूले थुप्रै विषय राख्छन्। तर, सभापतिहरूले संयमित भएर ह्यान्डिल गर्दा समस्या हुँदैन,' उनी भन्छन्।

कोही पार्टीबाट माथि नउठ्ने र कसैको झोक्किने बानीका कारण पनि समस्या पुनरावृत्ति भएको उनको धारणा छ। 'सभापतिले कामकारबाहीलाई सके सहमतिमा लाने हो। नसके बहुमतीय प्रक्रियाबाट निर्णयमा पुग्ने हो। झम्टिने होइन,' उनी भन्छन्।

पोखरेलले आफ्नो क्षेत्रभित्रको समग्र निगरानीको लागि सभापतिले नै योजनाबद्ध ढंगबाट थुप्रै बिजनेस सिर्जना गर्नुपर्ने सुझाव दिन्छन्। हिरोइजम र सेलेब्रिटी बन्ने तथा तथ्यपरक हुन नपर्नेजस्ता ट्रेन्डको प्रतिबिम्ब सांसदमा पनि देखिएको उनको भनाइ छ। '०४८ देखि विकसित संसदीय प्रणालीमा अब पनि सिक्ने चरणमा छौँ भने जसरी कमजोरीहरू दोहोरिनु शोभनीय छैन,' उनी भन्छन्। शर्माका अनुसार समितिमा विवाद हुँदा निर्देशन कार्यान्वयनमा समस्या देखिन्छ। 'समितिमा द्वन्द्व हुँदा दिएको निर्देशन कार्यान्वयन हुँदैन। किनभने कार्यान्वयन गर्ने निकायले आफैँ भिडेका छन्, नगरे पनि हुन्छ भन्ने रूपमा लिन्छ,' उनी भन्छन्।

त्रिपाठीले यस्ता विवादले संसदीय प्रणालीप्रति उदासीनता बढाउन मद्दत गरिरहेको बताउँछन्, 'किनभने संसद् संसदीय व्यवस्थाको आत्मा हो। आत्मा नै कमजोर भएर गएपछि दीर्घकालीन असर हुन्छ,' उनी भन्छन्, 'संसद् कमजोर भयो भने सडक बलियो हुन जान्छ। सडक गैरजिम्मेवारको हात पर्‍यो भने अराजकता हुन जान्छ।'

एमाले प्रमुख सचेतक महेश बर्तौलाले समितिमा सभापतिहरू बाझ्न जानु गम्भीर भएको टिप्पणी गरे। 'संसदीय समितिहरूमा पछिल्लो समय सवालजवाफ र भिडन्तजस्तो गर्ने अवस्था छ। सभापतिलाई व्यक्तिगत लाञ्छना लगाउने गरेको पनि देखिन्छ,' उनी भन्छन्, 'कतिपय अवस्थामा सभापतिजीहरूले तत्काल प्रतिक्रिया दिइहाल्ने अवस्था भएको छ।'

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले बाझाबाझ सामान्य भएको बताए। 'संसदीय प्रणालीमा अलि-अलि नोकझोक भइहाल्छ। अरू देशको अभ्यासमा पनि यो छ। सामान्य नै हो,' उनले भने।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सरकारले संसद्लाई बेवास्ता गरेजस्तै गरेर सत्तापक्षीय सभापतिहरू चलेको बताए। 'जहाँ-जहाँ सत्तापक्षका सभापति हुनुहुन्छ, त्यहाँ आफूखुसी भइरहेको छ,' उनले भने, 'प्रतिपक्षी सन्तुलित भइरहेका छौँ। सत्तापक्ष भएपछि धम्क्याउने खालका शब्द छन्।'

निरीह सांसद

कतै सदस्यप्रति सभापति आक्रामक छन् भने केही समितिको अवस्था फरक छ। सभापति निरीह देखिन्छन्। ९ माघमा बसेको पूर्वाधार विकास समिति बैठकको कार्यसूची जलस्रोत विधेयकमा छलफल गर्ने थियो। तर, विवादित ऊर्जामन्त्रीको होटेलमा छलफल गरेको विषय सार्वजनिक भएपछि सत्तापक्षीय सांसदले सभापतिलाई भनेर कार्यसूची नै फेर्न लगाए। जानकारी नदिई कार्यसूची फेरेको भन्दै विपक्षी सांसदले समितिमै प्रश्न उठाए। ऊर्जामन्त्री दीपक खड्काको होटेलमा जलस्रोत विधेयकमा छलफल राखिएको विषयमा सत्ता र प्रतिपक्षी सांसद आमनेसामने भए। सभापति रमिते बने। विधेयकमा छलफल अगाडि बढाउनुपर्ने समितिलाई विषयबाहिर लैजाने काम सभापति दीपकबहादुर सिंहले नै गरे। जलविद्युत् आयोजना ठेक्कासम्बन्धी एकपछि अर्को विवादमा मुछिएका मन्त्रीलाई बोलाएर स्पष्टीकरण सोध्नुपर्नेमा उनकै होटेलमा गएर उनकै अनुरोधमा विधेयकमा छलफल राखेकामा सदस्यहरूले प्रश्न उठाउँदा सभापति सिंहले मन्त्रालयको अनुरोधमा छलफल राखिएको लाचार जवाफ दिएका थिए।

८ माघमा सदस्यलाई उजुरी वितरण गर्न लेखा समिति बैठकमा उजुरी त वितरण पनि गरियो। तर, सभापति पोखरेल सत्तापक्षको भएकाले समिति सरकारको लाचार छायाजस्तो बनेको सांसदहरूको टिप्पणीपछि तनावग्रस्त बन्यो। विपक्षीले समिति सभापतिमाथि परिवार र स्वकीयसँग जोडिए नैतिक प्रश्न पनि उठेकाले मार्गप्रशस्त गर्नुपर्ने माग राखे। विपक्षीले सभापति पाउनुपर्ने माग गर्दा सत्तापक्षले यो विषय अब नउठाउन धम्की दिए। एमालेका तारा लामा तामाङ र माओवादीका राजन दाहालबिच चर्काचर्की पर्‍यो। एमालेका योगेश भट्टराईले विवाद बढ्ने गरी बोलेपछि माओवादीका अमनलाल मोदीले समितिमा धम्काउने काम नगर्न चेतावनी दिए। सत्तापक्षबाट धम्क्याउँदा सभापति रमिते बनेको पनि मोदीले प्रश्न उठाए। राजनीतिक विषयमा आफू नबोल्ने भनेर सभापति पोखरेल पन्छिए। समिति विषयवस्तुभन्दा वादविवादमा रुमलिँदा सभापति मौन बसे। बैठक सभापतिको नियन्त्रणबाहिर गयो।

कोरम नपुगेर...

पृष्ठ १ बाट क्रमशः

र राज्यमन्त्री बसिरहँदा १० जना पुगेका थिए। मन्त्री आएको केही समयमै कांग्रेस सांसद राजेन्द्र बजगाईं हिँडे। त्यसभन्दा पहिले नै कांग्रेसकी कल्पना चौधरी हाजिर गरेर हिँडेकी थिइन्।

कांग्रेसका सांसद नदेखेपछि सभापति सिंहले शंकर भण्डारीलाई फोन गरेका थिए। सहिद दिवस मनाउन जिल्ला पुगेका भण्डारीले 'आज हाम्रा सांसदले भ्याउँदैनन्, बैठक सारिदिनुस्' भनेर अनुरोध गरेका थिए। त्यतिन्जेल एमालेकी निर्मला कोइराला र नागरिक उन्मुक्तिका लालवीर चौधरी आइपुगे।

समितिको हाजिर पुस्तिकामा हाजिर गर्ने १२ जना पुगे। तर, कांग्रेसका दुईजना निस्किसकेका थिए। सभापति सिंहले रास्वपा सचेतक निशा डाँगीलाई फोन गरे। संसदीय दलको बैठक चलिरहेकाले 'उपस्थित हुन नसक्ने' बताइन्। त्यसपछि बैठकमा सत्तारूढ कांग्रेसको अनुपस्थितिमा मन्त्रीविरुद्धको उजुरीमा छलफल गर्नु मनासिब नहुने भन्दै स्थगित गरिएको थियो।

समिति सचिवालयका अनुसार बैठकमा कांग्रेसका राजेन्द्र बजगाईं र कल्पना चौधरी, एमालेका ठाकुर गैरे, गोकर्ण विष्ट, प्रेमराज महर्जन, दयालबहादुर शाही, निर्मला कोइराला, माओवादीका माधव सापकोटा, राप्रपाका दीपक सिंह (सभापति), विना लामा, जसपाकी सुशीला श्रेष्ठ र नागरिक उन्मुक्तिका लालवीर चौधरी उपस्थित थिए।

मुगु कर्णाली र किमाथांका अरुण गरी दुईवटा परियोजना निजी क्षेत्रलाई दिने ऊर्जा मन्त्रालयको गृहकार्यविरुद्ध समितिमा उजुरी परेको छ। उजुरीबारे मन्त्रालयको आधिकारिक धारणा माग गरिएको बैठकमा कांग्रेस सांसद अनुपस्थित हुनुलाई विपक्षी दलले भने शंकाको दृष्टिले हेरेका छन्।

माओवादी सांसद माधव सापकोटाले समितिमा बहुमत भएको कांग्रेसका सांसद उपस्थित नहुनु संयोग मात्रै नभएको बताए। 'कोरम संख्यात्मक हिसाबले पुग्थ्यो। कांग्रेसका तर्फबाट बहुसंख्यक र जिम्मेवार सांसदहरूको अनुपस्थिति भयो। आउने भनेका कांग्रेस सांसदको संख्या बहुमत थियो,' उनले भने, 'तर, बैठकमा उपस्थित हुनुभएन। यो अनुपस्थिति संयोग मात्र होइन।'

कांग्रेसका एक सांसदका अनुसार आफ्नै पार्टीका ऊर्जामन्त्रीमाथि प्रश्न गर्ने गरी बोलाइएको बैठकमा नजाने रणनीति बनेको थियो। केही उपस्थित हुन जाने र हाजिर लगाएर निस्किने र कोरम नपुर्‍याउने रणनीतिअनुसार काम भएको ती सांसदले बताए।

तर, समितिमा रहेका कांग्रेस सांसद शंकर भण्डारीले आफू राष्ट्रपति आउने कार्यक्रम भएकाले जिल्ला पुगेको र अरूको हकमा आफूलाई जानकारी नभएको बताए। 'कांग्रेसले कोरम पुर्‍याएन भन्न मिल्दैन। २५ सदस्यीय समितिमा आठजना कांग्रेसका छन्। बाँकी १७ जना किन गएनन् ? उहाँहरू गए कोरम पुगिहाल्थ्यो,' उनले भने, 'म राष्ट्रपतिको कार्यक्रम परेकाले तनहुँ आएको छु। अरू माननीय किन जानुभएन, मलाई जानकारी भएन।'

२५ सदस्यीय समितिमा कांग्रेसका आठ, एमालेका सात, माओवादीका तीन, रास्वपा र राप्रपाका दुई-दुई, जनमत, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति र जसपाका एक-एक सांसद सदस्य छन्। कांग्रेसबाट कल्पना चौधरी, दिनेशकुमार यादव, प्रतिमा गौतम, खमबहादुर गर्बुजा, मैना कार्की, राजेन्द्र बजगाईं, शंकर भण्डारी, सीता गुरुङ सदस्य छन्।

एमालेबाट गोकर्णराज विष्ट, ठाकुरप्रसाद गैरे, दयालबहादुर शाही, निर्मला कोइराला, प्रेमबहादुर महर्जन, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत छन्। माओवादीबाट माधव सापकोटा, शक्तिबहादुर बस्नेत, उर्मिला माझी सदस्य छन्।

रास्वपाबाट निशा डाँगी, शिव नेपाली र राप्रपाबाट सभापति दीपकबहादुर सिंह, विना लामा छन्। जनमतबाट चन्द्रकान्त राउत, एकीकृत समाजवादीबाट प्रकाश ज्वाला, नागरिक उन्मुक्तिबाट लालवीर चौधरी, जसपाबाट सुशीला श्रेष्ठ सदस्य छन्।

मन्त्रीविरुद्ध परेको उजुरी

ऊर्जामन्त्री खड्काविरुद्ध ललिन्द्र राईले समितिमा उजुरी दिएका छन्। उजुरीमा जलविद्युत् उत्पादन विकास कम्पनी लिमिटेडले हालसालै निकालेको एउटा सूचना र त्यो सूचना निकाल्नुपूर्वको कथित कानुनी पूर्वाधारको रूपमा जारी लगानी साझेदारी गर्नेसम्बन्धी कार्यविधि २०८१ हास्यास्पद र सेटिङको ह्वास्स गन्ध आउने रहेको उल्लेख छ। उक्त कार्यविधिको आधारमा किमाथांकाका अरुण जलविद्युत् आयोजना अर्धजलाशययुक्त ४५४ मेगावाट र मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना १९०२ मेगावाटका लागि सार्वजनिक-निजी साझेदारी ढाँचामा लगानीको आह्वान गरेको उजुरीमा छ। उजुरीमा सार्वभौम जनताको प्रतिनिधिको हैसियतमा शीघ्र छानबिन गरी आवश्यक कारबारी अगाडि बढाउन अनुरोध गरिएको छ। उजुरीको टुंगो नलागेसम्म वित्तीय लगानी आह्वानको आशयपत्र पेस गर्नेसम्बन्धी सूचनाको सम्पूर्ण कारबाही स्थगित गर्न पनि उजुरीकर्ताले माग गरेका छन्।

महासंघसहित...

पृष्ठ १ बाट क्रमशः

यस्तै, प्रेस सेन्टरले सामाजिक सञ्जाल नियमन गर्ने नाममा नागरिकको स्वतन्त्रता र संविधानप्रदत्त प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको दाबी गरेको छ। मन्त्रिपरिषद्ले पारित गरेको निर्णय झन्डै एक साता गोप्य राखिनुले नियतजन्य ढंगले नागरिकको अधिकारमाथि अंकुश लगाउन खोजेको तथा थप निरंकुशतातर्फ जान खोजेको पुष्टि हुने सेन्टरले बताएको छ।


फौजदारी अभियोग आकर्षित हुने गरी गम्भीर र सन्देहपूर्ण रहेको सेन्टरको ठहर छ। 'जनयुद्ध र जनआन्दोलनमार्फत हजारौँको बलिदानबाट प्राप्त संविधानप्रदत्त प्रेस स्वतन्त्रताको हकको दायरासमेत खुम्चिने गरी तथा संविधानको भावना र मर्मविपरीत हुने गरी प्रस्ताव गरिएको यो विधेयक तत्काल फिर्ता गरी पुनरावलोकन गर्न तथा जनतालाई भयको वातावरण सिर्जना नगर्न प्रेस सेन्टर जोडदार माग गर्दछ। अन्यथा आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिन चाहन्छौँ,' प्रेस सेन्टरका महासचिव सन्तोष पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, समाजवादी प्रेस संगठन नेपालले 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' फिर्ता लिन सरकारसँग माग गरेको छ। विधेयकका केही प्रावधानप्रति आपत्ति जनाउँदै संगठनले सरोकारवाला निकायसँग छलफलसमेत नगरी सरकारले आफ्नो कमजोरी ढाकछोप गर्न प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतमा आघात पार्ने प्रावधान समावेश गरी विधेयक अघि बढाएकोमा भर्त्सना गरेको छ।

सामाजिक सञ्जाल नियमनका नाममा कैद र जरिवानाको त्रास देखाएर सरकार आफ्नो अक्षमतामाथि आलोचना हुने डरले हदैसम्म असहिष्णु हुन खोजेको संगठनको ठहर छ। 'सत्तालाई मन लागेको वेलामा प्रेसका कार्यालयमा प्रहरी पुग्ने बाटो विधेयकमा खुला गरिएको छ। पत्रकारलाई समाचार लेखेबापत जेल पठाउन खोज्ने हर्कत हाम्रो संगठनलाई मान्य छैन। सामाजिक सञ्जाल नियमन गर्ने नभई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक नियन्त्रण गर्ने सरकारी रवैया निन्दनीय छ,' संगठनका कार्यवाहक अध्यक्ष नवराज छत्कुलीले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ, 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्राताविरोधी कुनै पनि कानुन संगठनलाई स्वीकार्य छैन। हामी उक्त विधेयक तत्काल फिर्ता लिन जोडदार माग गर्दछौँ। अन्यथा संगठन आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिन चाहन्छौँ।'

कांग्रेस महामन्त्री शर्मा बोले- अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने विधेयक स्वीकार्य हुँदैन

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने गरी सरकारले प्रस्ताव गरेको सामाजिक सञ्जाल नियन्त्रणसम्बन्धी विधेयक अस्वीकार्य हुने बताएका छन्। विचार र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक मौलिक हक नै कुण्ठित हुने गरी सरकारले ल्याएको विधेयकको चौतर्फी विरोध भइरहँदा सत्तारूढ कांग्रेसका अधिकांश नेताहरू मौन र केही प्रतिरक्षामा देखिएका वेला शर्मा विपक्षमा उभिएका हुन्। तत्कालीन केपी ओली नेतृत्वकै सरकारका पालामा संसद् विघटनको अवस्थामा 'सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका' ल्याउँदा ३ फागुन ०७७ मा त्यति वेला कांग्रेस प्रवक्ता रहेका शर्माले विज्ञप्ति नै निकालेर आपत्ति जनाएको विषयलाई बुधबार नयाँ पत्रिकाले स्मरण गराएको थियो।




बिहीबार सामाजिक सञ्जाल एक्समा महामन्त्री शर्माले लेखेका छन्, 'प्रवक्ता छँदा बोकेको दृष्टि, महामन्त्री हुँदा बदलिन्न। देश ढुक्क रहोस्- दृष्टि बदलिन्न, विधेयक बदलिन्छ। सामाजिक सञ्जाल मर्यादित बनाउन सत्ता-प्रतिपक्ष, अन्य दल, सरोकारवाला र नागरिकपंक्तिबिच गहन संवाद जरुरी छ। अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने हदसम्म विधेयक ठाडै अस्वीकार्य छ।'

ओली सरकारले ०७७ मा 'सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका' ल्याउँदा कांग्रेसले संसद्मा विचाराधीन विवादास्पद सूचना प्रविधि विधेयकलाई नयाँ स्वरूपमा ब्युँताउन खोजिएको भन्दै आपत्ति जनाएको थियो। प्रवक्ता रहेका शर्माले जारी गरेको विज्ञप्तिमा भनिएको थियो, 'बृहत्तर विमर्शबेगर, संसद् विघटन भएको समयमा निर्देशिकामार्फत जारी गर्नेतर्फ लाग्नुले सरकारको नियतमाथि गम्भीर प्रश्न उब्जिएको छ। कामचलाउ सरकारले नागरिक अधिकारलाई प्रभावित गर्ने गरी कुनै पनि कार्यकारी आदेशबाट निर्देशिकाहरू जारी गर्न हुँदैन, मिल्दैन, पाइँदैन। सामाजिक सञ्जालमा व्यक्त मतलाई सरकारी आवेगले कारबाहीको दायरामा बाँध्ने तयारी अधिनायकवादतर्फको एक अर्को फड्कोको तयारी हो।'

त्यसअघि ओली सरकारकै पालामा 'सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' ०७६ मा संसदीय समितिबाट पारित भएपछि कांग्रेस चर्को विरोधमा उत्रिएको थियो। प्रमुख प्रतिपक्षीको हैसियतमा कांग्रेसले त्यसलाई नियन्त्रणमुखी विधेयक भन्दै ६ पृष्ठ लामो फरक मत नै राखेको थियो। संसद्मा विधेयक पेस भएलगत्तै कांग्रेस संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाणले १६ पुस ०७६ मा विज्ञप्ति जारी गरेर 'कुनै पनि बहानामा आमनागरिकका स्वतन्त्रता र अधिकार कुण्ठित गर्ने र संविधानको प्रतिकूल ऐन-नियम बनाउने सरकारको कदमप्रति नेपाली कांग्रेस संसदीय दल विरोध गर्दछ,' उल्लेख गरेका थिए।

■ काठमाडौं उपत्यकामा अव्यवस्थित बस्ती विकास

अवैध कित्ताकाट र प्लटिङको सिफारिस नगर्न उपत्यकाका स्थानीय तहलाई पत्राचार



■ **सुभाष बस्नेत**, जिल्ला आयुक्त, काठमाडौं उपत्यका विकास प्राधिकरण



कुनै पनि जग्गामा प्लटिङ गर्दा, भवन बनाउँदा प्राधिकरणबाट योजना अनुमति लिनुपर्छ। तर, बैंक, होटेल, अस्पताललगायतका संरचना बनाउँदासमेत योजना अनुमति नलिएको देखिएको छ। योजना अनुमति नलिएका अवैध प्लटिङ र संरचनामा बैंकले पनि लगानी गर्न मिल्दैन। यस्तो कार्यबाट लगानीसमेत जोखिममा पर्न सक्छ।

■ **प्राधिकरणको पत्रपछि मालपोत र नापीको काम प्रभावित**

प्राधिकरणको पत्राचारपछि मालपोत र नापीबाट भइरहेका नियमित कित्ताकाटसमेत प्रभावित भएपछि सोमबार भूमि व्यवस्था मन्त्रालयमा यसबारे छलफलसमेत भएको छ। भूमिसुधारसचिवको अध्यक्षतामा प्राधिकरण, नापी र मालपोत विभागका प्रतिनिधिसहित बसेको बैठकले प्राधिकरणको पत्रले मालपोत र नापीबाट भइरहेका नियमित कित्ताकाटसमेत प्रभावित भएकाले प्राधिकरणको बैठकमा पुनः छलफल गरी मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

अवैध कित्ताकाट र प्लटिङको सिफारिस नगर्न उपत्यकाका २० स्थानीय तहलाई काठमाडौं उपत्यका विकास प्राधिकरणले पत्राचार गरेको छ। स्वीकृति नलिई अवैध कित्ताकाट गरे कारबाही गर्ने प्राधिकरणको चेतावनी छ।

मापदण्डविपरीत जग्गा प्लटिङ तथा कित्ताकाट नगर्न/नगराउन भन्दै प्राधिकरणले गत पुस मसान्तमा उपत्यकाका दुई महानगर, १८ नगरपालिका र दुई गाउँपालिकासहित २५० भन्दा बढी वडामा पत्राचार गरेको हो। काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, नियमावली र बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी मापदण्डको प्रतिकूल हुने गरी कित्ताकाट र प्लटिङ सिफारिस नगर्न प्राधिकरणले स्थानीय तहहरूलाई अनुरोध गरेको छ। प्राधिकरणले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सहरी विकास मन्त्रालयसमेतलाई यसको बोधार्थ दिएको छ।

बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को १३ (६)(१) र १३(६)(५) मा योजना अनुमति दिँदा योजना प्रस्ताव गरिएको कुल जग्गाको कम्तीमा १५ प्रतिशत बाटोका लागि र कम्तीमा पाँच प्रतिशत खुला क्षेत्र छुट्याइएको हुनुपर्ने व्यवस्था छ। तर, यो मापदण्ड पालना नभएको बताइन्छ।

प्राधिकरणको मौन स्वीकृति र स्थानीय तहले लत्तो छाडे

व्यवस्थित बस्ती विकास र योजनाबद्ध सहरीकरण निर्माणको जिम्मेवारी पाएको उपत्यका विकास प्राधिकरणकै हेलचेक्र्याइँले काठमाडौं उपत्यका कुरूप बनेको छ। कानुनी व्यवस्थाको परिपालना गरी कडाइका साथ नियमन गर्नुपर्ने प्राधिकरणले खुकुलो गरिदिँदा अव्यवस्था मौलाएर गएको छ। आफ्नो मूल जिम्मेवारीबाट च्युत भएर प्राधिकरण पछिल्लो समय टोलका साना योजना र ठेक्कापट्टामा रमाएको छ। सम्बन्धित क्षेत्रको विकास र व्यवस्थाको जिम्मेवारी स्थानीय सरकारको पनि हो। तर, स्थानीय तहहरूले समेत योजनाबद्ध बस्ती विकासमा लत्तो छाडिदिएका छन्। यसैको फाइदा उठाएर उपत्यकामा जथाभावी जग्गा प्लटिङ र संरचना निर्माण भइरहेका छन्। प्राधिकरणका कानुन अधिकृत घनश्याम पौडेल स्थानीय तहले अवैध कित्ताकाट र बस्ती योजनालाई प्रवर्द्धन गरेको तथा यसमा नापी र मालपोतको पनि मिलेमतो रहेको बताउँछन्।

व्यवस्थित बस्ती योजना र नियमनको अभावमा काठमाडौं उपत्यकाको स्वरूप कुरूप बनेकाले अवैध कित्ताकाट र प्लटिङ रोक्न खोजिएको प्राधिकरणको दाबी छ। जथाभावी जग्गा प्लटिङ र त्यसमाथि बनेका मनलाग्दी व्यावसायिक एवं आवासीय संरचनाले सहरी सौन्दर्यमा असर गरेको र प्राकृतिक विपत्ति पनि निम्त्याएको प्राधिकरणको भनाइ छ। अवैध रूपमा कुनै व्यक्ति, संस्था, डेभलपर्स कम्पनीबाट प्लटिङ गरेको पाइए उसलाई कारबाहीको दायरामा ल्याउने प्राधिकरणको तयारी छ।

प्राधिकरणका जिल्ला आयुक्त सुभाष बस्नेतका अनुसार हालसम्म न्यून संख्याका अपार्टमेन्ट, होटेल, सामूहिक आवास र सामुदायिक अस्पताललगायतले मात्र प्राधिकरणबाट योजना अनुमति लिएका छन्। 'कुनै पनि जग्गामा प्लटिङ गर्दा, भवन बनाउँदा प्राधिकरणबाट योजना अनुमति लिनुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'तर, बैंक, होटेल, अस्पताललगायतका संरचना बनाउँदासमेत योजना अनुमति नलिएको देखिएको छ। योजना अनुमति नलिएका अवैध प्लटिङ र संरचनामा बैंकले पनि लगानी गर्न मिल्दैन। यस्तो कार्यबाट लगानीसमेत जोखिममा पर्न सक्छ।'

खुला क्षेत्र नछाडी गरिएको निर्माणले राज्यले प्राप्त गर्ने सार्वजनिक जग्गासमेत हानिनोक्सानी हुने प्राधिकरणको भनाइ छ। प्राधिकरणबाट योजना अनुमति नलिई बिक्री-वितरण गर्न राखिएका घडेरी तथा संरचना कानुनसम्मत नहुने हुँदा पछि पर्न सक्ने कानुनी झमेलाप्रति सचेत रहन पनि प्राधिकरणले सर्वसाधारणलाई अनुरोध गरेको छ।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, नियमावली र मापदण्डका व्यवस्था तथा सहरी विकास मन्त्रालयको आदेशबमोजिम सहरी बस्ती व्यवस्थापनको काम सुरु गरिएको, तर प्राविधिक जनशक्तिको अभाव रहेको उनले बताए। उनका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सहरी विकास मन्त्रालयले प्राधिकरणमा आवश्यक जनशक्ति उपलब्ध गराउने कानुनी व्यवस्था छ।

सहरी बस्ती विकास र योजनामा प्राधिकरणले काम गर्छ। कानुनले नै यसलाई स्वायत्त अधिकार दिएको छ। योजना अनुमति प्रदान गरेबापत प्राधिकरणले शुल्क लिन्छ।

ऐन, नियमावली र मापदण्डले व्यवस्था गरेविपरीत भएका अवैध प्लटिङ रोक्ने सम्बन्धमा प्राधिकरण सञ्चालक समितिले गत वर्ष निर्णय गरेको थियो। १२ माघ ०८० को बैठकबाट स्थानीय पालिका, सम्बन्धित नापी एवं मालपोत कार्यालयसमेतको सहयोगका आधारमा अनधिकृत प्लटिङ क्षेत्र यकिन गरी उक्त क्षेत्रमा संरचना निर्माण एवं कित्ताकाटमा रोक लगाई सम्बन्धित पक्षलाई योजना अनुमतिको दायराभित्र ल्याउने निर्णय गरेको थियो।

राहदानी विभागसँग एक वर्ष पुग्ने १० लाख विद्युतीय राहदानी

६४ लाख छपाइका लागि टेन्डर प्रक्रिया



नयाँ पत्रिका

राहदानी विभागले ६४ लाख नयाँ इ-पासपोर्ट (विद्युतीय राहदानी) छपाइका लागि बोलपत्र आह्वान गरेको म्याद २९ माघमा सकिँदै छ। त्यसको पाँच साताभित्र टेन्डर प्रक्रिया सम्पन्न गरेर खरिद सम्झौता गरिसक्ने विभागको तयारी छ। विभागले पासपोर्ट छपाइका लागि १३ मंसिरमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको सुरुमा समयसीमा २८ पुससम्म तोकेर पछि एक महिना थपेको थियो।

'बिचमा कुनै बाधा-अड्चन आएन भने खरिद सम्झौता सम्पन्न भएको नौ महिनाभित्र नयाँ पासपोर्ट उपलब्ध हुनेछन्,' विभागका महानिर्देशक तीर्थराज अर्यालले भने, 'अझै एक वर्षजति पुग्ने पासपोर्ट मौज्दात रहने हुनाले अभाव हुनेछैन।'

करिब १२ अर्ब रुपैयाँको पासपोर्ट छपाइको टेन्डर आह्वान गर्दा विभागले अहिले छापिरहेको आइडेमिया कम्पनीलाई फाइदा पुग्ने गरी बोलपत्रका पूर्वसर्त राखेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि संसदीय समितिसम्ममा उजुरी परेको थियो। विभागले विद्यमान कानुन र नियमको परिधिभित्र रहेर पारदर्शी र कानुनसम्मत रूपमा काम भइरहेको दाबी गरेको छ। 'हामीसँग स्पष्ट कानुन छ। आवश्यक साधन-स्रोत र अनुभव छ। त्यस आधारमा हामी युद्धस्तरमा काम गरिरहेका छौं,' महानिर्देशक अर्यालले भने, 'हामी कानुन र नियमभन्दा बाहिर गएर केही गर्ने सक्दैनौं। निष्पक्ष रूपमा टेन्डर प्रक्रिया सम्पन्न गर्छौं।'

विभागका अनुसार यसबिचमा आवेदन परेका कम्पनीहरूको प्रस्ताव ३० माघमा दिउँसो २ बजे खोलिनेछ। प्रतिस्पर्धाका लागि इच्छुक केही कम्पनीले सबैलाई खुला र नियमसंगत प्रतिस्पर्धा गर्ने अवसरका लागि अनुरोध गर्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले राहदानी विभागमा चिठी लेखेका थिए। कार्यालयले उनीहरूका जायज माग सम्बोधन गर्न विभागलाई पनि चिठी लेखेको थियो।

टेन्डर दुईवटा प्याकेजका लागि आह्वान भएको छ। पहिलोमा बुकलेट, क्वालिटी कन्ट्रोल र प्याकिङ सिस्टम तथा दोस्रोमा प्रिइनोल्मेन्ट, इनोल्मेन्ट, डाटा मेनेजमेन्ट र वितरण राखिएको छ।

०७८ मंसिरदेखि विभागले इ-पासपोर्ट वितरण सुरु गरेको थियो। हालसम्म ५१ लाख इ-पासपोर्ट छापिसकेको छ। विभागले फ्रान्सेली कम्पनी आइडिमियासँग सुरुमा २० लाख इ-पासपोर्ट छपाइका लागि सम्झौता गरेको थियो भने दुईपटक भेरिएसनका क्रममा ३१ लाख छाप्ने सम्झौता गरेको थियो। सरकारले त्यसअघि मेसिन रिडेबल पासपोर्ट (एमआरपी) ११ पुस ०६७ देखि वितरण गरेको थियो। एमआरपीभन्दा अघि नेपालमा हस्तलिखित राहदानी वितरण हुँदै आएको थियो।

संक्षेप

सहिदको बलिदानीबाट परिवर्तनका लागि काम गर्ने शौर्य प्राप्त हुन्छ : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री केपी शर्मा ओलीले सहिदहरूको बलिदानको प्रेरणाबाट परिवर्तनका लागि काम गर्ने शौर्य प्राप्त हुने बताएका छन्। राष्ट्रिय सहिद दिवस, २०८१ का अवसरमा बुधबार सिंहदरबार परिसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले राणा शासनको अन्त्यका लागि र विभिन्न कालखण्डमा लोकतन्त्रका लागि संघर्ष गरेर बलिदान दिएका महान् सहिदहरूले देशका लागि दिएको योगदान महत्त्वपूर्ण भएको बताए। प्रधानमन्त्री ओलीले सहिदहरूकै बलिदान र प्रेरणाबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ति भएको र यस प्रणालीमा सम्पूर्ण शक्तिको स्रोत सार्वभौम जनता भएको उल्लेख गरे। प्रधानमन्त्री ओलीले राजनीतिक प्रणालीमा परिवर्तन भइसकेकाले अब तानासाही शासनसत्ताको बचाउका लागि शान्तिपूर्ण आन्दोलनमा लागेकालाई हत्या गर्ने त्यस प्रकारको शृंखला अन्त्य भएको बताए।

अखिल क्रान्तिकारी अध्यक्षमा सापकोटा निर्वाचित



काठमाडौं/ माओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीको अध्यक्षमा विजयप्रकाश सापकोटा निर्वाचित भएका छन्। २३औं राष्ट्रिय सम्मेलनबाट अध्यक्षमा सापकोटा निर्वाचित भएका हुन्। अध्यक्षको प्रत्याशीमा हेमन्त राई, उपदेश यादव, सुदिन पौडेल र योगेन्द्र बुढा थिए। सापकोटाले ६८६ मत ल्याएर विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी राईले ६१५ मत ल्याएका छन्। ३२ वर्षे उमेरहद लागू भएपछि गत शनिबार नयाँ नेतृत्व चयनका लागि मतदान भएको थियो। महासचिवमा रोशन थापामगर निर्वाचित भएका छन्। उनले ५९६ मत प्राप्त गरेका छन्। थापामगर हेमन्त राई प्यानलका हुन्। महासचिवको प्रत्याशीमा तिर्सना हमाल, पदम काफ्ले, प्रतीक कार्की, शिव बस्नेत, श्याम मिजार र सञ्जीव फुयाँल पनि थिए।


तत्कालीन नेकपा माओवादीको सहरी स्पेसल फोर्स कमान्डरहरूको विशेष भेला सम्पन्न

चितवन/ तत्कालीन नेकपा माओवादी जनयुद्धको वेला सहरमा हुने फौजी कारबाहीको विशेष नेतृत्व गरेको सहरी स्पेसल फोर्स (एटिएफ)का तत्कालीन कमान्डरहरूले चितवनको सौरहामा तीनदिने दोस्रो विशेष भेला सम्पन्न गरेका छन्। भेलाले गरेका विभिन्न निर्णय विज्ञप्तिमार्फत सार्वजनिक गरेका छन्। भेलाले तत्कालीन समयमा पोखरा एटिएफको कमान्ड सम्हालेका कमान्डर अभिशेकको नेतृत्वमा सम्मेलन आयोजक समिति गठन गरेको छ। जसको समन्वय कास्कीका धीरज राना र किरण थापा अमोद, रुपन्देहीको समन्वय सुजित विक, चितवनमा लक्ष्मी ढकाल र काठमाडौं संयोजन गर्न सुरेन्द्र भुजेल अन्जानलाई जिम्मेवारी दिएको छ। सो समितिको सदस्यसचिवका रूपमा संगठनको संयोजन पत्रकार राजु छेत्रीले गर्नेछन्। 'जनयुद्धका क्रममा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरू अहिलेसम्म पनि अज्ञात अवस्थामा हुनुहुन्छ। यो भेलाले तत्कालीन जनयुद्धका क्रममा बेपत्ता पारिएका योद्धाहरूको अवस्था सार्वजनिक गर्न सरकारसँग जोडदार माग गर्दछ। साथै, टुटफुट भएर विभिन्न मोर्चा सम्हालेका माओवादी घटक सम्पूर्ण दललाई एकै ठाउँमा संगठित हुँदै समाजवादी आन्दोलनमा ऐक्यबद्धताका साथ अघि बढ्न जोडदार माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ।

खोलामा डुबेर एकको मृत्यु

सल्यान/ खोलामा डुबेर सल्यानमा एक युवकको मृत्यु भएको छ। दार्मा गाउँपालिका- ३ बाझठानाका अन्दाजी २५ वर्षीय काले पाण्डेको दार्मा खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। बिहीबार बिहान खाना खाएर कपडा धुन दार्मा खोलामा गएका उनको डुबेर मृत्यु भएको प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी तथा प्रहरी निरीक्षक बाबुराम बस्नेतले जानकारी दिए। उनका अनुसार खोलामा डुबेर मृत्यु भएको स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए।

■ व्रतालुको परदेश यात्रा



एक महिना लामो स्वस्थानी व्रतअन्तर्गत बुधबार बिहान पशुपतिनाथ मन्दिर आइपुगेका व्रतालु। शंखरापुर नगरपालिकाको शालीनदीकिनारमा बस्दै आएका उनीहरू परदेश यात्राका क्रममा पशुपतिनाथ दर्शन एवं पूजाआजा गर्न आएका हुन्। *तस्बिर : संजित परियार/नयाँ पत्रिका*

काठमाडौंमा जनप्रदर्शन गर्ने समाजवादी मोर्चाको निर्णय

काठमाडौं/ समाजवादी मोर्चाले आगामी २४ चैतमा काठमाडौंमा जनप्रदर्शन गर्ने निर्णय गरेको छ। एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको मोर्चाको बैठकले वर्तमान सरकार गणतन्त्रविरोधी देखिएको निष्कर्ष निकाल्दै जनप्रदर्शनको निर्णय गरेको हो।

मोर्चाका सचिवालय सदस्य एवं एकीकृत समाजवादीका वरिष्ठ नेता प्रमेश हमालका अनुसार २४ चैतमा काठमाडौंमा जनप्रदर्शन गर्ने निर्णय भएको छ। त्यसअघि चैत पहिलो साता मधेश प्रदेशमा जनप्रदर्शन हुनेछ। मधेशको जनप्रदर्शनको संयोजकको जिम्मा नेसपालाई दिएको छ। सातै प्रदेशमा विचार सभा गर्ने निर्णय पनि भएको छ। काठमाडौंको जनप्रदर्शनअघि सातै प्रदेशमा विचार सभा गर्ने निर्णय मोर्चाको छ।

मोर्चामा नेकपा मसालसहितका दललाई सहभागी गराउन छलफल गर्ने निर्णय पनि बैठकले गरेको छ। जसपा नेपाल र जसपालाई पनि मोर्चामा सहभागी गराउन छलफल गर्ने नेताहरूले बताएका छन्। नेपाली विशेषताको समाजवाद निर्माण गर्ने लक्ष्यसहित ४ असार ०८० मा समाजवादी मोर्चा गठन भएको थियो। सुरुमा मोर्चामा माओवादी, एकीकृत समाजवादी, जसपा नेपाल र नेकपा आबद्ध भए पनि पार्टी विभाजन भएपछि जसपा नेपाल बाहिरिएको छ। महिन्द्र राय यादव नेतृत्वको नेसपा भने मोर्चामा भित्रिएको छ। हाल मोर्चाको संयोजक नेकपा महासचिव नेत्रविक्रम चन्द्र विप्लव छन्। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेसपा अध्यक्ष महिन्द्र राय यादव मोर्चाका सदस्य छन्। मोर्चाको संयोजक आलोपालो प्रणालीमा चयन हुने मोर्चामा सहमति छ। बैठकले मोर्चालाई सुदृढ बनाउने र मधेश प्रदेशमा मोर्चालाई पुनर्गठन गरेर जाने निर्णय पनि गरेको छ।

फोहोर व्यवस्थापनमा उदाहरणीय धनगढी उपमहानगर

फोहोरबाट दैनिक ६० सिलिन्डर ग्यास र २५ सय किलो मल उत्पादन

धनगढीमा **तेजराज भट्ट**

धनगढी उपमहानगरपालिका- २ सन्तोषी टोलस्थित बायोग्यास प्लान्टले दैनिक करिब १८ हजार किलो फोहोरमैला खपत गरिरहेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा देव ट्रेनिङ एन्ड म्यानेजमेन्ट सेन्टरले यहाँ बायोग्यास प्लान्ट स्थापना गरेको हो।

बायोग्यास प्लान्टले खपत गर्नेमध्ये दैनिक करिब आठ हजार किलो फोहोरमैला धनगढी उपमहानगरले उपलब्ध गराउने गरेको देव ट्रेनिङ एन्ड म्यानेजमेन्ट सेन्टरका सञ्चालक रविनकान्त पन्तले जानकारी दिए। बाँकी फोहोर गौशाला, कुखुरा फर्म आदिबाट संकलन गरेर ल्याउने गरेको उनले बताए।

घरबाट निस्कने तरकारी, खानाजन्य फोहोर, सडेगलेका फलफूल, गोबर, कुखुराको सुलीलगायत कुहिने फोहोर प्रयोग गरेर बायोग्यास प्लान्टले बायोग्यास र गोबर मल उत्पादन गरिरहेको छ। बायोग्यास प्लान्टबाट दैनिक करिब ६० सिलिन्डर ग्यास र दुई हजार पाँच सय किलो मल उत्पादन भइरहेको पन्तले जानकारी दिए।

उत्पादित ग्यास भने सबै प्रयोगमा आउन सकेको छैन। उत्पादित ग्यासमध्ये करिब ५-६ सिलिन्डर मात्र दैनिक प्रयोग भइरहेको उनले बताए। ग्यासको बजारीकरणको प्रयास



भइरहेको कम्पनीले जनाएको छ। 'सुरु-सुरुमा भएकाले मार्केटिङको पनि समस्या छ। प्रदेश सरकारसँग मिलेर उत्पादित ग्यास पाइपलाइनबाट घरघरमा पुऱ्याउनका लागि प्रक्रिया सुरु भएकाले पनि ग्यास बिक्रीलाई प्राथमिकता दिएका छैनौं,' पन्तले भने, 'उत्पादन हुने ग्यास प्रयोगमा नआउने अवस्था लामो समयसम्म रहँदैन।'

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको 'बेस्ट टु इनर्जी प्रोजेक्ट'अन्तर्गत २० करोड ८४ लाख रुपैयाँ लागतमा स्थापना गरिएको ग्यास प्लान्ट गत वर्षबाट सञ्चालनमा आएको हो। कुल लागतमध्ये ४० प्रतिशत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र ६० प्रतिशत देव ट्रेनिङ एन्ड म्यानेजमेन्ट सेन्टरले लगानी गरेको पन्तले बताए। जग्गा भने उपमहानगरपालिकाले प्रदान गरेको हो।

बायोग्यास प्लान्ट सञ्चालनमा आएपछि उपमहानगरलाई केही हदसम्म फोहोरमैला व्यवस्थापनमा सहज भएको पन्तले बताए। पूर्ण क्षमतामा सञ्चालन भए बायोग्यास प्लान्टले दैनिक करिब ३० हजार किलोसम्म फोहोरमैलाको प्रयोगबाट सय सिलिन्डर 'क्युरिफाइड' ग्यास उत्पादन गर्नेछ।

आफैं फोहोर उठाउँदै काठमाडौं महानगर

काठमाडौं/ विभिन्न निजी संघसंस्थाको सहयोगमा फोहोर उठाउँदै आएको काठमाडौं महानगरपालिकाले अब भने आफैं फोहोर उठाउने भएको छ। फोहोरबाट हुने आम्दानीसमेत आफैं राख्ने गरी महानगरले ठेक्का प्रक्रिया अघि बढाएको हो।

नयाँ प्रक्रियाअनुसार महानगरले प्रतिघर तीन सय रुपैयाँका दरले शुल्क उठाउनेछ। फोहोरको शुल्क रकम महानगरकै खातामा जम्मा हुनेछ। अहिले घरधनीले फोहोरको शुल्क फोहोर उठाउने कम्पनीलाई दिँदै आएका छन्। विभिन्न क्लस्टर छुट्याएर फोहोर व्यवस्थित गर्न लागेको महानगरपालिकाका वातावरण विभाग प्रमुख सरिता राईले बताइन्। विभिन्न क्लस्टर छुट्याएर ठेक्कामा लगाउँदा फोहोर व्यवस्थापन र वर्गीकरण सहज हुने विभाग प्रमुख राईले बताइन्। उनका अनुसार तीन वर्षका लागि ठेक्का लगाइएको हो। उनका अनुसार २४ असोजमा टेन्डर आह्वानका लागि सूचना जारी गरिएको थियो। पछिल्लोपटक ठेकेदार कम्पनी छनोट गरेर महानगरले ठेक्का लगाइसकेको छ। महानगरले धौलागिरि कालिका कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालि, श्रीदेव सप्लायर्स, ओएस इन्जिनियरिङ निर्माण सेवा प्रालि, नेप्सेम्याक सेवा प्रालि, परिवर्तन सेवा प्रालिलाई ठेक्का लगाउने निर्णय गरेको छ। महानगरले १४ माघमा बोलपत्र स्वीकृत गर्ने आशयसम्बन्धी सूचना जारी गरेको छ।

धौलागिरि कालिका कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिलाई ५८ लाख १४ हजार, श्रीदेव सप्लायर्सलाई १५ लाख ३२ हजार चार सय, ओएस इन्जिनियरिङ निर्माण सेवा प्रालिलाई एक करोड ८५ लाख ९२ हजार, नेप्सेम्याक सेवा प्रालिलाई ३६ करोड ३७ लाख ६३ हजार ६५४ र परिवर्तन सेवा प्रालिलाई ३० करोड ८५ लाख रुपैयाँमा ठेक्का दिने सम्झौता गरेको हो।

गेटामा सुदूरपश्चिमेलीमाथि घात

नेपालका राजनीतिक नेतृत्वबाट गेटा अस्पताल भवन प्रकरणमा त्यस क्षेत्रका दसौं लाख जनतामाथि अन्याय मात्रै होइन, घातै भएको छ



● प्रा. डा. ढुण्डीराज पौडेल

अग्रलेख

मुलुक दुरावस्थामा चलिरहेको छ। आधारभूत र न्यूनतम आवश्यकताकै निमित्त नागरिक तड्पिने क्रमको अन्त्य कतै दृष्टिगोचर भइरहेको छैन। स्वास्थ्य क्षेत्रको अवस्था त अझै अत्यासलाग्दो छ। राप्ती, भेरी, कर्णाली, सेती र माहाकाली क्षेत्रका विभिन्न जिल्लामा समेत केही दशक पटक-पटक स्वास्थ्य एवं विशेषज्ञ सेवामा संलग्न एक सरकारी (सेवानिवृत्त) वरिष्ठ चिकित्सक एवं वर्तमानमा प्राध्यापक (कर्णाली प्रतिष्ठानको समेत आमन्त्रित)को हैसियतमा पंक्तिकारले यो क्षेत्रको स्वास्थ्य सेवाको अवस्था र विभिन्न घटनाक्रमलाई गहन रूपले नियालेको छ।

पाँचपटक प्रधानमन्त्री भएका र सबभन्दा ठुलो सत्ता साझेदार दलका नेता शेरबहादुर देउवाको क्षेत्रसमेत रहेको सुदूरपश्चिम प्रदेशका सेती तथा महाकाली क्षेत्रका जिल्लामा त सार्वजनिक मात्रै होइन, निजी शिक्षण अस्पतालसमेत पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन्। विडम्बना, मुख्यतः शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवा सुलभ र सहज रूपमा प्रवाहको नारा दिएर १० वर्षे सशस्त्र विद्रोह हाँकेका माओवादी नेता प्रचण्डले समेत आफ्नो पालामा निर्माण सम्पन्न भइसकेको ६०० शय्या क्षमताको अस्पताल भवन तत्कालै सञ्चालनमा नल्याएर यो क्षेत्रका दसौं लाख गरिब जनतालाई सहज उपचार सेवा पाउने अवसरबाट वञ्चित गराउने काम गरे।

प्रादेशिक रूपमा लुम्बिनी प्रदेशअन्तर्गतको दाङमा र कर्णाली प्रदेशको जुम्लास्थित सदरमुकाममा प्रतिष्ठानसहितका शिक्षण अस्पताल र एमबिबिएसका शैक्षिक कार्यक्रम सञ्चालित भइसके पनि तिनको खर्च धान्न र सोहीअनुरूपको विशेषज्ञ सेवाहरूको निरन्तरता सकसपूर्ण बन्न पुगेको स्थिति छ। भारतीय सञ्चालक समूह फिर्ता भई स्थानीय चिकित्सकसहितका स्वदेशी लगानीकर्ताबाट सन् १९९६ मा स्थापित नेपालगन्ज मेडिकल कलेजका शिक्षण अस्पतालले यी प्रदेशका नागरिकको उपचार सेवालाई केही सहज बनाएका छन्। हाल नेपालगन्जस्थित संघीय अस्पतालको पनि उल्लेख्य अभिवृद्धि भए पनि विभिन्न कारणले पूर्ण क्षमतामा भने सञ्चालनमा आउन सकेको छैन।

कहिले डडेलधुरामा कहिले कैलालीमा मेडिकल कलेज, प्रतिष्ठान एवं मेडिकल विश्वविद्यालयको डिग हाँके पनि यी प्रदेशका जनता विशेषज्ञ सेवाबाट वञ्चित रहँदै आएका छन्। संयोग भनौं या उदेक, वर्तमान प्रधानमन्त्री निर्वाचित कोशी प्रदेशअन्तर्गतका सुदूर पूर्वका जिल्लामा पनि न स्तरीय पूर्ण विशेषज्ञ सेवा उपलब्ध कुनै संघीय अस्पताल सञ्चालनमा छ, न सार्वजनिक मेडिकल कलेज नै। अर्बौंको भ्यु टावर खडा गरिएको त्यो क्षेत्रमा अदालतको आदेशपछि बल्लतल्ल निजी क्षेत्रबाट स्थापित बिएन्डसी मेडिकल कलेजलाई सञ्चालनमा आउन दिइएको छ।

मुलुकमा जनतालाई सेवा प्रदान गर्न भन्दा निहित स्वार्थ पूरा गर्ने अनेक खेल हुँदै आएका छन्। केही दशकअघि कञ्चनपुरमा काँचिकामकोटिका शंकराचार्य ट्रस्टले निजीस्तरमा मेडिकल कलेज खोल्न स्वीकृति पाउनुका साथै जग्गासमेत प्राप्तिको अन्तिम चरणमा पुगेको थियो। अति नै आलोचना भएपछि त्यसका भारतीय लगानिकर्ता पछि हट्न पुगे। सुदूरपश्चिमको कैलालीको गेटामा पनि सरकारी मेडिकल कलेज स्थापनामा सुरुमै भाँजो हाल्न खोजिएको थियो। सरकारीस्तरमा स्थापना गर्न सहज नहुने भएकाले निजी क्षेत्रलाई नै मेडिकल कलेज खोल्न दिने तात्कालिक प्रधानमन्त्रीको आशय थियो। सो आशयविरुद्ध डा. गोविन्द केसीले अनशनमा उत्रिने चेतावनी दिएपछि मात्रै सरकार कैलालीमा सार्वजनिक मेडिकल कलेज खोल्न सहमत भएको थियो।

शिक्षण अस्पताल स्थापनार्थ गेटामा जग्गा प्राप्ति त भयो, तर फेरि वनको क्षेत्र परेको भन्दै संस्थाको भवन निर्माण हुन नदिन चलखेल हुन थाले। यो कुरा अधिकारिक रूपमा नै उजागर भयो। डाक्टर केसी पुनः सक्रिय भएपछि मात्रै शिक्षण अस्पताल निर्माणमा सहमति भयो। यसरी धेरैखाले अवरोध र स्वार्थपूर्ण दबाब छिचोल्दै ६ अर्बभन्दा बढीको लागतमा भवन त खडा गरियो, तर वर्षौं बितिसक्दा पनि त्यसको एकांश पनि सदुपयोग हुन सकेको छैन।

चिकित्सा शिक्षाको शैक्षिक कार्यक्रम (एमबिबिएस)सञ्चालन गर्न कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल तीन वर्ष सञ्चालनमा रहेको



हुनुपर्छ। एमबिबिएसबाहेकका अन्य स्वास्थ्यसम्बन्धी शैक्षिक कार्यक्रम र तालिम एवं प्राध्यापनका लागि विशेषज्ञ उपलब्ध भएको अवस्थामा चिकित्सा शास्त्रका विभिन्न विधामा स्नातकोत्तर कार्यक्रम सञ्चालन पनि गर्न सकिन्छ। सार्वजनिक मेडिकल कलेजमा एमबिबिएस कार्यक्रम सञ्चालन गर्न मौजुदा सार्वजनिक अस्पताललाई समेट्न पनि बाधा छैन। गेटाको भवन निर्माण हुनुअघि नै धनगढीमा सञ्चालनमा रहेको सेती प्रादेशिक अस्पतालको स्तरोन्नति र प्रवर्द्धन गरी सार्वजनिक मेडिकल कलेजमा रूपान्तरण गर्न पटक-पटक सुझाइएकै हो। सो अस्पताललाई मेडिकल कलेजका लागि आवश्यक पर्ने न्यूनतम ३०० शय्यामा अभिवृद्धि गरी स्तरोन्नति गर्न दिएको सुझाबलाई चरम उपेक्षा गरियो। यसो गर्दा लगानी पनि कम लाग्थ्यो, गेटामा छुट्याइएको जग्गामा आधारभूत विज्ञानको भवन एवं आवासका लागि एक अर्ब पनि खर्च हुने थिएन। कैलाली धनगढीको अस्पतालको पनि स्तरवृद्धि हुन्थ्यो। त्यहाँ कार्यरत विशेषज्ञ चिकित्सकलाई पनि चिकित्सा शिक्षामा परिचालन गर्न सकिन्थ्यो।

> संयोग भनौं या उदेक, वर्तमान प्रधानमन्त्री निर्वाचित कोशी प्रदेशअन्तर्गतका सुदूर पूर्वका जिल्लाहरूमा पनि न स्तरीय पूर्ण विशेषज्ञ सेवा उपलब्ध हुने कुनै संघीय अस्पताल नै सञ्चालनमा छ न त सार्वजनिक मेडिकल कलेज नै

भारतमा प्रधानमन्त्री मोदीले मुलुकभरका ठुला अस्पताललाई स्तरवृद्धि गरी क्रमशः सरकारी मेडिकल कलेजमा रुपान्तरण मात्रै गरिदिएनन्, दिल्लीस्थित एम्सलाई नै करिब डेढ दर्जन स्थानमा विस्तार गरिदिएका छन्। उनको यो कदमले सार्वजनिक चिकित्सा शिक्षा र सेवा दुवैमा भारतले फड्को मारेको छ। समाजवादी हुँ भन्ने नेपालका राजनीतिक दल काँग्रेस र कम्युनिस्ट दशकौंदेखि पटक-पटक सत्तासीन हुँदै आएका छन्, तर उनीहरू चिकित्सा शिक्षा र सेवाको अभिवृद्धि गर्नभन्दा पार्टीगत स्वार्थमै लम्पट हुन पुगे। एकातिर निर्माण सम्पन्न भएका भवनसमेत उपयोगमा आउन नसकी अलपत्र पारिएको अवस्था छ भने अर्कोतिर सञ्चालनमा रहेका संस्था पनि पार्टी र गुट-स्वार्थका अखडा बनेको अवस्था छ।

गेटामा छुट्टै शिक्षण अस्पताल सञ्चालन गर्ने भनी करिब सात वर्ष लगाएर

निजीमा भन्दा धेरै ठुलो लागत ६ अर्बको लगाएर भवन निर्माण सम्पन्न त भयो। तर, पुनः राजनीतिक पार्टीहरूको आडमा शिक्षण अस्पताल सञ्चालन हुन नदिने र आफ्ना नजिककालाई पदाधिकारी नियुक्ति गर्न अनेक प्रपञ्च रचिन थालिए। भवन निर्माण सम्पन्न भएपश्चात् तत्कालीन प्रधानमन्त्री प्रचण्डसमक्ष तत्कालै कम्तीमा ३०० शय्याको अस्पताल सञ्चालनका लागि मागसमेत प्रस्तुत भएको थियो। प्रतिष्ठानअन्तर्गत नै भए पनि शिक्षण अस्पताल सञ्चालनको माग राख्दै डाक्टर केसीले सोही स्थानमा अनशन पनि गरे। तर, उनको मागको स्थानीय रूपमा नै गलत अर्थ लगाइयो। विश्वविद्यालय गठित भएपश्चात् प्रतिष्ठानमा भन्दा बढी राजनीतिक नियुक्ति गर्न पाइने स्वार्थ अहं बन्न गयो। जनताले सहज उपचार सेवा पाउने सवाल गौण बन्न पुग्यो। अस्पताल भवन खण्डहरजस्तै बन्न पुगी छाडा पशुहरूको आश्रयस्थल बनेको तस्बिर नै सार्वजनिक भयो।

बरु निजीस्तरमै मेडिकल कलेज एवं शिक्षण अस्पताल स्थापना गर्न दिएको भए त्यो क्षेत्रका दसौं लाख नागरिकले वर्षौं पहिलेदेखि केही सहज उपचार सेवा त पाउने थिए। सयौं शय्याको क्षमता रहेको गेटामा निर्मित भवन उपयोगमै नआई खण्डहर हुँदै जाने आशंका स्वाभाविक छ। कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैं अस्पताल सञ्चालन गर्नुको सट्टा विश्वविद्यालय ऐन पारित गर्नेतर्फ लागेपछि सो क्षेत्रका जनताले स्वास्थ्य सेवा पाउने कुरा आकाशको फल आँखा तरी मर्को उखानमा सीमित हुने सम्भावना छ।

पटक-पटक आफूलाई निर्वाचित गरी पठाउने र माओवादी विद्रोहमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने त्यो क्षेत्रका नागरिकप्रति नेताद्वय प्रचण्ड र देउवा दुवैले न्याय गरेनन्। हुन त, देशैभर भ्यु टावर निर्माणलाई विशेष प्राथमिकता दिने प्रधानमन्त्री केपी ओली निर्वाचित सुदूरपूर्वका जिल्ला पनि चिकित्सा शिक्षा र सेवाबाट वञ्चित नै छन्। ओलीले सुदूरपश्चिमबाट यात्रा सुरु गर्दाको दिन आफूले रात बिताएको स्थानबाट त्यस क्षेत्रबाट निर्वाचित शेरबहादुर देउवासँग त्यहाँको अवस्था गजब रहेको आशयको टेलीफोन वार्ता गरेको सबैले हेरे सुनेकै हो। पंक्तिकारले केही वर्षअघि डडेलधुरा जिल्लाको सदरमुकामस्थित प्रस्तावित मेडिकल कलेजको शिक्षण अस्पतालको दुरावस्थाबारे लेखेको पनि थियो। कैलाली क्षेत्रमा शिक्षण अस्पतालसहितको मेडिकल कलेज खुल्दा पार्टीहरूका त्यो क्षेत्रका घघडान नेताले निहित स्वार्थमा असर पर्ने भ्रम किन पाल्न पुगे ? ताज्जुबको सवाल बन्न पुगेको छ।

गेटामा विशाल भवन त बन्यो, तर त्यो केका लागि ? भन्ने प्रश्न उब्जिएको छ। ६ अरबको भवन बनिसक्दा कमिसनको रूपमा कसलाई कति आर्थिक लाभ भयो होला ? अनुमान गर्न कठिन छैन। विभिन्न महँगा उपकरण खरिद गराई आर्थिक लाभ लिने नियतले विभिन्न सेटिङ भए पनि अर्थमन्त्रीहरू फेरिइरहँदा ती भने खासै सफल भएनन्। आखिर त्यो क्षेत्रमा ठडिएको यस विशाल भवन उपयोगमै नआई थोत्रिने आशंकाले बल पाएको छ। भन्नैपर्छ- नेपालका प्रमुख राजनीतिक दलका प्रमुख नेताबाट गेटा अस्पताल भवनको प्रकरणमा त्यस क्षेत्रका दसौं लाख जनतामाथि अन्याय मात्रै होइन, घातै भएको छ।

३ प्रश्न

नेपाल प्रहरीका अवकाशप्राप्त महानिरीक्षक **ठाकुरप्रसाद ज्ञवाली**लाई



नयाँ प्रहरी विधेयकमा प्रहरीको परिचालन र नियन्त्रण गृह मन्त्रालयले गर्ने प्रावधान राखिएको छ, यो कति उचित छ ?

यस्तो प्रावधान प्रथम दृष्टिमै गलत छ। यस्तो व्यवस्था कुनै हालतमा राखिनु हुँदैन। अहिले त्यस्तो कानुनी प्रावधान नहुँदा त प्रहरी संगठनमा राजनीतिकरण भयो, राजनीति हाबी भयो भन्ने सुनिन्छ भने कानुनमै त्यस्तो व्यवस्था राखिसकेपछि त बर्दीधारी प्रहरी संगठन सिधै 'सिभिलियन'को हातमा जाने निश्चित छ। अहिलेसम्म नेपाल सरकारले क्याबिनेटको निर्णयबाट प्रयोग गर्दै आएको अधिकारलाई अब गृह मन्त्रालयले सिधै प्रयोग गर्न थाल्दा कस्तो अवस्था देखिएला, सजिलै अनुमान गर्न सकिन्छ। यस्तो व्यवस्थाले प्रहरी संगठनमा मात्र होइन, समग्र देशकै शान्ति सुरक्षामा गम्भीर असर पर्छ। प्रहरीको मनोबल उकासुनुपर्नेमा झनै खस्किने अवस्था सिर्जना हुन्छ। यसले निजामती र बर्दीधारीबीचको भिन्नता मेटाउनेछ। यसको घातक परिणाम देखिन सक्छ।

३० वर्षे सेवाहद हटाउँदा संगठनलाई राम्रो या नराम्रो के हुन्छ ?

ऊर्जाशील समय बाँकी छँदै ३० वर्षे सेवा हदका कारण घर फर्किन बाध्य हुनुपर्ने प्रहरी जनशक्तिलाई 'अल्टिमेट्ली' व्यवस्थापन गर्नु त छँदै थियो। यसले प्रहरी संगठनलाई पनि राम्रो गर्छ। वर्षौं लगाएर ठुलो रकम खर्चिएर तयार पारिएको अनुभवी जनशक्ति संगठनमा रहँदा सिंगो प्रहरी संगठन नै बलियो हुन्छ।

नयाँ ऐनमा मुख्यगरी कुनकुन विषयमा ध्यान दिनुपर्ला ?

सुधार गर्नुपर्ने विषय धेरै छन्। सबैभन्दा पहिले १२ कक्षा पास गरेको जनशक्तिलाई असइमा होइन, सइमा भर्ना लिने व्यवस्था गरेर भर्ना प्रक्रियाबाट सुधारको थालनी गर्नुपर्छ। साथै, यसअघि बनेका प्रहरीसम्बन्धी आयोग र अध्ययन समितिहरूले दिएका सुझावलाई कार्यान्वयन गर्नुपर्छ। र, सुधारको थालनी गृह मन्त्रालयबाटै गर्नुपर्छ।

प्रेरक प्रसंग

सन्तको चिन्ता

एक अत्यन्त सम्पन्न तथा मान, सम्मान र प्रतिष्ठा आर्जन गरेका मुखिया थिए। उनकी एक छोरी थिइन्। उनी अत्यन्त धर्मपरायण थिइन्। साथै, उनी वैराग्यपूर्ण भावनाबाट ओतप्रोत थिइन्। छोरीको त्यस्तो विरक्तपूर्ण भाव देखेर मुखियाले उनको विवाह एक अत्यन्त ज्ञानी सन्ततिसित गरिदिए। उनी छोरीको धर्मपरायण भावमा कुनै ठेस पुऱ्याउन चाहँदैनथे। छोरीले आफ्नो इच्छाअनुसार जीवन व्यतीत गर्न सकून् भन्नेमा उनी पूर्णतः सचेत थिए। विवाहपछि महलमा हुर्किएकी मुखियाकी छोरी सन्तको कुटीमा आइपुगिन्। उनी खुसी-खुसी कुटीको सरसफाइमा जुटिन्। सरसफाइका क्रममा उनले कुटीको छानामा दुइटा सुक्खा रोटी घुसारिराखेको देखिन्। अचम्म मान्दै उनले पतिसित त्यसको कारण सोधिन्- यी रोटी हजुरले यहाँ किन राख्नुभएको हो, पतिदेव ? सन्तले जवाफ दिए- आज त हामीले तिम्रा मातापिताको घरमै मिठो-मसिनो खाएर आइहाल्यौं।



अब भोलि फेरि कताबाट खानेकुरा जुटाउनु ? त्यसैले, मैले भोलि एउटा-एउटा रोटी खाएर गुजारा गर्नौंला भनेर त्यसलाई त्यहाँ राखेको हुँ।

पतिको कुरा सुनेर उनी मुसुक्क मुस्कुराइन् र भनिन्- पितालै त तपाईंलाई निकै ठुलो वैरागी तथा अपरिग्रही सन्त ठानेर मेरो विवाह गराइदिनुभएको थियो। तर, तपाईं त भोलिका लागि आजैदेखि चिन्ता गर्नुहुँदो रहेछ। आजैदेखि भोलिको चिन्ता गर्ने मान्छे सच्चा सन्त हुन सक्दैन। भोलिको चिन्ता त घाँस खाने जनावरले समेत गर्दैनन् भने हामी त मान्छे हौं। केही भेटियो भने खाउँला, नभेटिए भगवान्को नाम लिएर बसौंला। भोलिका लागि बेकारमा आजैदेखि चिन्ता लिएर किन आफैंलाई दुःखी बनाइरहनु ?

सन्तले आफ्नी पत्नी आफूभन्दा पनि दश कदम अघि रहेको महसुस गरे। उनी मनमनै पत्नीप्रति नतमस्तक भए। प्रकटमा उनले भने- तिमीले मेरा आँखा खोलिदियौ। तिमी धन्य छ्यौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश

सरकारले सामाजिक सञ्जाल नियमन गर्ने नाममा ल्याएको विधेयकले भ्रष्टाचार, बलात्कार, सार्वजनिक जमिन किर्ते, अवैध उत्खनन, कालोबजारी, करछली, सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर मुद्दामा नियमन गर्न छाडेर अब नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई बलात् नियन्त्रण गर्ने प्रयास गरेको छ। यसले सरकारले आफ्नो अक्षमता र भ्रष्टाचारमाथि उठ्ने प्रश्नलाई दबाउन खोजेको देखिन्छ। यो विधेयकले प्रेसको स्वतन्त्रतालाई पनि सीमित गर्नेछ र सामाजिक सञ्जालमा नागरिकले राख्ने विचारलाई आपराधिक ठहर गर्ने व्यवस्था गरेको छ। यसले लोकतन्त्रको मर्मलाई नै खोक्रो बनाउने खतरा देखाएको छ। सरकारले यस्तो विधेयक ल्याउनुको सट्टा भ्रष्टाचार र अन्यायविरुद्ध कडा कानुन बनाउनुपर्नेमा जनताको ध्यान केन्द्रित गर्नु आवश्यक छ।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

सरकारको क्षणिक स्वार्थ

सरकारले प्रहरी ऐन संशोधन गर्न बनेको नयाँ विधेयक संसद्मा दर्ता गरेको समाचार पढियो। विधेयकबारे आएको चर्चा-परिचर्चा सुन्दा या पढ्दा यो सरकार आफ्नो क्षणिक स्वार्थपूर्तिमा रमाइरहेको देखिन्छ। प्रहरी संगठनले नै आइजिपी बढुवामा लोकसेवा आयोगलाई संलग्न गराउनुपर्ने प्रस्ताव गरिसकेपछि त्यसलाई समावेश गरिदिएको भए त्यसले प्रहरीमा एउटा दीर्घकालीन काम हुने थियो। यसले प्रहरी प्रमुख बढुवामा हुने चलखेल सदाका लागि अन्त्य गर्ने थियो, होइन र ?

● **सन्दर्भ पाण्डे**
कोटेश्वर, काठमाडौं

सकारात्मक प्रावधान

अबका दिनमा आमाको नामबाट बाबुको नामविना पनि नागरिकता प्राप्त गर्न सकिने गरी सरकारले मंगलवार संसद्मा दर्ता गरेको विधेयक जस्ताको तस्तै पारित भएमा बाबुको नामविना नागरिकता लिनबाट वञ्चित थुप्रै नेपालीले नागरिकताको प्रमाणपत्र लिने बाटो खुला हुनेछ। यस्तो कानुनी व्यवस्थाले खासगरी बालबालिकाको नागरिकताका विषयमा आमालाई समेत जिम्मेवार र सन्तानलाई सहज बनाएको छ। यस्तो प्रावधानले नागरिकताका मामिलामा महिलामाथि भइरहेको भेदभाव हटाउने पनि अपेक्षा गर्न सकिन्छ।

● **बलराम गिरी**
महेन्द्रपुल, पोखरा

संसदीय समितिको प्रयोजन के ?

मिनी संसद् पनि भनिने संसदीय समितिले दिएको कुनै पनि निर्देशन सरकारले मान्दैन भने आखिर अनेक सुविधा र भत्ता रकम खर्चेर समिति राख्नुको प्रयोजन नै के हुन्छ र ? विभिन्न विषयका विषयगत समितिले आआफ्नो क्षेत्राधिकारअन्तर्गत पर्ने विषय समस्या या विषयमा अध्ययन गरी प्रक्रियासम्मत निर्णय गरी कार्यान्वयन या पालनाका लागि दिएको निर्देशन सबैका लागि बाध्यकारी हुनुपर्ने हो। तर, सरकारले त्यस्ता समितिको निर्णय र आदेशलाई रत्तिभर टेरपुच्छर लगाएको देखिन्न।

पछिल्लो समयमा नेपाली बजारमा सिमेन्टको मूल्य असामान्य रूपमा बढेको छ। हाल सिमेन्टमा देश आत्मनिर्भर भएको र निर्यातसमेत सुरु भएको अवस्थामा सिमेन्ट उत्पादक उद्योगीले आफूखुसी एकलौटी रूपमा कार्टेलिङ गरी उपभोक्ताको ढाड भाँच्ने गरी सिमेन्टको मूल्य बढाएका छन्। उनीहरूले यसरी मूल्य बढाउँदा आमसर्वसाधारण र ठुला पूर्वाधार परियोजनासमेत मारमा परेका छन्। तैपनि, केपी ओली नेतृत्वको वर्तमान सरकारले यस विषयमा आफूले थाहै नपाएजस्तो गरी कानमा तेल हालेर बसेको छ। आफूलाई सर्वहारा वर्गको मसिहा ठान्ने एमालेका अध्यक्षको नेतृत्वमा रहेको सरकारले यसरी सर्वसाधारणको ढाड भाँचेर उद्योगीलाई पोस्नु भनेको पछिल्लो समयमा चर्चामा रहेको आसेपासे पुँजीवादको विकृत अनुहार हो। के एमाले र आफ्नो सिद्धान्तमा 'सामाजवाद' लेख्ने काँग्रेसको संयुक्त सरकार जनतालाई कुनै हालतमा थला पार्ने नियतले अगाडि बढेका छन् हो ? होइन भने संसदीय समितिको निर्देशन कार्यान्वयन गरी उद्योगीको कार्टेलिङ हटाउन किन चाहिरहेको छैन यो सरकारले ?

● **गौरिका परियार**, स्वयम्भू, काठमाडौं

नयाँ 'वासिंटन कन्सेन्सस'

सरकारबाट व्यापारलाई अलग राख्नु दिनानुदिन कठिन हुँदै गइरहेको छ र यो केवल अमेरिकामा मात्रै सीमित छैन



देश / विदेश

● क्याथरिना पिस्टोर

दशकौंदेखि वासिंटन कन्सेन्सस (समझदारी) ले निजी उद्योग राज्य स्वामित्वका व्यवसायभन्दा बढी प्रभावकारी हुने धारणा अघि सार्दै आएको थियो। यसका पछाडि राज्य स्वामित्वका व्यवसायका व्यवस्थापकका तुलनामा निजी उद्योगका व्यवस्थापक दिवालियापनको भयका कारण नाफामा केन्द्रित हुन्छन् भन्ने तर्क गरिन्थ्यो। पहिलोपटक ल्याटिन अमेरिका र उत्तर-समाजवादी युरोपमा लागू गरिएको यो समझदारी सन् १९८० को दशकदेखि आर्थिक नीतिको आधार बनेको थियो।

जब उद्योगीले नै सरकार चलाउँछन्, तब शासनका नियम निर्धारण गर्ने जनताको क्षमतामा के असर पार्छ ? यो प्रश्न कमै उठाइन्छ किनभने प्रायः उद्योगीको संलग्नताले दक्षता एवं क्षमता बढाउँछ भनेर प्रशंसा गरिन्छ। उसो त व्यक्तिगत रूपमा एक-दुई उद्यमीलाई सरकारमा ल्याउनु सामान्य मानिए पनि ट्रम्प प्रशासनले सरकार पूरै व्यापारीलाई सुम्पने प्रयास गरिरहेको देखिन्छ। यस अर्थमा स्कट बेसेन्ट एक अर्का वित्तीय उद्योगपतिलाई अर्थमन्त्री नियुक्त गर्नु अचम्मको कुरा होइन र यसअघि यस्तै पृष्ठभूमि भएका धेरैजसो पूर्ववर्ती मन्त्री नियुक्त भएका थिए।

त्यसैगरी एकाधिकारविरोधी कानुन कार्यान्वयन कमजोर पार्ने र वातावरणीय तथा वित्तीय नियमन हटाउने प्रवृत्ति अघिल्ला रिपब्लिकन प्रशासनमा पनि देखिएकै हो। यसले प्रायः सन् २००८ को वित्तीय संकटदेखि बढ्दो डढेलो, गर्मीको लहर र हिमआँधीसम्मका दीर्घकालीन विनाशकारी परिणाम जन्माएको छ। ट्रम्पको दोस्रो प्रशासनले यसलाई थप चर्को बनाउनेछ। उनको पदस्थापन समारोहमा अमेजन, मेटा र एक्सका ठुला प्रविधि कम्पनीका प्रमुख कार्यकारी अधिकृत मन्त्रिपरिषद्का मनोनीतभन्दा पनि अगाडिको पंक्तिमा बसेका थिए, जसले यी धनाढ्यहरूको प्रभाव झल्काउँछ। त्यसवेला ठुला तेल कम्पनी र वित्तीय क्षेत्रका मानिस अलि कम देखिए पनि तिनको प्रभाव माथिका कार्यकारीजत्तिकै ठुलो छ। यी दृश्यले स्पष्ट सन्देश दिएको छ- अमेरिकी सरकार केवल व्यापार-मैत्री मात्र नभई अमेरिका आफैं व्यापार बनेको छ। 'अमेरिकाको व्यापार भनेको व्यापार नै हो' भन्ने पुरानो भनाइ अब चरम सीमामा पुगेको छ। यसलाई नयाँ 'वासिंटन कन्सेन्सस' भन्न सकिन्छ।

व्यापारले अमेरिकी इतिहासमा सधैं ठूलो भूमिका खेलेको छ। भर्जिनिया कम्पनीले उत्तर अमेरिकामा पहिलो स्थायी बसोवास स्थापना गऱ्यो र डच वेस्ट इन्डिया कम्पनीले ट्रान्स अटलान्टिक दास व्यापारको ठुलो हिस्सामा नियन्त्रण गऱ्यो। यी कम्पनी केवल सार्वजनिक-निजी साझेदारी मात्र नभई आफैंमा शासक थिए। इस्ट इन्डिया कम्पनीले भारतीय उपमहाद्वीपमा करिब एक दशक ब्रिटिस उपनिवेशी शासन स्थापना गऱ्यो र आफूले कब्जा गरेको क्षेत्रमाथि आफ्नो सार्वभौम अधिकारसमेत दाबी गऱ्यो।

इतिहास हेर्दा 'कम्पनी-राज्य' सामान्यतया मिश्रित लाभको विषय हो। व्यापार वृत्तको तर्कअनुसार आमजनताका लागि स्वतन्त्रताको धेरै स्थान छैन, अर्थात् स्वतन्त्रता उपभोग गर्न तपाईं शीर्ष स्थानमा हुनुपर्छ। व्यापारले श्रमिक र उपभोक्ता गरेर केवल दुई प्रकारका मानिसलाई अनुमति दिन्छ। पहिलो उत्पादनका लागि श्रम उपलब्ध गराउन अनुमति दिइन्छ र पछिल्लोलाई उत्पादन वा सेवाका खरिदकर्ताको रूपमा अनुमति दिइन्छ। दुवै अवस्थामा मानिसको उपयोगिता सेयरधारकको मूल्य अधिकतम गर्नुमा सीमित हुन्छ। यो व्यवस्थामा जसरी पनि श्रम लागत कम र माग उच्च राख्नुपर्छ। यहाँ निष्ठा, समुदाय वा व्यक्तिगत अधिकारको कुनै स्थान हुँदैन। अमेरिकाका उच्चपदस्थ



तस्बिर : जुलिया डेमारे निकहिन्सन/गेटी इमेजेस

व्यवस्थापकले रोजगारी छोड्दा ठुलो राशीको गोल्डन ह्यान्डसेक भुक्तानी पाउँछन्, तर श्रमिकलाई सजिलै बर्खास्त गरिन्छ। उपभोक्ता भाग्यमानी हुन्, किनभने उनीहरूले चाहेका उत्पादन खरिद गर्न पाउँछन् भन्ने गरिन्छ। यद्यपि कतिपय ती उत्पादनले उनीहरूको स्वास्थ्यलाई क्षति पुऱ्याउँछ, उदाहरणमा- चुरोट वा मदिरालाई लिन सकिन्छ। आजका ठुला डिजिटल कम्पनीले लतमार्फत मुनाफा बढाउने मोडेललाई परिपूर्ण बनाएका छन्, जहाँ डोपामिन बढाउने 'लाइक', स्क्रोलिङ र भाइरल हुने एल्गोरिदमले प्रयोगकर्तामाथि हानिकारक असहजता निम्त्याउँछ, जब उनीहरूले यी डिजिटल कम्पनीको सेवा छोड्छन्। यी कम्पनीमा कुनै जवाफदेहिता हुँदैन र त्यहाँबाट व्यक्तिगत जीवनमा हुने अतिक्रमणको कुनै सुरक्षा हुँदैन। यिनका सेवा 'साइन अप' गर्दा (खोल्दा) एउटा साधारण क्लिकले लाखौं व्यक्तिलाई निजी तानाशाहीको अधीनमा पुऱ्याउँछ। कर्पोरेट तानाशाहीका निजी टापु सधैं लोकतान्त्रिक स्वशासनसँग टकरावमा रहेका हुन्छन् र अतीतका कम्पनी-राज्यको नियतिले यसपटक पनि यी नयाँ कम्पनी राज सकिन सक्छन्। इस्ट इन्डिया कम्पनीप्रतिको विरोध र विद्रोहले बेलायती शासकलाई उपमहाद्वीपमा प्रत्यक्ष नियन्त्रण लागू गर्न र अन्ततः कम्पनीलाई भंग गर्न बाध्य तुल्याएको थियो। अन्यत्र उपनिवेशी कम्पनीले प्रायः निर्दयतापूर्वक शासन गरेका थिए, कानुनी सुरक्षा कवचको पछाडि लुकेर जवाफदेहिताबाट जोगिएका थिए, तर अत्यधिक ऋणभार वा अव्यवस्थाले ती पराजित भए। उत्तर अमेरिकामा उपनिवेशी कम्पनीको बडापत्र क्रमशः विधानमा परिवर्तन भएका थिए, जसले कार्यकारी शक्तिलाई सीमित गर्दै जनतालाई मतदानको अधिकार प्रदान गरेको थियो। सरकारबाट व्यापारलाई अलग राख्नु दिनानुदिन कठिन हुँदै गइरहेको छ र यो केवल अमेरिकामा मात्रै सीमित छैन। पर्याप्त समय र धन भएका व्यापारिक अगुवा सार्वजनिक शक्ति खोजेर निजी शक्तिमा नियन्त्रण हटाउने सम्भावना लागि अत्यधिक आकर्षक बनिरहेका छन्। अब हामीले व्यापार-व्यवसायलाई सार्वजनिक जीवनमा खुलेआम सरकारले नियन्त्रणमा लिँदै गरेको देख्दा हामीसँग दुई विकल्प मात्र छन्- यिनलाई लोकतान्त्रिक बनाउने वा आफू लोकतन्त्रका भ्रमबाट मुक्त हुने।

(पिस्टोर कोलम्बिया ल स्कुलकी कम्प्यारेटिभ लकी प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

महामारीका वेला लिइएको विषाक्त नीतिले दक्षिणपन्थको विश्वव्यापी उभार

अमेरिकादेखि अस्ट्रिया, इटालीदेखि जर्मनीसम्म महामारीको व्यवस्थापनले उब्जाएको असन्तुष्टिबाट उग्र दक्षिणपन्थी दलहरू ठुलो लाभ उठाउन सफल भएका छन्



● जन वर्नर मुलर



विश्वभर दक्षिणपन्थको लहर आएको छ। यस क्रममा अमेरिकामा डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्किएका छन्। त्यस्तै उग्र दक्षिणपन्थी दल विश्वयुद्धपछि पहिलोपटक अस्ट्रियाको चान्सलरसिप (प्रधानमन्त्री कार्यालय) कब्जा गर्ने स्थितिमा पुगेको छ। जर्मनी चुनावतिर बढिरहेको छ। 'ट्राफिक लाइट' गठबन्धन भनिने वर्तमान सत्तारूढ गठबन्धन तोडिएपछि अर्को महिना(फेब्रुअरी) त्यहाँ चुनाव हुन लागेको हो। त्यहाँ पनि दक्षिणपन्थीहरू हाबी हुने मतसर्वेक्षणले देखाउँछ। के यी प्रत्येक देश आफ्नै तरिकाले दुःखी छन् (टोल्सटोयले आन्ना कारेनिनामा भनेजस्तो) वा तिनको असन्तुष्टिमा कुनै साझा कारक तत्त्व छन् ?

धेरै विश्लेषकले पछिल्ला राजनीतिक परिणामलाई सत्तारुढ दलविरोधी मनोविज्ञान अर्थात् 'एन्टी-इन्कुमबेन्सी' परिणतिका रूपमा व्याख्या गरिरहेका छन्। तर, यतिले मात्र हामीलाई मतदातामा किन सत्ताधारीविरोधी भावना विकास भयो भन्ने स्पष्ट बताउँदैन। निश्चित रूपमा मुद्रास्फीति (महँगी) माथिको बहसले यसतर्फ संकेत गर्छ। तर, अर्को त्यति नै महत्त्वपूर्ण तर धेरै हदसम्म बेवास्तामा परेको कारण पनि छ, महामारीविरुद्ध अपनाइएका नीति र त्यसले निम्त्याएको परिणाम। महामारीका नीतिले कयौँ समुदाय लामो समयसम्म हारेको भावनामा बाँच्न बाध्य भए। त्यति मात्र नभई यसले नसुल्झिएको अन्तरविरोध र गहिरो अविश्वासको जग बसायो।

अस्ट्रियाकै उदाहरण लिऊँ, जहाँ महामारीको व्यवस्थापनले उब्जाएको असन्तुष्टिबाट उग्र दक्षिणपन्थी दल ठुलो लाभ उठाउन सफल भएका छन्। इटलीमा सम्पन्न गत चुनावमा उग्र दक्षिणपन्थी दल 'फ्राटेली डी'इटालिया (इटालीका भाइ)' विजयी भयो। जर्जिया मेलोनीको सो दललाई मतदान गर्ने ४० प्रतिशत मतदाताले कोभिड-१९ विरुद्धको खोपसम्बन्धमा अघिल्लो सरकारले लिएका निर्णय 'नागरिकको स्वतन्त्रतामाथिको लोकतान्त्रिक आक्रमण'का रूपमा लिएको पाइएको छ। ट्रम्पले आफ्नो दोस्रो शपथग्रहणपछि दिएको भाषणमा खोपसम्बन्धी जनादेशको अवज्ञा गरेका कारण बर्खास्त गरिएका सैनिकलाई पुनर्स्थापित गर्ने कुरा उल्लेख गर्दा भिडबाट सबैभन्दा ठुलो समर्थनको आवाज आएको थियो।

सरकारको सामान्य नियमनको समेत विरोध जनाउने 'लिबरटेरियन' समूहबाट विगतमा हुने गरेका प्रतिबन्ध र

> धेरै टिप्पणीकार उग्र दक्षिणपन्थी दलको उदयलाई सत्तारूढ दलविरुद्ध विकसित 'एन्टी-इन्कुम्बेन्सी' मनोविज्ञानलाई औंल्याएर पन्छने गरेका छन्। तर, त्यसले मात्र मतदातामा सत्ताधारीविरोधी भावना किन विकास भयो भनेर बताउँदैन। बरु धेरैको नजरमा बेवास्तामा परेको कोभिड- १९ विरुद्ध सरकारले लिएका नीति, त्यसले विकास गरेको विभाजन र अविश्वासले यसलाई व्याख्या गर्न सघाउँछ।

जनादेशप्रतिको आक्रोश एउटा कुरा हो भने वैज्ञानिकप्रतिको स्थायी अविश्वास अर्को कुरा। पछिल्लोले जनस्वास्थ्य मात्र नभई जलवायु नीति र उच्च राजनीतीकरण गरिएका विज्ञानका अन्य क्षेत्रलाई पनि असर गर्ने निश्चित छ। अमेरिकी पूर्वराष्ट्रपति जो बाइडेनले उनको शासनको अन्तिम समयमा महामारीकालमा अमेरिकाको संघीय संक्रामण रोग निकायका प्रमुख एन्थोनी फौसीलाई पूर्वमाफी दिए। ट्रम्पले सत्ता सम्हालेपछि उनीलगायत अन्य वैज्ञानिकमाथि कानुनी कारबाही गर्ने चिन्ताका कारण सो कदम चालेको बताइन्छ। हुन पनि ट्रम्पवादीहरूले निकालेको कालोसूचीमा फौसीको नाम पनि उल्लेख थियो। बाइडेनको प्रयासका बाबजुद ट्रम्पले फौसीलाई दिइएको संघीय सुरक्षा हटाए आफ्नो मतदातालाई खुसी पार्न खोजे। जबकि, फौसीले नियमित रूपमा ज्यान मार्ने धम्कीहरूको सामना गरेका छन्।

ट्रम्पले 'नेसनल इन्स्टिच्युट अफ हेल्थ(एनआइएच)'को नेतृत्व गर्न मनोनीत गरेका जय भट्टाचार्य महामारी नियन्त्रणविरुद्ध चालिएका कदमको विरोध गर्ने सबैभन्दा चर्चित विज्ञ हुन्। उनले महामारीकालमा यसको जोखिम घटाउन लकडाउन लगाउन नहुने बरु कोराना भाइरसलाई व्यापक रूपमा फैलिन दिनुपर्ने वकालत गरेका थिए। त्यसले मात्र आम जनसंख्यामा रोगविरुद्ध प्रतिरक्षा 'हर्ड इम्युनिटी' विकास गर्ने उनको दाबी थियो। उनले हालको विज्ञान कोष खारेज गरेर यसलाई विश्वविद्यालयको शैक्षिक स्वतन्त्रताको स्तरसँग जोड्ने बताएका छन्। यद्यपि यस्तो मूल्यांकन कसरी गरिनेछ भने उनले खुलाएका छैनन्। गत वर्ष भट्टाचार्य जलवायु परिवर्तन अस्वीकार गर्ने शक्तिशाली संस्था 'हार्टल्यान्ड इन्स्टिच्युट'ले आयोजना गरेको 'लाभ रात्रिभोज'मा बोल्न सहमत भएका थिए। त्यस रात्रिभोजका अन्य वक्तामा दक्षिणपन्थी ब्रिटिस नेता निगेल फराज र रुस समर्थक, उग्र दक्षिणपन्थी अस्ट्रियाली राजनीतिज्ञ हारल्ड भिलिम्स्की समावेश थिए।

वैज्ञानिक खोजका निष्कर्षप्रति सशंकित हुनु आफैंमा गलत कुरा होइन। कार्ल पपरलगायत धेरै विज्ञानका दार्शनिकले तर्क गरेझैं वैज्ञानिकहरू आफ्ना तर्क अरूबाट झुटो साबित हुने प्रयासप्रति खुला रहनुपर्छ। अर्थात्, तिनले आफ्ना दलिलमाथि उठेका प्रश्न र संशोधनलाई स्वागत गर्नुपर्छ। समस्या के भने आम समुदायका थोरै हिस्सा मात्र वैज्ञानिक बहसको मूल्यांकन गर्ने सामर्थ्य राख्छौं। प्रचलित सहमतिलाई चुनौती दिनु त झन् परको कुरा हो। तर पनि आजको सूचना प्रविधिको युगमा, महामारीको समयमा के गलत भएको थियो भन्ने कुरालाई अस्पष्ट सन्दर्भ दिएर र वैज्ञानिकलाई अधिक अधिकार दिइएको वा धेरै कुरा ढाकछोप गरिएको भन्ने खालका षड्यन्त्र सिद्धान्तमाथि प्रकाश पार्न पहिलेभन्दा सजिलो भएको छ।

निश्चित रूपमा महामारी सम्बन्धमा उठेका अधिकांश मतविभाजन विद्यमान राजनीतिक विभाजनकै लाइनमा बाँडिएको थियो। यो अवस्था अपरिहार्य हुनुहुँदैनथ्यो। केही राजनीतिज्ञले भाइरसलाई समाजमा पहिलेदेखि चलिरहेको संस्कृति युद्धमा अर्को मोर्चाको रूपमा विस्तार गर्दा यस्तो अवस्था निम्तियो। उग्र दक्षिणपन्थी विचारधारा बोक्ने समूहभित्र पनि राजनीतिक मार्गहरू फरक थिए। ट्रम्प र ब्राजिलका पूर्वराष्ट्रपति जैयर बोल्सोनारोले लिबरटेरियन (स्वतन्त्रतावादी) नीतिहरू र अप्रमाणित उपचार विधिलाई (जस्तै ट्रम्पले संक्रमितलाई 'ब्लिच'को इन्जेक्सन दिने) बढावा दिए। उता हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले उदारवादी राजनीतिज्ञकै जस्तो अपेक्षाकृत प्रतिबन्धात्मक दृष्टिकोण अपनाए।

आगामी दिनमा के गर्न सकिन्छ ? एउटा विकल्प भनेको महामारीलाई कसरी सम्हालियो भन्ने कुराको उचित ऐतिहासिक रेकर्ड बनाउन स्वतन्त्र आयोग गठन गर्नु हो। कसले कुन निर्णय गरे र किन गरे ? तिनले कति अनिश्चितताको सामना गरिरहेका थिए, र तिनीहरूले जोखिम र नाफा-घाटा कसरी मूल्यांकन गरे ? भन्ने विषय समेट्ने गरी तथ्य खोज्नुपर्छ। सिद्धान्ततः विभिन्न राजनीतिक खेमामा पहिले नै यस्तो विचारप्रति समर्थन छ। यहाँसम्म कि भेन्चर क्यापिटालिस्ट तथा उग्र दक्षिणपन्थी अभियानमा लगानी गरिरहेका पिटर थिएलले समेत हालै दक्षिण अफ्रिकामा रंगभेद शासन अन्त्य भएपछि गठन गरिएजस्तो 'सत्य तथा मेलमिलाप आयोग'को मोडेलमा तथ्य-खोज पहलका लागि आह्वान गरे।

निःसन्देह यसमा खतरा पनि छ। विशेषतः यस्ता आयोग गठन गरिनेबित्तिकै तिनलाई कुनै दलको पक्षपाती रूपमा बुझिन सक्छ, मुख्यतः पहिलेदेखि वैज्ञाकिप्रति अविश्वास गर्ने व्यक्तिको नजरमा। कोरोना भाइरस महामारीबारे अमेरिकी संसद्ले गठन गरेको 'हाउस सेलेक्ट उपसमिति' पनि यही नियति भोगिएको थियो। त्यसको अन्तिम रिपोर्टले थोरै राष्ट्रिय ध्यान आकर्षित गऱ्यो। यसको एउटा सम्भावित समाधानका रूपमा अदालतमा चुनिने जुरी समूहजस्तै आमनागरिकबाट अनियमित रूपमा चयन गरेर नागरिक सभा गठन गर्न सकिन्छ। निवर्तमान जर्मन चान्सलर तथा समाजवादी पार्टीका नेता ओलाफ स्कोल्जले समेत महामारीकालमा स्कूल बन्द अलि बढी भएको भनेर अनुसन्धान आयोगको दृष्टिकोणको स्वागत गरे।


आलोचकहरूले यसको पनि विरोध गर्नेछन्। किनकि 'सामान्य नागरिक'ले पहिले विशेषज्ञहरूको कुरा सुन्नुपर्नेछ। त्यस्तै विशेषज्ञ गवाहीको छनोटको पनि जुनसुकै खोपप्रति शंका व्यक्त गर्ने समूह वा राजनीतिक स्वार्थका लागि काम गर्ने मानिसका लागि विवादको स्रोत रहनेछ। तर, सार्वजनिक रूपमा विभिन्न मूल्यांकन (षड्यन्त्रको सिद्धान्तबाहेक) प्रसारण गरिँदा आम मानिसमा एक न्यायको भाव दिनेछ। नागरिक सभाले दिएको अन्तिम प्रतिवेदन सबैले स्वीकार नगर्न सक्छन्, तर यसले कम्तीमा आधिकारिक रेकर्ड तयार गर्नेछ। मध्य युरोप, ल्याटिन अमेरिका र अन्यत्र विगतका तानाशाहीविरुद्ध यस्तै आयोग गठन गर्ने कार्यको विरोध भए। तर, तीमध्ये थोरै देशले मात्र पछि यस्तो आयोग गठन गरेकोमा पछुताए। आजको दिनमा, महामारीको विषाक्त राजनीतिक विरासतलाई कम गर्ने कुनै पनि प्रयासलाई स्वागत गर्नुपर्छ।

(प्रिन्सटन विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक मुलरको सबैभन्दा पछिल्लो पुस्तक 'डेमोक्रेसी रुल्स' २०२१ मा प्रकाशित भएको थियो।)

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज

जनवरी ३०



सन् १९४८ : हिन्दु अतिवादी नाथुराम गोड्सेले महात्मा गान्धीलाई गोली हानी हत्या गरे।

सन् १६४९ : इंग्ल्यान्डका राजा चार्ल्स प्रथम लन्डनमा घाँटी काटेर मारिए। उनलाई नयाँ गणतन्त्रका शासकले तानाशाहका रूपमा शासन गर्न खोजेको र जनताको अधिकार खोसेको आरोपमा मृत्यदण्डको सजाय सुनाएका थिए।

सन् १६६१ : बेलायतमा राजतन्त्र पुनर्स्थापना भएपछि दश वर्ष त्यसलाई उन्मूलन गरेर शासन गरेका ओलिभर क्रमबेललाई मृत्युपछि पनि चिहानबाट निकालेर झुन्ड्याइयो।

सन् १८१५ : बेलायतले अघिल्लो वर्ष जलाएर नष्ट गरिदिएको अमेरिकन लाइब्रेरी कंग्रेसी राजनीतिज्ञ थोमस जफरसेनको लाइब्रेरीको ६ हजार पाँच सय पुस्तक किनेर पुनः सुरु गरियो।

सन् १८२६ : विश्वको पहिलो आधुनिक झोलुंगे पुल मेनाई झोलुंगे पुल वेल्सको उत्तरपूर्वी किनारामा बनाइयो।

सन् १८३५ : रिचर्ड लरेन्स नामक पेन्टरले तत्कालीन अमेरिकी राष्ट्रपति एन्ड्रयु ज्याक्सनमाथि दुईपटक गोली प्रहार गरे। तर, दुवै मिसफायर हुँदा ज्याक्सन बाँच्न सफल भए।

सन् १८८२ : अमेरिकाको इतिहासमा दुईपटकभन्दा बढी (चारपटक) राष्ट्रपति हुने प्रर्याालिन डी. रुजबेल्ट आजकै दिन जन्मिएका थिए।

सन् १९३३ : जर्मनीका राष्ट्रपति पल भोन हिन्डनबर्गले एडोल्फ हिटलरलाई देशको प्रधानमन्त्री (चान्सलर) चुने। अघिल्लो वर्ष जुलाईमा भएको चुनावमा नाजी पार्टी ६०८ सिटको संसद्मा २३० सिट जितेर पहिलो दल बनेको थियो। नाजी पार्टी र ७५ सिट भएको सेन्टर पार्टी मिलेर सरकार गठन गरेका थिए।

सन् १९७२ : नर्दन आयरल्यान्डमा बेलायती शासनविरुद्ध भएको शान्तिपूर्ण विरोध सभामा ब्रिटिस सेनाले गोली प्रहार गर्दा १४ जनाको ज्यान गयो, जसलाई त्यहाँ अझै 'ब्लडी सनडे'का रूपमा सम्झना गरिन्छ।

सन् २०२० : विश्व स्वास्थ्य संगठनले कोभिड- १९ लाई स्वास्थ्य संकटकाल घोषणा गऱ्यो।

विश्व संक्षेप

दक्षिण सुडान विमान दुर्घटनामा २० जनाको मृत्यु

जुबा/ दक्षिण सुडानमा विमान दुर्घटना हुँदा कम्तीमा २० जनाको मृत्यु भएको प्रदेशका सूचना तथा सञ्चारमन्त्री गतवेच विपालले बुधबार जानकारी दिएका छन्। राजधानी जुबाका लागि उडेको विमान करिब १०:३० बजे युनिटी राज्यको तेल क्षेत्रनजिकै खसेपछि दुर्घटनाग्रस्त भएको थियो। 'विमान विमानस्थलबाट ५०० मिटर टाढा दुर्घटनाग्रस्त भयो। विमानमा २१ जना सवार थिए। एकजनाको जीवितै उद्धार भएको छ,' विपालले भने। ग्रेटर पायोनियर अपरेटिङ कम्पनी (जिपिओसी)ले चार्टर्ड गरेको विमान लाइट एयर सर्भिस एभिएसन कम्पनीले सञ्चालन गरिरहेको उनले बताए।

जापानमा आत्महत्या गर्ने विद्यार्थीको संख्या बढ्दो



टोकियो/ जापानमा सन् २०२४ मा विद्यालयका विद्यार्थीले आत्महत्या गर्ने दर एक वर्षअघिको भन्दा बढेको त्यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी तथ्यांकले देखाएको छ। मन्त्रालयका अनुसार सन् २०२३ मा ५१३ जना विद्यार्थीले आत्महत्या गरेकोमा सन् २०२४ मा यो संख्या ५२७ पुगेको थियो। यद्यपि, सबै उमेर समूहका मानिसको आत्महत्या दर २० वर्षको अवधिमा ७.२ प्रतिशतले कमी भएको देखिएको छ। सन् २००३ मा ३४ हजार ४२७ जनाले आत्महत्या गरेकोमा यो संख्या बीस वर्षपछि अर्थात् सन् २०२४ मा २० हजार २६८ मा झरेको थियो। जापानमा २० वर्षभन्दा कम उमेर समूहमाझ आत्महत्याको संख्या भने सन् २०२३ मा ८१० जना रहेकामा सन् २०२४ मा घटेर ८०० मा झरेको पछिल्लो तथ्यांकले देखाएको छ।

जापानमा हरेक वर्ष अगस्टको अन्त्यदेखि सेप्टेम्बरको सुरुसम्म हरेक गर्मीयामको बिदाको अन्त्यमा किशोर-किशोरीको आत्महत्या उच्च देखिन्छ। विगतको विश्लेषणले किशोर-किशोरीले अध्ययन, बदमासी, सम्बन्ध, क्यारिअर छनोट र स्वास्थ्य समस्यासँग सम्बन्धित धेरै दबाबको सामना गरिरहेको देखाएको छ।

हसिनाको पार्टीद्वारा आमहडतालको आह्वान

ढाका/ बंगलादेशको अबामी लिग पार्टीले आफ्ना नेता तथा पूर्वप्रधानमन्त्री सेख



हसिनाविरुद्ध लगाइएका 'झुटा मुद्दा' र देशमा धार्मिक अल्पसंख्यकमाथि भइरहेको उत्पीडनको विरोधमा आमहडताल र राष्ट्व्यापी नाकाबन्दीलगायत राजनीतिक कार्यक्रमको घोषणा गरेको छ। पार्टीले मंगलबार राति एक विज्ञप्ति जारी गर्दै आफ्नो आगामी आन्दोलनको कार्यक्रम र मागको खाका प्रस्तुत गरेको छ। सो क्रममा उसले आफ्ना गतिविधिमा बाधा पुऱ्याइए कडा कदम चाल्ने चेतावनी पनि दियो। पार्टीले जारी गरेको विज्ञप्तिअनुसार शनिबार (फेब्रुअरी १) देखि बुधबार (फेब्रुअरी ५) सम्म पार्टी सदस्यले पर्चा वितरण गर्नेछन् भने बिहीबार (फेब्रुअरी ६) मा विरोध प्रदर्शन र जुलुस निकालिनेछ। त्यसपछि फेब्रुअरी १० मा दोस्रो विरोध प्रदर्शन तथा जुलुस गरिनेछ र फेब्रुअरी १६ मा पार्टीले देशव्यापी नाकाबन्दी सुरु गर्नेछ। फेब्रुअरी १८ मा बिहानदेखि साँझसम्म 'आम हडताल' गरिनेछ।'

दक्षिण कोरियाली विमानमा आगलागी, सबै यात्रु सकुशल

सियोल/ दक्षिण कोरियाको विमानस्थलमा मंगलबार उडान गर्न लागेको एक विमानमा आगलागी भयो। आगजनीपछि जहाजमा रहेका १७६ यात्रुलाई सुरक्षित रूपमा बाहिर निकालिएको अधिकारीहरूले बताएका छन्। दक्षिण कोरियाली एयरलाइन्स एयर बुसानद्वारा सञ्चालित एयरबस विमान हडकडका लागि प्रस्थान गर्ने तयारी गरिरहेका वेला पछाडिको भागमा आगलागी भएको यातायात मन्त्रालयले विज्ञप्तिमा जनाएको छ।

विमानका १६९ यात्रु, ६ चालकदलका सदस्य र एकजना इन्जिनियरलाई एस्केप स्लाइड प्रयोग गरेर बाहिर निकालिएको मन्त्रालयले जनाएको छ। राष्ट्रिय अग्नि नियन्त्रण निकायले जारी गरेको विज्ञप्तिमा उद्धारका क्रममा तीनजना सामान्य घाइते भएको जनाइएको छ। अग्नि नियन्त्रण निकायले घटनास्थलमा दमकल र दमकलकर्मी परिचालन गरेको एक घण्टापछि स्थानीय समयानुसार राति ११:३१ बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको बतायो। आगलागीको कारण तत्काल थाहा हुन सकेको छैन।

गाजा युद्धमा एक नर्सको अनुभूति

अन्ततः गाजा युद्धविराम कार्यान्वयनमा आएको छ। १५ महिनाको अथक नरसंहार युद्धपछि हामी अन्ततः राहतको सास फेर्न सक्षम भएका छौं। हामीमध्ये धेरैजना आफ्ना घर फर्कन पनि सफल भयौं। केही मानिस फर्किने प्रक्रियामा छन्। जब हामी गोलाबारीमुक्त क्षण महसुस गर्छौं, संसार भने कसले जित्यो भन्नेबारे उग्र बहसमा व्यस्त देखिन्छ। के इजरायल विजयी भएको छ ? वा हमासले विजयको घोषणा गर्न सक्छ ? वा वीर प्यालेस्टिनी जनता विजेता हुन् ?

म एक नर्स हुँ, तर पण्डित (विज्ञ) होइन। त्यसैले मसँग प्रस्ताव गर्ने कुनै जवाफ छैन। तर, म तपाईंहरूलाई भन्न चाहन्छु प्रिय पाठक, हाम्रो अस्तित्वका कारण संसारलाई धोका दिनुहुँदैन। गाजामा जीवित रहनु वीरताको पर्याय होइन। मृत्युबाट भाग्नु विजय होइन। बल्लतल्ल बाँच्यौं। दर्सौं हजार प्यालेस्टाइनी मृत्युको मुखमा धकेलिए। नरसंहार युद्धले समयलाई एउटा गोलाकार वृत्तमा बन्दी बनायो। न कुनै सुरुवात थियो, न त अन्त्य नै। न कुनै गन्तव्य थियो, जसतर्फ हामी अघि बढिरहेका थियौं। हामी हरेक दिन केबल वृत्तमा घुमिरहेका थियौं र अहिले त्यही चक्रको सुरुवातमा फर्किएका छौं।



● हदिल अवद

हरेक दिन प्रत्येक परिवार आधारभूत आवश्यकता, जस्तै- स्वच्छ पिउने पानी, सरसफाइ तथा लुगा धुने प्रयोजनमा प्रयोग हुने पानी, खानेकुरा र आगोका लागि केही खोज्न बाहिर जानुपर्थ्यो। यी सबै प्राप्त गर्न घन्टौं लाग्थ्यो। हामीलाई दिइएको रोटी (जसलाई प्राप्त गर्नु हामीले अधिकार हो भन्ने सोचेका थियौं) प्राप्तिका लागि ठुलो संघर्ष गर्नुपर्थ्यो। परिवारको पैसा सकियो। सहायता संस्थाहरूको रासन सकियो। कहिले किरा लागेको पिठो र म्याद गुज्रिएको डिब्बाभित्र राखिएका खानेकुरा पाउँदासमेत मख्ख पर्नुपर्थ्यो। यो चक्र बिमारी वा मृत्युले मात्र टुट्यो। आफ्ना प्रियजनलाई गाड्न र शोक मनाउन मात्र मानिसले यस्तो दिनचर्या तोड्थे।

इजरायली सेनाको हातबाट प्यालेस्टिनी बालबालिका, महिला र पुरुषको हिंसात्मक मृत्युको धेरै तस्बिर र भिडियो बाहिरी संसारले देख्यो। तर, तिनीहरूले अर्को मौन, दीर्घकालीन बिरामी वा उपचारयोग्य रोगबाट संक्रमितको पीडादायी मृत्यु देखेनन्। एन्टिबायोटिकको अभावमा संक्रमण भएका मानिसको मृत्यु भएको थियो। हामीसँग मिर्गौला समस्या भएका मानिसको मृत्यु भयो, किनभने कुनै समयमा डायलासिस यदाकदा मात्र उपलब्ध थियो। थोरै चिकित्सा सुविधामा मात्र यस्तो सेवा उपलब्ध थियो। यी मृत्यु आधिकारिक नरसंहारको मृत्युको संख्यामा जोडिएका थिएनन् र अझै पनि तिनीहरूमध्ये धेरैलाई रोक्न सकिने थियो।

विस्थापित शिविरका गल्लीमा जोकोहीले पनि शोकमा बाँचेकाहरू, सुँक्कसुँक्क रोइरहेका वा चुपचाप बसिरहेका पीडित देख्न सक्थ्यो। मृत्युबाट उम्केका मानिस पनि समयको चक्रमा फर्किनेछन्। यति धेरै महिनाको सामूहिक क्षति, उत्पीडन र आकांक्षापछि मृत्युबाट उम्कनका लागि हृदयमा थप ठाउँ छैन जस्तो लाग्यो। अन्य धेरै प्यालेस्टिनीजस्तै म पनि डरलाग्दो ढंगले मौन र गतिहीन भएँ।

हालसालै हामीले हाम्रो धर्तीलाई मुस्कान र जीवनले भरिरहेका थियौं। हामी हाम्रा ठुल्ठुला सपना र आशा बोकेर बसेका थियौं। तर, हामीले अब आफूलाई चिन्न सकेनौं। 'हामी हामीजस्तो छैनौं। हामी अब हामी रहेनौं !' हामीले यस्तै-यस्तै सोच्यौं। सामूहिक पीडा यति निरपेक्ष र यति भारी थियो कि त्यहाँ सान्त्वना खोज्ने ठाउँ थिएन।



> हरेक दिन प्रत्येक परिवार आधारभूत आवश्यकता, जस्तै- स्वच्छ पिउने पानी, सरसफाइ तथा लुगा धुने प्रयोजनमा प्रयोग हुने पानी, खानेकुरा र आगो खोज्न बाहिर जानुपर्थ्यो। यी सबै जुटाउन घन्टौं लाग्थ्यो। कहिले किरा लागेको पिठो र म्याद गुज्रिएको डिब्बाभित्र राखिएका खानेकुरा पाउँदासमेत मख्ख पर्नुपर्थ्यो।

भित्र के भइरहेको छ भनेर कसैले बताउन सक्दैनथे, किनभने सबै त्यही अँध्यारो ठाउँमा थिए। तर, प्रिय पाठक ! सामूहिक पीडा र सामूहिक मृत्युबारे रमाइलो कुरा यो हो कि तिनीहरूले सबै कुराका बाबजुद तपाईंलाई बचाउँछन्। गाजाका सबै कुराले तपाईंको मृत्युका लागि आह्वान गऱ्यो, तर तपाईंले त्यसबाट जीवन बनाउन सिक्नुभयो। वास्तवमा हामी अब हामी होइनौं, तर हामी मरेका छैनौं। संघर्ष जारी राख्न र थप समय बाँच्नका लागि हामीमा नयाँ संस्करण सिर्जना गरिएको छ। समयको अनन्त घेरामा मानिसले सन्तुष्टि वा उद्देश्यको भावना महसुस गर्ने तरिका अझै पनि खोज्छन्। मैले अस्थायी क्लिनिकमा नर्सको रूपमा स्वयंसेवा गरेर र कफीको खोजीमा लामो पैदलयात्रा गरेर त्यसो गरैं। यी मेरो जीवनको अवज्ञाका कार्य थिए।

भोकमरीले गाजामा ठुलो र गम्भीर असर गऱ्यो। खान नपाएर नै ठुलो संख्यामा मानिसको मृत्यु भयो। तर, मैले यसको अर्को पक्ष पनि हेर्ने प्रयास गरैं। म प्रायः मनमनै खुसी पनि थिएँ कि मैले अन्ततः मैले चाहेको तौल घटाउन पाएकी छु। किनकि, मैले विगतमा प्रयास गरेको सबै स्वस्थ आहारका बाबजुद पनि तौल घटाउन सकेकी थिइनँ। मैले पालमा कठोर जीवनबिच मेरी आमाको कपालमा हिउँजस्तै सेतोले अतिक्रमण गरेको देखैं। तर, त्यसमा पनि हामी हाँसिरहयौं। मलाई थाहा थियो कि यी रंगहरूले उनलाई हराउँदैनन्। उनी रडहरू मन पराउँछिन् र त्यसलाई फिट गर्नका लागि वशमा राख्ने सबैभन्दा कुशल महिला हुन्, उनी।

१५ महिनाको नरकपछि, हामी हाम्रो आश्रय र पालबाट सर्वनाश दृश्य हेर्न निस्केका छौं। हामी अझै पनि भग्नावशेषमुनिबाट निकालिएका मृतक गनिरहेका छौं, जसलाई जुत्ता वा सर्टले मात्र चिन्न सकिन्छ। म विनाशमार्फत हेर्छु र हामीलाई बाँचेकाहरू देख्छु। हामी नायक भएर मृत्युले हामीलाई पराजित नगरेको होइन, बरु हामीले जीवनलाई माया गर्ने भएकाले बाँचेका हौं। प्रिय पाठक ! के जीवनमा टाँसिनु भनेको विजय हो ?

(हदिल गाजास्थित लेखक र नर्स हुन्। नोभेम्बर २०२३ मा इजरायली सेनाले आक्रमण नगर्दासम्म उनी चर्चित अल सिफा अस्पतालमा काम गर्थिन्।)

अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १७ माघ ०८१

कांग्रेस मुख्यालयमा युवालक्षित 'स्टार्टअप' बहस

नवीन विचार र स्वलगानीमा रुचि राख्ने युवालाई उद्यमशीलतामा जोड्दै रोजगारी सिर्जना गर्ने तथा अर्थतन्त्रमा सुधार ल्याउन दलका तर्फबाट पहलकदमी लिनुपर्ने सन्देश बाँड्न स्टार्टअपलाई प्रवर्द्धन गर्दै कांग्रेस

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

युवालाई नवप्रवर्तन र उद्यमशीलतामा जोड्दै आर्थिक रूपान्तरणको सम्भावनाबारे कांग्रेसले साना तथा मझौला व्यवसायको सम्भावना र प्रवर्द्धनबारे बहस थालेको छ। उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागको आयोजनामा बुधबारबाट केन्द्रीय कार्यालय सानेपामा 'नेपाल स्टार्टअफ र साना तथा मझौला व्यवसाय सम्मेलन'मार्फत साना व्यवसायको सम्भावनाको खोजी थालिएको हो।

कार्यक्रमको उद्घाटन गर्दै सभापति शेरबहादुर देउवाले सम्मेलनले नवीन उत्पादन र सेवाको प्रदर्शनीले स्थानीय उद्यमशीलतालाई प्रोत्साहन गर्ने तथा लगानीकर्तालाई पनि अवसर दिलाउन भूमिका खेल्ने विश्वास व्यक्त गरे। थोरै लगानीमै स्टार्टअप व्यवसायलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सके रोजगारी वृद्धिमा क्रान्ति ल्याउन सकिने सम्भावनासमेत रहेको सभापति देउवाले बताए। 'गाउँदेखि उद्यमको विकास हुँदै जाँदा सानो लगानीले पनि रोजगारी र आत्मनिर्भरतामा सहयोग पुऱ्याउँछ। पछिल्लो समय स्टार्टअपतर्फ आकर्षण बढ्दो छ। युवा पुस्ताले थोरै लगानीमा पनि सिर्जनात्मक ढंगले काम गर्ने प्रयास गर्दै छन्,' उनले भने, 'यस्ता उद्यम सञ्चालन गर्न सहुलियतपूर्ण ऋण, तालिम, सीप विकास र विशेष अनुदान पनि आवश्यक पर्छ। व्यवसायमा टिक्नका लागि उद्यमीले धैर्यसँगै निरन्तरता दिनुपर्ने भएकाले सरकारको साथ, समर्थन र संरक्षकत्व अपरिहार्य हुन्छ।'

बेरोजगारी समस्यामा पिरोलिएका युवालाई स्वरोजगारको नयाँ ढोका खोल्ने प्रयास गरेको कांग्रेसको भनाइ छ। सभापति देउवाले नवप्रवर्तन र उद्यमशीलताका माध्यमबाट विश्वव्यापी मन्दीको मारमा परेको मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउनसमेत टेवा पुग्ने विश्वास व्यक्त गरे। सम्मेलनमा व्यवसाय प्रारम्भ गर्ने उद्यमीदेखि, व्यवसायीहरूलाई प्रोत्साहन र प्रवर्द्धनका बिषयमा प्रदर्शनी र छलफलमा सत्रहरू राखिएका छन्।

विभाग संयोजक उर्मिला थपलियाले डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन र साना उद्यमीलाई प्रोत्साहन गर्नका लागि सम्मेलन आयोजना गरिएको बताइन्। सिकाइ, अनुभव र विचारबाट एकअर्कामा ज्ञानको प्रवाह हुने र युवा उद्यमी एवं नयाँ पुस्ता जोडिँदा अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने उनको भनाइ छ।



केन्द्रीय कार्यालय सानेपामा बुधबारदेखि सुरु भएको 'नेपाल स्टार्टअफ र साना तथा मझौला व्यवसाय सम्मेलन'मा सहभागी हुँदै कांग्रेस सभापति शेरबहादुर देउवालगायतका नेताहरू। तस्बिर : नयाँ पत्रिका

युवाले थोरै लगानीमा पनि सिर्जनात्मक ढंगले काम गर्दै छन्



● **शेरबहादुर देउवा**, सभापति, नेपाली कांग्रेस

गाउँदेखि उद्यमको विकास हुँदै जाँदा सानो लगानीले पनि रोजगारी र आत्मनिर्भरतामा सहयोग पुऱ्याउँछ। पछिल्लो समय स्टार्टअपतर्फ आकर्षण बढ्दो छ। युवा पुस्ताले थोरै लगानीमा पनि सिर्जनात्मक ढंगले काम गर्ने प्रयास गर्दै छन्। यस्ता उद्यम सञ्चालन गर्न सहुलियतपूर्ण ऋण, तालिम, सीप विकास र विशेष अनुदान पनि आवश्यक पर्छ। व्यवसायमा टिक्नका लागि उद्यमीले धैर्य सँगै निरन्तरता दिनुपर्ने भएकाले सरकारको साथ, समर्थन र संरक्षकत्व अपरिहार्य हुन्छ।

> बेरोजगार युवालाई स्वरोजगारको ढोका खोल्ने प्रयास गरेको कांग्रेसको भनाइ

कानुनी जटिलताहरू हटाउनुपर्ने आवश्यकतासमेत औंल्याएका छन्। राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले सरकारको साथ बिना स्टार्टअप र उद्यमशीलताले गति लिन नसक्ने बताए। स्टार्टअपलाई सरकारको नीति, शिक्षा, तालिम र बैंकिङ सहयोग आवश्यक हुने उनको भनाइ थियो।

उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले अध्यादेशमार्फत विभिन्न ऐन संशोधन गरेर उद्योगी व्यवसायीहरूलाई सहज बनाएको धारणा राखेका थिए। उनले महासंघले सबैलाई समेट्न नसक्ने भएकाले राजनीतिक दलहरूले नवप्रवर्तनका कामलाई प्रोत्साहन गर्न सकेमा युवाहरूलाई लगानी र स्टार्टतर्फ आकर्षित गर्न सकिने बताए।

त्यस्तै, महिला उद्यमी महासंघ अध्यक्ष शोभा ज्ञवालीले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताइन्। नेपालमा महिलाहरू आफैं आत्मनिर्भर बनेर अगाडि बढ्नका लागि निरन्तर प्रयत्न गरिरहेको र यसका लागि राज्यले अवसर उपलब्ध गराउनुपर्नेमा उनको जोड थियो। चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले वित्तीय संस्थाले ठुलो लगानीको वातावरण सिर्जना गरेको बताए। उनले सकारात्मक सोचसहित व्यवसाय गर्नका लागि युवा वर्गलाई जागृत गर्न सके आर्थिक परिवर्तन सम्भव रहेको बताए।

नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले व्यवसायमा हुन सक्ने असफलताको जोखिमका कारण स्टार्टअपलाई बैंकहरूले ठुलो लगानी गर्न नसकिरहेको बताए। स्टार्टअपले बैंकबाट लगानी खोज्नेभन्दा पनि सरकारी स्रोत खोज्नुपर्ने उनको सुझाव थियो।

● **उर्मिला थपलिया**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन र साना उद्यमीलाई प्रोत्साहन गर्नका लागि सम्मेलन आयोजना गरिएको हो। सिकाइ, अनुभव र विचारबाट एकअर्कामा ज्ञानको प्रवाह हुने विश्वास छ।

● **डा. चिरञ्जीवी नेपाल**
पूर्वगभर्नर, राष्ट्र बैंक



सरकारको साथ विनास्टार्टअप र उद्यमशीलताले गति लिन सक्दैन। स्टार्टअपलाई सरकारको नीति, शिक्षा, तालिम र बैंकिङ सहयोग आवश्यक हुन्छ। स्टार्टअप र उद्यमशीलताका लागि सरकारको सहुलियतपूर्ण कर्जा बढाउनुपर्छ।

● **चन्द्र ढकाल**
अध्यक्ष, उद्योग वाणिज्य महासंघ



महासंघले सबैलाई समेट्न नसक्ने भएकाले राजनीतिक दलहरूले नवप्रवर्तनका कामलाई प्रोत्साहन गर्न सकेकोमा युवाहरूलाई लगानी र स्टार्टतर्फ आकर्षित गर्न सकिन्छ। सरकारले अध्यादेशमार्फत विभिन्न ऐन संशोधन गरेर उद्योगीलाई उत्प्रेरित गर्ने काम गरेको छ। यसलाई छिट्टै कार्यान्वयनमा ल्याउन आवश्यक छ।

● **शोभा ज्ञवाली**
अध्यक्ष, महिला उद्यमी महासंघ



सरकार र निजी क्षेत्रले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्छ। मुलुकभर ५२ प्रतिशत महिला छौं। हामी ५० प्रतिशत अधिकार राजनीति वा व्यवसायिक जीवनमा पनि प्रयोग गर्न चाहन्छौं र त्यसका लागि अबसर दिइनुपर्छ।

● **निर्वाण चौधरी**
प्रबन्ध निर्देशक, चौधरी ग्रुप



वित्तीय संस्थाले ठुलो लगानीको वातावरण सिर्जना गरिरहेका छन्। सकारात्मक सोचसहित व्यवसाय गर्नका लागि युवा वर्गलाई जागृत गर्न सके आर्थिक परिवर्तन सम्भव छ।

अढाई वर्षदेखि पुनर्संरचनाको पर्खाइमा नेपाल स्टक एक्सचेन्ज

सेयर लगानीकर्ताले खेप्दै आएका हैरानीलाई सम्बोधन गर्न र स्वार्थ समूहले गर्ने चलखेललाई रोक्ने गरी धितोपत्र बजारलाई सुधार्ने सुझावसहितको अध्ययन प्रतिवेदन अड्कियो अर्थ मन्त्रालयमा



मुराहरि पराजुली, प्रवक्ता, नेपाल स्टक एक्सचेन्ज



हामीले सुरुवातमा नेप्से पुनर्संरचनासम्बन्धी संक्षिप्त र त्यसपछि विस्तृत प्रस्तावसहितको प्रतिवेदन बुझाएका थियौं। तर, अहिलेसम्म सहमति पाएको औपचारिक जानकारी आएको छैन।

नेप्से पुनर्संरचनाका लागि गरिएको अध्ययन प्रतिवेदनको मुख्य प्रस्ताव

- पुँजीवृद्धि र ऋणपत्र कारोबार विस्तार तथा डेरिभेटिभ्सको सम्भावना खोजी
- आइटी सहायक कम्पनीको स्थापना
- सेन्ट्रल काउन्टर पार्टी क्लियरिङ हाउस (सिसिपी) र हेजिङ कोषको स्थापना
- विदेशी स्टकलाई व्यवस्थापनको जिम्मा दिने
- सर्वसाधारणलाई ३० प्रतिशत र १५ प्रतिशत सेयर दिएर रणनीतिक साझेदार भित्र्याउने
- संस्थागत सेयरधनीलाई १५ प्रतिशत सेयर दिने व्यवस्था रहेकोमा घटाएर अधिकतम ५ प्रतिशत कायम गर्ने
- संक्षिप्त र विस्तृत प्रतिवेदनको प्रबन्धपत्र र नियमावली संशोधन गर्नुपर्ने सुझाव
- गत वर्ष पुस मसान्तसम्म नेप्सेले साधारणसभा गरिसक्ने भएकाले त्यसअघि नै प्रतिवेदन स्वीकृति गरिदिन गरेको पत्राचारप्रति अर्थ मन्त्रालयद्वारा बेवास्ता

पवन तिमिल्सिना / नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से) पुनर्संरचना गरि धितोपत्र बजार सुधार गर्ने प्रस्ताव अढाई वर्षदेखि अर्थ मन्त्रालयमा थन्किएको छ।

नेप्से सञ्चालक समितिको २४ वैशाख, ०८० मा बसेको बैठकले नेप्सेमार्फत धितो बजार पुनर्संरचना गर्नेसम्बन्धी संक्षिप्त प्रतिवेदन पास गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेस गरेको थियो। संक्षिप्त प्रतिवेदन अध्ययन गरेको अर्थले विस्तृत अध्ययन गरी प्रतिवेदन दिन निर्देशन दिएको थियो। लगतै, नेप्सेले विस्तृत अध्ययन प्रतिवेदनसहितको सुझाव समेटेर बुझाएको प्रस्तावमा अर्थले अहिलेसम्म कुनै निर्णय दिएको छैन।

नेप्से प्रवक्ता मुराहरि पराजुलीले संक्षिप्त र विस्तृत अध्ययन प्रतिवेदन बुझाएको लामो समय भएपनि अर्थबाट कुनै निर्णय वा निर्देशन प्राप्त नभएको बताए। 'हामीले सुरुवातमा नेप्से पुनर्संरचनासम्बन्धी प्रस्तावसहितको संक्षिप्त प्रतिवेदन तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतसमक्ष पेस गरेका थियौं। उहाँले विस्तृत अध्ययनसहितको प्रतिवेदन बुझाउनु भन्नुभयो। त्यसपछि बाह्य विज्ञबाट विस्तृत अध्ययन गरायौं' उनले भने। विस्तृत प्रतिवेदन अर्थमा पस गरेर कार्यान्वयनका लागि सैद्धान्तिक सहमति माग गरिए पनि हालसम्म कुनै निर्णय नभएको उनले बताए।

■ अध्ययन प्रतिवेदनबाट सिफारिस नेप्सेको सेयर संरचना र हाल कायम अवस्था

सेयरधनी	प्रस्तावित सेयर %	हालको सेयर %
सरकार	१९.५५	५८.६६
नेपाल राष्ट्र बैंक	४.८७	१४.६
राष्ट्रिय वाणिज्य बैंक	२.०४	६.१२
कर्मचारी सञ्चय कोष	३.३३	१०
लक्ष्मी बैंक	१.६७	५
प्रभु बैंक	१.६७	५
ब्रोकरहरू	०.२१	०.६२
सर्वसाधारण	१६.६७	छैन
रणनीतिक साझेदार	१५	छैन
कर्पोरेट कम्पनीहरू	३५	छैन

■ एउटा कम्पनी वा संस्थालाई अधिकतम ५ प्रतिशत मात्रै सेयर दिनुपर्ने सुझाव

अध्ययन प्रतिवेदनले प्रारम्भमा सर्वसाधारणलाई ३० प्रतिशत र संस्थागत सुशासन भएका संस्थालाई अधिकतम ५ प्रतिशत सेयर दिएर नेप्सेको पुनर्संचना गर्न तोक्नुको उद्देश्य कुनै पनि एकल संस्था वा व्यक्तिले एक्सचेन्जलाई प्रभाव पार्न नसकोस् भन्ने भएकाले यो सीमा ५ प्रतिशत कायम गर्न सक्ने प्रतिवेदनको सुझाव छ। यसले कुनै पनि निजी संस्थाले नेप्सेको निर्णय प्रक्रियामा हाबी हुन नसक्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

सोही सुझावअनुसार २८ मंसिर, ०८० मा बसेको सञ्चालक समितिले आव ०८०/८१ भित्र नेप्सेको प्राथमिक सेयर निष्कासन गर्ने गरी चुक्ता पुँजी तीन अर्ब पुऱ्याउने निर्णय गरेको थियो। उक्त पुँजीबाट ३० प्रतिशत सेयर कर्मचारसहित सर्वसाधारणलाई र कुनै पनि एक संस्थालाई ५ प्रतिशतभन्दा बढी नहुने गरी वाणिज्य बैंक, विकास बैंक, पुनर्बिमा कम्पनी, जीवन तथा निर्जीवन बिमा कम्पनी र अन्य सरकारी स्वामित्वका संस्थानलाई प्रिमियम मूल्यमा सेयर जारी गर्ने निर्णय गरेको थियो। पहिलो चरणमा कर्मचारीसहित सर्वसाधारणलाई ५० करोडबराबरको सेयर बिक्री गर्ने योजना थियो।



■ एसियाकै ठुलो बम्बे स्टक एक्सचेन्ज नेपाललाई सफ्टवेयर बेच्न इच्छुक

नेपालको धितो बजारलाई सुधार्ने गरी बम्बे स्टक एक्सचेन्जले आफ्नो सफ्टवेयर प्रयोग गर्न सुझाव दिएको छ। करिब ६ हजार कम्पनी सूचीकृत बम्बे स्टक एसियाकै ठुलो र पुरानो धितोपत्र बजारका रूपमा परिचित छ। यो सफ्टवेयरमार्फत मुद्रा, ऋणपत्र, सेयर र डेरिभेटिभ्सको समेत कारोबार गर्न मिल्छ। नेप्सेले पनि सो प्रस्ताव उपयुक्त ठान्दै अर्थ मन्त्रालयमा स्वीकृतिका लागि फाइल पठाएको छ। तर, अहिलेसम्म निर्णय नआएको प्रवक्ता मुराहरि पराजुलीले बताए।

योजना आयोगले माग्यो समपूरक र विशेष अनुदानको प्रस्ताव

काठमाडौं/ राष्ट्रिय योजना आयोगले समपूरक र विशेष अनुदानअन्तर्गत खर्च हुने कार्यक्रम प्रस्ताव गर्न प्रदेश र स्थानीय तहसँग माग गरेको छ। आगामी आर्थिक वर्ष ०८२/८३ मा कार्यान्वयन हुने गरी यस्तो प्रस्ताव आह्वान गरेको हो। सरकारले समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ लागू गरेसँगै नयाँ ढाँचामा समपूरक तथा विशेष अनुदान हस्तान्तरण हुने भएको छ। आयोगले १५ फागुनभित्र विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत सबै प्रदेश तथा स्थानीय तहलाई प्रस्ताव पठाउन आह्वान गरेको हो। प्रस्ताव पेस गर्दा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी पठाउन भनेको छ। प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोग/प्रदेश योजना आयोगको आयोजना वा कार्यक्रमको प्राथमिकीकरणसहितको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्को निर्णय र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको प्राथमिकीकरणको निर्णयसहित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट समपूरक अनुदानका लागि पेस गर्नुपर्ने उल्लेख छ। समपूरकका लागि प्रदेश सरकारले न्यूनतम १० करोडदेखि ३० करोड लागतका आयोजना प्रस्ताव गर्नुपर्नेछ।



सिफारिस गरेको छ। स्टक एक्सचेन्ज एक अग्रपंक्तिको नियामक भएकाले सेयरधनीबिच स्वार्थको द्वन्द्व हुन नदिन अधिकतम सेयर स्वामित्व प्रतिशत निर्धारण गर्नुपरेको प्रतिवेदनको तर्क छ।

नेपालमा स्टक एक्सचेन्ज सञ्चालन विनियमावलीले सेयरधनीलाई अधिकतम १५ प्रतिशत मात्र सेयर लिन पाउने व्यवस्था छ। भारतमा यस्तो सीमा ५ प्रतिशत मात्रै छ। स्टक एक्सचेन्ज स्वामित्वको अधिकतम सीमा

लिपिङखोलामाथि बेलिब्रिज राख्न जग निर्माण

२५ माघसम्म पुल निर्माण सकेर तातोपानी नाका हुँदै मालवाहक कन्टेनर आवतजावत गराउने योजना

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

चीनसँगको व्यापारिक नाका तातोपानी जोड्ने सडकमा पर्ने लिपिङ खोलामाथि बेलिब्रिज राख्ने ढलान र जग निर्माण कार्य सकिएको छ। गत असोजमा आएको बाढीले लिपिङ खोलामा रहेको पक्की पुल बगाएको थियो। त्यसयता सो नाका सञ्चालन कठिन बनेपछि ६ देखि २५ माघसम्मलाई नाका पूर्ण रूपले बन्द गरेर बेलिब्रिज निर्माणलाई तीव्रता दिइरहेको सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी किरण थापाले जानकारी दिए। 'अन्तर्राष्ट्रिय नाका भएकाले निर्धारित समयमा काम सक्न सडक डिभिजन र नेपाली सेनालाई भनेको छु,' उनले भने।

लिपिङ खोलाका दुवै भागमा जग निर्माण र ढलान सुक्न समय लाग्ने भएकाले उक्त अवधिमा बेलिब्रिज जडान गर्न आवश्यक सबै उपकरण जुटाउन लागेको सडक डिभिजन कार्यालय, चरिकोटका सूचना अधिकृत इन्जिनियर सुरज महर्जनले जानकारी दिए। 'ढलान सुकेपछि नेपाली सेनाको प्राविधिक सहयोगमा बेलिब्रिज जडान गर्छौं,' उनले भने, 'काम सुरु गरेको चार दिनभित्र जडान सम्पन्न हुन्छ।' माघ २५ भित्र बेलिब्रिज जडान सम्पन्न गरेर नाकामा मालवाहक कन्टेनर आवतजावत गराउने लक्ष्य रहेको उनले बताए।



● **किरण थापा**, प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक



६ देखि २५ माघसम्मलाई तातोपानी नाका पूर्ण रूपले बन्द गरेर बेलिब्रिज निर्माणलाई तीव्रता दिइएको छ। 'अन्तर्राष्ट्रिय नाका भएकाले निर्धारित समयमा काम सक्न सडक डिभिजन र नेपाली सेनालाई भनेको छु।

■ लार्चामा पनि हालिँदै बेलिब्रिज

भोटेकोशी नदीको लार्चामा बेलिब्रिज जडान गर्न सडक विभागबाट सकारात्मक जवाफ आएको सडक डिभिजन कार्यालय, चरिकोटका सूचना अधिकृत इन्जिनियर सुरज महर्जनले जानकारी दिए। 'चाँडै नै भोटेकासी नदीमा निर्माण गरिने लामो बेलिब्रिजबारे निर्णय हुने कुरा आएको छ,' उनले भने। बर्खाअघि नै कोदारी सडक सुधार गर्ने योजना रहेको उनले बताए। 'बन्देउदेखि लिपिङसम्म सडकको स्तरोन्नति र बेलिब्रिज जडानको काम धमाधम हुने कार्ययोजना छ,' उनले भने।

बाह्रबिसेको साँधी खोल्सामा पक्की पुल निर्माण सम्पन्न हुन लागेको र खागदल खोलामा बेलिब्रिज जडान सम्पन्न भएको सडक डिभिजनले जनाएको छ। २५ माघसम्म पुल बन्ने आशामा नेपालका लागि फलफूल र रेडिमेड सामान बोकेका कन्टेनर न्यालम आएर बसेका छन्।

आईपिओमा भइरहेको छलछाम रोक्नुपर्छ : अध्यक्ष अग्रवाल



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले कतिपय प्राथमिक सेयर (आइपिओ) निष्कासनमा छलछाम भइरहेको भन्दै त्यसलाई रोक्नुपर्ने बताएका छन् । उनले कतिपय कम्पनीले सर्वसाधारण जनताको पैसा खिच्ने उद्देश्यले मात्रै आइपिओ जारी गरिरहेको भन्दै त्यसप्रति नियामक सजग हुनुपर्ने बताएका हुन् ।

नेपाल चेम्बरले स्टक ब्रोकर एसोसिएसन अफ नेपाल (एसबान) को नयाँ कार्यसमितिलाई स्वागत गर्न आयोजित कार्यक्रममा अध्यक्ष अग्रवालले सेयर बजारमा म्यानुपुलेसन भइरहेको भन्दै त्यसमा समेत सजक हुनुपर्ने बताएका हुन् । 'सेयर बजार भनेको कुनै पनि देशको अर्थतन्त्रको ऐना हो, कुनै पनि विदेशी लगानीकर्ताले सम्बन्धित देशको ब्लुचिप कम्पनीको अध्ययन गरेर देशको अर्थतन्त्रका बारेमा बुझ्छन्,' उनले भने, 'अहिले केही कम्पनी सेयर जारी गरेर सर्वसाधारण लगानीकर्ताको पैसा आफूतिर खिच्ने उद्देश्यले अघि बढेका छन्, त्यसलाई सरकारले सूक्ष्म तरिकाले नियमन गर्नुपर्छ ।' पुँजीबजारलाई चलायमान बनाएर समग्र लगानीकर्ताको हितमा काम गर्न ब्रोकर एसोसिएसन र चेम्बरको सहकार्य गर्ने उनले बताए ।

चेम्बरका वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राले नेपालको पुँजीबजार नेपाली जनतामाझ लोकप्रिय भएको भन्दै अबका दिनमा हरेक वर्ष लाभांश दिने कम्पनीको मात्र आइपिओ जारी गर्नुपर्ने बताए । अहिले कतिपय कम्पनीले वित्तीय विवरण म्यानुपुलेसन गरी घाटामा रहेका कम्पनीको पनि आइपिओ जारी गर्ने क्रम बढेकाले त्यसलाई रोक्नुपर्ने उनले बताए । 'पुँजीबजारमा लगानी गरेपछि कुनै पनि लगानीकर्ताले वार्षिक १० प्रतिशत प्रतिफल पाउने ग्यारेटी हुनुपर्छ र त्यस्ता कम्पनीलाई मात्र आइपिओ ल्याउन स्वीकृति दिनुपर्छ,' उनले भने, अहिले जस्ता पनि कम्पनीको आइपिओ जारी गरेर बजारबाट पैसा उठाउने काम भएको छ, त्यसलाई रोक्नुपर्छ ।'

पुँजीबजारमा विदेशी लगानी भित्र्याउनुपर्छ

स्टक ब्रोकर एसोसिएसन अफ नेपाल (एसबान)का अध्यक्ष सागर ढकालले निजी क्षेत्रबिच संस्थागत सहकार्य गरेर नेपाली पुँजीबजारमा विदेशी लगानी भित्र्याउनुपर्ने बताए । 'हामी सबैको उद्देश्य लगानी गरेर नाफा आर्जन गर्ने अनि सोहीअनुरूप राज्यलाई कर तिर्दै देशको आर्थिक विकास गर्ने हो,' उनले भने, 'उद्देश्य एउटै भएपछि सबै आर्थिक र व्यावसायिका मुद्दामा सबै उद्योगी व्यवसायी र उनीहरूले नेतृत्व गर्ने संघ-संगठन एक ठाउँमा उभिनुपर्छ ।' अस्थिर नीतिका कारण अहिले सेयरबजारका लगानीकर्ताहरू मारमा परेको भन्दै उनले पुँजीबजार विकासका लागि राज्यले दीर्घकालीन नीति बनाउनुपर्ने उनले बताए ।

अहिले नेपाली पुँजीबजारमा सेयर खरिद-बिक्री मात्र भइरहेको भन्दै अब बजारमा नयाँ प्रविधिसहितको बन्ड मार्केट, सर्टसेल, इन्ट्रा डे कारोबार, ब्रोकरलाई मार्जिन लेन्डिङ सुविधाजस्ता नयाँ प्रोडक्ट ल्याउनुपर्ने उनको भनाइ थियो । हाल अर्थतन्त्रमा देखिएको सिथिलताको अन्त्य गर्न टेलिमक, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोषजस्ता संस्थालाई बैंक वित्तीय संस्थाको संस्थापक सेयर खरिदमा लगाइएको १५ प्रतिशतको क्याप हटाइनुपर्ने ढकालले बताए ।

चेम्बर र इजरायलबिच सूचना प्रविधिमा सहकार्यको सहमति

काठमाडौं/ चेम्बर अफ कमर्स र इजरायलबिच सूचना प्रविधिलगायतका क्षेत्रमा लगानीका लागि सहकार्य गर्ने सहमति भएको छ । चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपालका लागि इजरायलका राजदूत स्मुलिक एरी बासबिच यसअघि भएका सहकार्यलाई निरन्तरता दिएर नेपालमा थप लगानी विस्तार गर्ने सहमति भएको हो ।

सरकारको पढ्दै कमाउँदै कृषि कार्यक्रम, घरेलु कामदारमा इजरायलमा जाने नेपालीलाई निरन्तरता दिन एवं हस्पिटालिटी निर्माण क्षेत्रमा समेत नेपाली कामदारलाई रोजगारी दिन अध्यक्ष अग्रवालले राजदूत वासस्रँग आग्रह गरे । भेटका क्रममा राजदूत वासले नेपाली उद्योगी-व्यापारीसँग सहकार्य गर्न पाउँदा आफू निकै खुसी भएको प्रतिक्रिया दिएका थिए ।

हेटौंडा सिमेन्ट उद्योगको दुर्दशा
६ महिनामा २६ दिन मात्रै सञ्चालन

बिग्रिएका पुराना मेसिन मर्मत गर्नुको सट्टा लोडसेडिङलाई बहाना देखाएर उद्योग निरन्तर बन्द, उद्योग सञ्चालन नहुँदा करिब एक लाख बोरा सिमेन्ट उत्पादन गर्ने कच्चा पदार्थ गोदाममै थन्किंयो

मकवानपुरमा **पोष्टराज अधिकारी**

निरन्तर घाटा व्यहोरिरहेको हेटौंडा सिमेन्ट उद्योग असोजदेखि पूर्ण रूपले बन्द हुँदा थप मारमा परेको छ । बिग्रिएका पुराना मेसिन मर्मत गरेर सञ्चालन गर्नुको सट्टा सामान्य विद्युत् कटौतीलाई बहाना देखाएर उद्योग निरन्तर बन्द छ ।

एकातिर अपरेटिङ खर्च धान्न नसक्नु र अर्कातिर पुराना उपकरण बारम्बार बिग्रनु उद्योगको नियति बनेको छ । जसका कारण उद्योग चालू आर्थिक वर्षमा जम्मा २६ दिन मात्रै चलेको छ । चालू आर्थिक वर्षको ६ महिनामा साउनमा १ दिन, भदौमा १८ दिन र असोजमा सात दिन गरी जम्मा २६ दिन चलेको हो ।

चालू आर्थिक वर्षमा साउनमा एक दिन चलेर बन्द भएको उद्योग १४ भदौबाट सञ्चालनमा आएको थियो । तर, ७ असोजमा किलमा समस्या आएपछि बन्द भएको उद्योग अहिलेसम्म चल्न सकेको छैन ।

सरकारले हालै निजीकरणका लागि सिफारिस गरेका नौवटा सरकारी उद्योगमा हेटौंडा उद्योगलाई समेत समेटेको थियो । पटक-पटक बन्द हुँदै आएको हेटौंडा सिमेन्टले उद्योग सञ्चालनका लागि



ठुलो रकम निकासा मागेपछि सरकारले निजीकरण गर्ने निर्णय गरेको थियो । तर, अहिलेसम्म पनि हेटौंडा सिमेन्ट उद्योगको बारेमा कुनै निर्णय हुन सकेको छैन ।

संघीय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समेत गत असोजमा उद्योगको निरीक्षण गर्दै हेटौंडा सिमेन्टलाई सरकारले चलाउन नसक्ने, तर निजी क्षेत्रलाई भाडामा दिन सक्ने आशय व्यक्त गरेका थिए । उनले उद्योग सञ्चालनको विभिन्न मोडेलको विषयमा छलफल भइरहेको जानकारी दिँदै छिट्टै निष्कर्षमा पुग्ने दाबी गरेका थिए ।

यता उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डे भने उद्योग मंसिरदेखि विद्युत् प्राधिकरणको अघोषित लोडसेडिङका कारण सञ्चालनमा आउन नसकेको बताउँछन् । उनका अनुसार उद्योगलाई उपलब्ध गराइएको ग्रिडमा गत मंसिरदेखि बिहान र बेलुका गरी ६ घण्टा लोडसेडिङ हुँदै आएको छ । विद्युत् प्राधिकरणले घोषित रूपमा लोडसेडिङ नगरे पनि बिहान र बेलुका तीनतीन घण्टा विद्युत् अवरुद्ध हुँदै आएको प्रबन्ध निर्देशक पाण्डेको भनाइ छ । 'दर्सैंअघि उपकरणमा समस्या आएपछि बन्द भएको उद्योग मर्मत गरेर तिहारपछि सञ्चालन गर्ने तयारी थियो । मर्मतका लागि सोचेभन्दा बढी समय लाग्दा पनि हामीले तोकेको समयमै उद्योग सञ्चालन गर्न सकेनौं । तर, विद्युत् प्राधिकरणले मंसिरदेखि अघोषित रूपमा लोडसेडिङ गरिदिँदा उद्योग अहिले पनि बन्द छ,' उनले भने ।

प्रबन्ध निर्देशक पाण्डेले उद्योग सञ्चालन गर्न सके करिब एक लाख बोरा सिमेन्ट उत्पादन गर्न सकिने कच्चा पदार्थ मौज्दात रहेको जानकारी दिए । उनले हाल उद्योगसँग एक बोरा पनि मौज्दात सिमेन्ट नरहेको बताए ।

उनले नियमित विद्युत सप्लाईका लागि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई भेटेरै आग्रहसमेत गरेको बताए । सुक्खा मौसम सुरु भएकाले पर्याप्त मात्रामा विद्युत् उत्पादन हुन नसकेको र भारतबाट समेत बिजुली ल्याउन ढिलाइ भएका कारण उद्योगहरूलाई आवश्यक बिजुली दिन नसकेको कार्यकारी निर्देशक घिसिङले जानकारी गराएको उनले बताए ।

स्वावलम्बन लघुवित्तको नाफा ९४.२१ प्रतिशतले बढ्यो



काठमाडौं/ स्वावलम्बन लघुवित्तको नाफा ९४.२१ प्रतिशतले बढेको छ । लघुवित्तले प्रकाशित गरेको चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको वित्तीय विवरणअनुसार नाफा ९४.२१ प्रतिशतले बढेको हो ।

यस अवधिमा लघुवित्तले आठ करोड सात लाख रुपैयाँ नाफा आर्जन गरेको छ । जबकि गत आवको सोही अवधिमा लघुवित्तले चार करोड १५ लाख रुपैयाँ नाफा आर्जन गरेको थियो ।

लघुवित्तको अपरिष्कृत वित्तीय विवरणमा पुस मसान्तसम्म सञ्चालन आम्दानीसहित ब्याज आम्दानी पनि बढेको उल्लेख छ । लघुवित्तले गत आवको दोस्रो त्रैमाससम्म ८५ करोड ५६ लाख रुपैयाँ सञ्चालन आम्दानी गरेका यस अवधिमा ९४ करोड ३७ लाख ५० हजार रुपैयाँ कमाएको वित्तीय विवरणमा उल्लेख छ ।

त्यसैगरी, लघुवित्तले खुद ब्याजबापत ८० करोड रुपैयाँ कमाएको छ । यो गत आवको तुलनामा २०.०२ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा लघुवित्तले ६६ करोड ६६ लाख रुपैयाँ ब्याज आम्दानी गरेको थियो । साथै, लघुवित्तको सञ्चालन नाफा पनि बढेको छ । गत आवमा पाँच करोड ९३ लाख रुपैयाँ सञ्चालन नाफा गरेको लघुवित्तले पुस मसान्तसम्म भने ११ करोड ५२ लाख रुपैयाँ आर्जन गर्न सफल भएको छ । यो गत आवको सोही अवधिको तुलनामा ९४.०७ प्रतिशतले बढी हो । त्यसैगरी, वितरणयोग्य मुनाफा भने १० करोड १७ लाख रुपैयाँ छ ।

एक अर्ब ६५ करोड ६६ लाख चुक्ता पुँजी रहेको लघुवित्तको जगेडा कोषमा एक अर्ब ७२ करोड ६८ लाख रुपैयाँ सञ्चित रहेको छ । त्यस्तै, १४ अर्ब ८९ करोड ५० लाख रुपैयाँ निक्षेप संकलन गरेको लघुवित्तले १९ अर्ब ४८ करोड ६२ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ । समीक्षा अवधिमा लघुवित्तको प्रतिसेयर आम्दानी ९.७७ रुपैयाँ, प्रतिसेयर नेटवर्थ २१०.४३ रुपैयाँ र खराब कर्जा अनुपात ८.२८ प्रतिशत छ ।

सन नेपाल लाइफको सम्पत्ति शुद्धीकरणसम्बन्धी अभिमुखीकरण



काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सले कर्पोरेट कार्यालयलगायत देशभरका कार्यालयमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसका अवसरमा उक्त कार्यक्रम गरेको हो । कार्यक्रममा वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता भन्ने मूल नारासहित सम्पत्ति शुद्धीकरण र यसले समग्र अर्थतन्त्र तथा बिमा क्षेत्रमा पार्ने प्रभाव र त्यसको न्यूनीकरणका लागि चाल्नुपर्ने कदमबारे जानकारी गराइएको थियो । उक्त कार्यक्रममा कार्यान्वयन अधिकृत रन्जु लम्सालले सो विषयमा प्रस्तुतीकरण गरेकी थिइन् भने कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजकुमार अर्यालले यसको महत्त्व, आवश्यकता र न्यूनीकरणबारे जानकारी गराएका थिए ।

पहिलो चरणमा कर्पोरेट कार्यालयका उच्च व्यवस्थापनसहितका कर्मचारीको सहभागिता थियो भने दोस्रो चरणमा प्रदेश शाखा तथा उपशाखा कार्यालयमा कार्यरत कर्मचारीलाई भर्चुअल माध्यमबाट सहभागी गराइएको थियो ।

प्रोग्रेसिभ फाइनान्स र एएसजी आई केयरबिच छुट सम्झौता

काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स र एएसजी आई केयरबिच आपसी व्यावसायिक हित तथा विभिन्न सामाजिक कार्यमा सहकार्य गर्न समझदारी भएको छ । समझदारीपत्रमा फाइनान्सका सिइओ अनिल श्रेष्ठ तथा अस्पतालका अपरेसन म्यानेजर राधिका महतोले हस्ताक्षर गरे ।

समझदारीपत्रमा फाइनान्सका ग्राहकलाई अस्पतालबाट प्रवाह हुने सम्पूर्ण सेवामा १० देखि ५० प्रतिशतसम्म छुट दिने उल्लेख छ । साथै, सम्झौताअनुसार आई केयरले ओपिडीमा पहिलोपटकको दर्ता निःशुल्क तथा वर्षमा दुईपटक निःशुल्क आँखा जाँच अभियान सञ्चालन गर्नेछ । यसबाहेक विभिन्न क्षेत्रमा आँखा शिविरलगायतका संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका क्रियाकलापमा फाइनान्ससँग सहकार्य गर्नेसमेत समझदारी भएको छ ।

सर्टिफिकेट हरायो

मिति २०८१/८/१७ गते बालकुमारी बाट कोटेश्वर सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गर्रिदिनुहुन अनुरोध गर्दछु ।

नाम : उदित कुमार मण्डल
रजिष्ट्रेशन नं. : ८०३२५०३३०३३१
सिम्बोल नं. : २१५०७२८०
सम्पर्क : ९८०१६३५०५४

सुदूरपश्चिम कृषि, पर्यटन महोत्सव सुरु

कञ्चनपुर/ कञ्चनपुरको महेन्द्रनगरस्थित खुला मञ्चमा मंगलबारदेखि सुदूरपश्चिम कृषि, पर्यटन तथा सांस्कृतिक महोत्सव सुरु भएको छ । 'सांस्कृतिक, धार्मिक, ऐतिहासिक पर्यटकीय सम्पदाको पहिचान समृद्ध एवं सुसंस्कृत समाज निर्माणमा हाम्रो अभियान' भन्ने मूल नाराअघि महोत्सव सञ्चालन भएको हो ।

उद्योग-व्यापार महासंघ कञ्चनपुरको आयोजनामा सञ्चालित महोत्सवको पूर्वमन्त्री तथा सांसद प्रकाश रावलले उद्घाटन गर्दै आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने बताए ।



उनले सुदूरपश्चिममा थुप्रै आर्थिक सम्भावना भएकाले सरकारले त्यसतर्फ समेत जोडदिनुपर्ने बताए । महासंघको सुदूरपश्चिम प्रदेशका महासचिव शिवराज पनेरूले स्थानीय तथा स्वदेशी वस्तु तथा सेवा मेलाका माध्यमबाट प्रदर्शनी गर्ने, बिक्री वितरणदेखि प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको जानकारी दिए ।

फेमिली एन्ड बेबी एक्स्पो सुरु

काठमाडौं/ 'फेमिली एन्ड बेबी एक्स्पो २०२५' बुधबारदेखि सुरु भएको छ । बालबच्चा तथा परिवारलाई मनोरञ्जनसहित आवश्यक वस्तु तथा सेवा एकै छानामुनि उपलब्ध गराउन भृकुटीमण्डपमा एक्स्पो आयोजना गरिएको हो ।



बुधबार एक कार्यक्रमका बिच अभिनेत्री प्रियंका र उनकी छोरी आयांकाले संयुक्त रूपमा एक्स्पोका उद्घाटन गरेका छन् । 'वान स्टप सोलुसन फर फेमिली एन्ड बेबी रिलेटेड प्रोडक्ट्स एन्ड सर्भिसेज' भन्ने स्लोगानका साथ इभेन्ट सोलुसन प्रालिको आयोजनामा सुरु भएको एक्स्पोमा बालबच्चाका लागि आवश्यक सबै सामान तथा सेवा एकै छानामुनि उपलब्ध गराइएको आयोजकले जनाएको छ ।

निःशुल्क प्रवेश गर्न सकिने एक्स्पोमा बालबालिकाले मस्कट एपियरेन्स, पोएट्री तथा क्यालिग्राफी एक्टिभिटिजमा सहभागी हुन सक्ने आयोजकले जनाएको छ ।

इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक विजयसागर प्रधानका अनुसार घरभित्र बसेर मोबाइल हेर्ने बानी परेका बालबच्चाका लागि रिफ्रेस हुन एक्स्पो उचित गन्तव्य बन्नेछ । अभिभावकले आफ्ना बालबच्चालाई सक्रिय बनाउन तथा फरक वातावरण देखाउन एक्स्पोमा ल्याउन सक्ने उनको भनाइ छ । एक्स्पोमा बालबच्चाका लागि आवश्यक पर्ने सबै किसिमका वस्तु तथा सेवा सुपथ मूल्यमा खरिद गर्न सकिनेछ ।

चितवनमा राष्ट्रिय डेरी महोत्सव हुँदै

चितवन/ चितवनमा प्रथम राष्ट्रिय डेरी महोत्सव यही माघ २५ गतेदेखि सञ्चालन हुने भएको छ । जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ र उद्योग सङ्घको संयुक्त आयोजनामा महोत्सव हुन लागेको हो ।

विदेशमा डेरीका परिकारहरूको महोत्सव हुने गरेको भए पनि नेपालमा पहिलो पटक महोत्सवका रुपमा दुध र दुग्धजन्य वस्तुको वजार प्रवर्द्धनका लागि महोत्सव गर्न लागिएको दुग्ध उत्पादक सहकारी संघका जिल्ला अध्यक्ष किशोर वगालेले जानकारी दिनुभयो । उहाँका अनुसार दुधको बजार राम्रो नभएको र भूक्तानी समयमा नआएको विषयलाई मध्यनजर गरेर महोत्सव आयोजना गरिएको हो ।

महोत्सवमा ७० व्यापारिक कक्ष (स्टल) रहनेछन् । दुग्ध व्यवसायमा लगानी गर्ने सङ्घ-संस्था, डेरी सम्बन्धी उत्पादन, अन्तर्राष्ट्रिय स्तरका सङ्घ-संस्थाहरूको सहभागिता रहने उनले जानकारी दिए । माघ २५ देखि २७ गतेसम्म हुने महोत्सव दुधको बजार प्रवर्द्धन र व्यावसायिकीकरण गर्न सहयोगी बन्ने उनले बताए । महोत्सवमा दुध र दुग्धजन्य उत्पादनको बजारीकरण कसरी गर्ने भन्ने विषयमा समूहगत छलफल हुनेछ । महोत्सव उद्योग सङ्घको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा हुनेछ ।

बार एसोसिएसन र डेभलपमेन्ट बैंकर्सको 'ब्रिजिङ बैंकिङ एन्ड ल' कार्यशाला

काठमाडौं/ उच्च अदालत बार एसोसिएसन पाटन र डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालको संयुक्त आयोजनामा 'ब्रिजिङ बैंकिङ एन्ड लअज : रोल्स एन्ड रेस्पोन्सिबिलिटिज अफ लिगल प्राक्टसिनर्स' विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको छ । एसोसिएसनका अध्यक्ष विदुरप्रसाद ढुंगानाको अध्यक्षता र महान्यायाधिवक्ता रमेश बडालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यशालामा बैंकिङविज्ञ बिएन घर्ती र अधिवक्ता प्रवीण पौड्यालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यशालामा वरिष्ठ अधिवक्ता तथा बैंकर्ससमेत गरी करिब चार सय पेसाकर्मी उपस्थित थिए । एसोसिएसनका अध्यक्ष ढुंगानाले कानुन व्यवसायीले बैंकिङसम्बन्धी प्राविधिक शब्द प्रस्ट नबुझ्दा सोहीअनुसार बहस गर्न अप्ठ्यारो पर्ने गरेको र पीडितपक्षलाई सोहीअनुसारको कानुनी सेवा प्रदान गर्दा अप्ठ्यारो महसुस भएकाले डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालसँगको साझेदारीमा यो कार्यशालाको आयोजना गरिएको बताए ।

कर्जा प्रवाह गरी आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न र सेवाग्राहीलाई आवश्यक बैंकिङ सेवा दिनका लागि हरदम प्रयास गर्दागर्दै र सरकारलाई अर्बौंको राजस्व र कर तिर्दै आए तापनि बैंक तथा वित्तीय संस्थालाई अनावश्यक



रूपमा विवादमा तान्ने गरिएको टिप्पणी गर्दै घर्तीले भने, 'अहिले बैंकहरूको निष्क्रिय कर्जा बढ्दै गइरहेको छ । कर्जा निष्क्रिय वा खराब हुनेबित्तिकै बैंकिङ कसुर गरिएको भन्ने हुँदैन । त्यहाँनेर नियतलाई प्रस्ट रूपमा हेरिनुपर्छ । बैंकिङसम्बन्धी प्राविधिक शब्द नबुझ्दा कतिपय नलगाउनुपर्ने मुद्दा लगाइएको छ । गलत अर्थ लगाएर मुद्दाको अभियोजन गर्ने गरिएको देखिएको छ ।'

घर्तीले घरजग्गा धितोलाई मात्र धितो ठान्ने गरिएको अवस्था पनि देखिएको बताउँदै घरजग्गा धितो मूल्यांकनका लागि मार्गदर्शन नभएकाले बैंक तथा वित्तीय संस्थाबिच धितो मूल्यांकनमा एकरूपता नभएको जिकिर गरे । 'धितो लिलामी र सकार गर्दा बैंकले समस्या भोगिरहेका छन् । त्यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ,' उनले भने ।

अर्का कार्यपत्र प्रस्तोता अधिवक्ता प्रवीण पौड्यालले सहयोग प्राप्त हुनुपर्ने सरकारी निकायबाट बैंकहरूले आवश्यक सहयोग प्राप्त गर्न नसकेको, ऐनमा भएको व्यवस्था, सर्वोच्च अदालतले गरेका फैसलाको नजिर र नेपाल राष्ट्रले जारी गर्ने निर्देशनका बिच तादाम्यता मिलाउनु पर्ने आवश्यक्ता रहेको बताए ।

प्रमुख अतिथि महान्यायाधिवक्ता बडालले चेक अनादरसँग सम्बन्धित घटनामा मिलापत्र गर्ने, कर्जा चुक्ता गरिएको हकमा मुद्दा नलगाउने र असल नियतले कार्य गर्ने सम्बन्धित सबैलाई मुद्दाको झमेला पर्नबाट जोगाउन आफूहरू कटिबद्ध रहेको उल्लेख गरे ।

कार्यपत्रमाथि टिप्पणी गर्दै प्रमुख टिप्पणीकर्ता सर्वोच्च अदालतका पूव न्यायाधिश अनिल सिन्हाले समसामयिक विषयमा कार्यशालाको आयोजना गरिएकोमा दुवै आयोजकको प्रशंसा गर्दै कर्जा लिएपछि कर्जाको सही सदुपयोग गर्नुपर्ने र कर्जा तिर्नुपर्ने बताए ।

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-269/2024	Construction of 2 Story RCC Building at Yaphu Healthpost Makalu Rural Muncipality-06, Distt. Sankhuwasabha, Nepal, under Local Benefit Sharing Plan (LBSP) Arun-3 HEP.	29.01.2025	**Submission:** at (Tumlingtar Office) 19.02.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 19.02.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १७ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

अपराजित रहँदै एपिएफ च्याम्पियन

राष्ट्रिय महिला लिगको पहिलो चरणमा पुलिससँग बराबरी खेलेको एपिएफले त्यसपछि सबै खेलमा निकाल्यो जित



राष्ट्रिय महिला लिग २०२४/२५ को च्याम्पियन बनेको एपिएफका खेलाडी ट्रफीका साथ। तस्बिरः **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

अपराजित रहँदै एपिएफ क्लब राष्ट्रिय महिला लिग २०२४/२५ को च्याम्पियन बनेको छ। दशरथ रंगशालामा बुधबार भएको फाइनलमा एपिएफले नेपाल पुलिस क्लबमाथि ४-० को सानदार जित निकाल्दै उपाधि रक्षा गरेको हो। एपिएफ ०६८ देखि लगातार घरेलु लिगमा अपराजितजस्तै छ। घरेलु फुटबलमा एपिएफ अन्तिमपटक ०७९ मा धनगढीमा भएको मोफसल प्रतियोगिताको फाइनलमा पुलिससँग पराजित भएको थियो। त्यसयता एपिएफको महिला टोलीले घरेलु फुटबलमा खेल गुमाएको छैन।

लिगको पहिलो खेलमै पुलिससँग गोलरहित बराबरी खेलेको एपिएफ त्यसपछिका १८ खेलमा शतप्रतिशत जित निकाल्दै च्याम्पियन बन्यो। पुलिसविरुद्ध एपिएफको यो लगातार तेस्रो जित हो। दोस्रो चरणका दुवै लिगमा एपिएफले पुलिसलाई हराएको थियो। पहिलो लेगमा ६-० ले पाखा लगाएको एपिएफले दोस्रो लेगमा पुलिसविरुद्ध २-० को जित निकाल्यो।

एपिएफलाई च्याम्पियन बनाउन सविता रानामगरले दुई गोल गरेकी थिइन्। सरु लिम्बू र अनु लामाले समान एक गोल गरे। अनुको घरेलु लिगमा करिअरकै अन्तिम गोल रह्यो। फाइनलसँगै उनले घरेलु फुटबलबाट सन्न्यास लिइन्। महिला लिगमा एपिएफकै सविता सर्वोत्कृष्ट खेलाडी भइन्। उत्कृष्ट गोलरक्षकको उपाधि एपिएफकै सावित्री किसनले जितिन्। लिगमा ३५ गोल गरेकी एपिएफकी रश्मिकुमारी घिसिङ सर्वाधिक गोलकर्ता बनिन्। उपाधिसँगै एपिएफले १० लाख र उपविजेता पुलिसले ५ लाख पाएका छन्। फेयर प्ले अवार्ड आर्मीले पायो।

एपिएफलाई राष्ट्रिय खेलाडीको साथ

एपिएफमा हाल राष्ट्रिय टोलीबाट खेलिरहेका र खेलिसकेका एक दर्जन खेलाडी छन्। अहिले राष्ट्रिय महिला टोलीमा स्ट्राइकर रश्मिसहित सविता, अनिता केसी, अनिता बस्नेत, रेनुका नगरकोटे, सरु लिम्बू, प्रीति राई, गीता राना, निशा थोकर र हिराकुमारी भुजेल छन्।

राष्ट्रिय टोलीबाट खेलिसकेका निरु र मञ्जलीकुमारी योञ्जन पनि एपिएफमै छन्। नेपालको युवा टोलीबाट खेलिसकेका सावित्रीसँगै मनमाया दमाईं, सरस्वती हमाल र हिमा रावत समावेश हुँदा लिगभरि नै एपिएफको बेन्च सर्वाधिक बलियो देखिन्थ्यो।

दोस्रो हाफमा एपिएफको कमब्याक

अपराजित एपिएफविरुद्ध पुलिसले मजबुत रक्षापंक्ति अपनाएको थियो। पुलिसले एपिएफलाई पहिलो हाफमा गोलरहित बराबरीमा रोक्यो। खेलको ६४औं मिनेटमा एपिएफले गोल खडेरी तोड्यो। सविताले एपिएफलाई १-० को अग्रता दिलाइन्। सरु लिम्बूले दायाँ साइडबाट निकालेको क्रसमा सविताले वान टचमा गोल गरिन्। खेलको ६९औं मिनेटमा सरुले एपिएफलाई २-० को स्थितिमा राखिन्।

मिडफिल्डर रेनुकाको हेडिङ पोलमा लागेर फर्किएको थियो। डिबक्सभित्र रिबाउन्डको फाइदा लिँदै उनले दोस्रो बारमा गोल गरिन्। खेलको ८३औं मिनेटमा प्रीतिको थ्रु पासमा सविताले अर्को उत्कृष्ट गोल थपिन्। खेलको अन्तिम इन्जुरी समयमा पुलिसकी गोलरक्षक उषा नाथको गल्तीमा अनुले खाली पोस्टमा सहजै गोल गर्दा एपिएफले फाइनल ४-० ले जित्यो।

अनुले लिइन् सन्न्यास



नेपाली राष्ट्रिय टोलीकी पूर्वकप्तान अनु लामाले घरेलु फुटबलबाट सन्न्यास लिएकी छिन्। फाइनलपछि एपिएफका खेलाडीले उनलाई 'गार्ड अफ द अनर'बाट सम्मान गरेका थिए। सन् २०१९ मा अन्तर्राष्ट्रिय फुटबलबाट अनुले सन्न्यास लिएकी थिइन्। ३७ वर्षीया स्ट्राइकर अनुले एपिएफबाट घरेलु फुटबललाई निरन्तरता दिँदै आएकी थिइन्।

'यो नै घरेलु लिगमा अन्तिम खेल थियो। अहिले राम्रा नयाँ खेलाडी आएका छन्। लगातार दुई दशकदेखि खेलिरहेकी छु। आज सन्न्यास लिने सुन्दर मौका थियो। महिला लिगमा दुःखका दिन पनि आए। अहिले राम्रो भएको छ। घरेलु लिग र नकआउट फुटबलमा ध्यान दिनुपर्छ,' अनुले भनिन्।

०६० देखि घरेलु फुटबल खेल्दै आएकी उनी पुलिसविरुद्ध ८८औं मिनेटमा रेनुका नगरकोटेको स्थान लिँदै मैदान प्रवेश गरेकी थिइन्। पुलिसविरुद्ध उनले एक गोल गरिन्। सन् २०१० मा राष्ट्रिय टोलीका लागि डेब्यु गरेकी अनुको नाममा ३५ अन्तर्राष्ट्रिय गोल छ। उनको यो रकर्ड सावित्रा भण्डारीले तोडेकी हुन्।

■ फाइनलपछि कसले के भने



च्याम्पियन बन्ने लक्ष्य पूरा भयो

● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक एपिएफ

एक मात्र लक्ष्य च्याम्पियन हुने थियो। प्रतियोगिताभरि खेलाडीले धेरै मिहिनेत गरे। लिग च्याम्पियन बन्नु उनीहरूकै प्रतिफल हो। पहिलो हाफमा पुलिसले रोकेको थियो। पहिलो गोलसँगै पुलिसमाथि दबाब राखी च्याम्पियन ट्रफी उचाल्यौं।



लिगमा राम्रो प्रदर्शन भयो

● **भोला सिलवाल**, प्रशिक्षक, पुलिस

पहिलो हाफको जस्तो नतिजा मध्यान्तरपछि निकाल्ने प्रयास असफल भयो। मैदानमा खेलाडी थाकेजस्ता देखिए। खेलको ६४औं मिनेटमा गोल व्यहोरेपछि स्वाभाविक खेल खेल्न सकेनौं। प्रदर्शनका आधारमा धेरै राम्रो खेल्यौं। खेलमा पराजित हुँदा नराम्रो लाग्छ।



सर्वोत्कृष्ट खेलाडी हुन्छु भनेर सोचिनँ

● **सविता रानामगर**, सर्वोष्कृष्ट खेलाडी

व्यक्तिगत रूपमा यो लिग निकै राम्रो भयो। पहिलो चरणको तुलनामा दोस्रो चरणमा राम्रो भएन। यद्यपि, एपिएफले बिस्तारै लिगमा कमब्याक गर्‍यो। लिगमा सर्वोत्कृष्ट खेलाडीको उपाधि जित्छु भन्ने कल्पना नै थिएन। आगामी दिनमा अझै राम्रो गर्ने प्रेरणा मिलेको छ।



पहिलो अनुभवमै च्याम्पियन भएँ

● **सावित्री किसन**, सर्वोत्कृष्ट गोलरक्षक

एपिएफमा पहिलोपटक प्लेइङ सेटबाट खेलेकी हुँ। सर्वोत्कृष्ट गोलरक्षक हुँदा खुसी लागेको छ। पहिलोपटकको सहभागितामै च्याम्पियन भएँ। लिगअघि विभागीय टिमसँगै अभ्यास हुँदा सहज भयो। अञ्जिला दिदीको स्थानमा खेल्दा दबाब होला भन्ने सोचेकी थिएँ। खेलमा गल्ती हुने डर थियो।



सबैको साथले सर्वाधिक गोलकर्ता भएँ

● **रश्मिकुमारी घिसिङ**, सर्वाधिक गोलकर्ता

सबैको साथ पाउँदा लिगकै सर्वाधिक गोलकर्ता भएँ। सुरुवातमा यति धेरै गोल हुन्छजस्तो लागेको थिएन। दोस्रो चरणमा सर्वाधिक गोलकर्ता हुनुपर्छ भन्ने हौसला पाएँ। त्यहीअनुसार तयारी गर्दै गएँ। यो अवार्ड आमा र बुबालाई दिन चाहन्छु। लिगपछि जिम्मेवारी बढेको छ।

टाइगर कपबाट बाहिरियो एपिएफ



कास्कीमा **रोहितराज पराजुली**

विभागीय टोली नेपाल एपिएफ क्लब पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताबाट बाहिरिएको छ। पोखरा रंगशालामा बुधबार हेल्प नेपालसँग ३-२ को प्रतिस्पर्धात्मक सेटमा पराजित हुँदै एपिएफ बाहिरिएको हो। पहिलो खेलमा भारतीय सुनील भलिबल क्लबसँग स्तब्ध भएको साबिक विजेता हेल्प नेपालले त्यसपछिका खेलमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ।

हेल्प नेपालले पहिलो दुई सेट २५-२२ र २९-२७ ले जितेको थियो। सहज अवस्थामा रहेको हेल्प नेपालविरुद्ध एपिएफले तेस्रो र चौथो सेटमा उत्कृष्ट पुनरागमन गर्‍यो। एपिएफले तेस्रो सेट २५-१३ र चौथो सेट २५-२३ ले जितदै खेल २-२ को बराबरीमा पुऱ्यायो। पाँचौं तथा अन्तिम सेटमा एपिएफले हेल्प नेपालमाथि दबाब राख्न कोसिस गरेको थियो। तर, अनुभवी खेलाडीले भरिएको हेल्प नेपालले निर्णायक अन्तिम सेट १५-१२ ले जित्यो।

हेल्प नेपाल र एपिएफबिचको निर्णायक पाँचौं सेट रोमाञ्चक र प्रतिस्पर्धात्मक बन्यो। अन्तिम सेटमा हेल्प नेपालले १२-७ को ५ अंकको अग्रता लियो। यद्यपि, एपिएफले त्यसपछि १२-१३ को अवस्थामा पुऱ्यायो। पुरुषतर्फ थाइल्यान्डको ट्राभल इन्क्वारीले आफ्नो अन्तिम खेलमा त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटले पराजित गरेको छ। पुरुषतर्फ भारतको सुनील र आर्मीबिचको खेल खराब प्रकाशका कारण स्थगित भएको छ।

केपी ओली कप विजेताले १५ लाख पाउने

नयाँ पत्रिका

तेस्रो संस्करणको केपी ओली कप फुटबल प्रतियोगिताको विजेताले १५ लाख रुपैयाँ पाउने भएको छ। राष्ट्रिय युवा संघ नेपालको आयोजनामा ११-१९ फागुनसम्म हुने प्रतियोगितामा १० टोलीको सहभागिता रहने आयोजकले जनाएको छ।

प्रतियोगितामा 'ए' डिभिजन र विदेशी क्लबले प्रतिस्पर्धा गर्ने संघका अध्यक्ष क्षितिज थेबेले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन्। प्रतियोगिताको उपविजेताले पाँच लाख हात पार्नेछ। यसैगरी उत्कृष्ट खेलाडीले एक लाख, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई समान ५० हजार रुपैयाँ प्रदान गरिने थेबेले बताए। उत्कृष्ट उदीयमान खेलाडीलाई पनि ५० हजार रुपैयाँ प्रदान गरिनेछ। हरेक खेलको विजेता टोलीलाई २५ हजार र हरेक खेलको प्लेयर अफ दी म्याचलाई १५ हजार रुपैयाँ दिइनेछ।

प्रतियोगिताको क्वार्टरफाइनलसम्मका खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुनेछ। त्यसपछि सेमिफाइनल तथा फाइनल दशरथ रंगशालामा हुने थेबेले जानकारी दिए। उनका अनुसार भुटान र भारतका क्लब सहभागी हुन सक्छन्।

खेल संक्षेप

पारामाउन्ट र किङडम सेमिफाइनलमा



काठमाडौं/ पारामाउन्ट एकेडेमी र किङडम हिमालय प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषको सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको क्वार्टरफाइनलमा पारामाउन्टले एन्जल्स हार्टलाई ३२-२८ ले पराजित गऱ्यो। पारामाउन्टको जितमा सविन तामाङले १४ स्कोर गरे। छिमी रेन्जेनको ११ स्कोरको सहयोगमा किङडमले संस्कृतिलाई १७-१० ले हरायो। जुनियर पुरुषमा गोल्डेनपिकले ग्रिनलन्सलाई १७-१० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको छ।

अर्को खेलमा न्युटनलाई ३८-३० ले पाखा लगाउँदै भ्याली पब्लिक सेमिफाइनलमा पुगेको छ। गोल्डेनपिकका अमन गुरुङले ११ र भ्याली पब्लिकका विशाल परियारले १४ स्कोर गरे। जुनियर महिलामा फेरिल्यान्डले निस्टलाई २१-१६ ले हरायो। फेरिल्यान्डकी सन्दीपाले सर्वाधिक ७ अंक जोडिन्।

नेरिकले हरायो एआइएलाई

काठमाडौं/ नेरिक एकेडेमी दसौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषअन्तर्गत सेमिफाइनलमा प्रवेश गरेको छ। इनोभेटिभको कोर्टमा बुधबार नेरिकले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए) लाई १७-१० ले पराजित गऱ्यो। जुनियर पुरुषमा सनसाइनले इनोभेटिभलाई २१-१३ तथा केयर इग्लिसले काठमाडौं जेभियर्सलाई २४-१४ ले हराए। यसैगरी, सिनियर पुरुषमा मातृभूमिले काठमाडौं जेभियर्सलाई ४१-२५ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गऱ्यो।

अरनिकोलाई चौथोपटक उपाधि

विराटनगर/ उच्च माध्यमिक शिक्षालय संघ (हिसान) मोरङ क्रिक्रेटको उपाधि विराटनगरको अरनिको कलेजले जितेको छ। वैजनाथपुर क्रिकेट मैदानमा बुधबार भएको फाइनलमा ग्रिनल्यान्ड कलेजलाई ५८ रनले हराउँदै अरिनकोले उपाधि चौथोपटक जितेको हो। पहिलो ब्याटिङ गरेको अरनिकोले २० ओभरमा ९ विकेट गुमाएर ११५ रनको योगफल बनायो। प्रत्युत्तरमा ग्रिनल्यान्डले १९ ओभरमा सबै विकेट गुमाई ५७ रन मात्र जोड्यो। अरनिकोका म्यान अफ म्याच नूर अहमदले ४ ओभरमा १३ रन दिएर चार विकेट लिए।

आयोजक बसाहालाई हरायो झापाले

उदयपुर/ दसौं नारदमुनि थुलुङ स्मृति गोल्डकपअन्तर्गत बुधबार भएको खेलमा झापा ११ ले आयोजक बसाहा क्लबलाई १-० ले हराएको छ। पहिलो हाफमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। खेलको ७९औं मिनेटमा झापाका कप्तान पेमा तामाङले निर्णायक एक गोल गरे। बिहीबार सहलेस फुटबल क्लब सिराहाले एलएक्स सिटी फुटबल क्लब मोरङको सामना गर्नेछ। यसअघि उद्घाटन खेलमा बागमती युवा क्लबले संकटा एफसीलाई १-० ले हराएको थियो। प्रतियोगिताको फाइनल २२ माघमा हुनेछ। विजेताले पाँच लाख र उपविजेताले दुई लाख २५ हजार पाउने आयोजक बसाहाका अध्यक्ष गौतम राईले बताए। उत्कृष्ट खेलाडी, मिडफिल्डर, गोलरक्षक र उदीयमान खेलाडीलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरिनेछ।

नगरस्तरीय रनिङ सिल्ड सुरु

रामेछाप/ सातौं मन्थली नगरस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। मन्थली नगर खेलकुद विकास समितिको आयोजनामा सुरु भएको प्रतियोगिता १८ माघसम्म चल्नेछ। मन्थलीका नगर प्रमुख लव श्रेष्ठले उद्घाटन गरेको प्रतियोगितामा नगरपालिकाका २० माध्यमिक विद्यालयका विद्यार्थीले भाग लिनेछन्। प्रतियोगितामा भलिबल, कबड्डी, एथलेटिक्स, तेक्वान्दो, उसु र कराँते खेल समावेश छन्। मार्च पासमा मन्थलीको कर्कलादेवी बोर्डिङ स्कुल पहिलो र मन्थली मावि दोस्रो भएका छन्।

हाफ म्याराथनको उपाधि आश्मालाई

तनहुँ/ चौथो व्यास नगर हाफ महिला म्याराथनको उपाधि रोल्पाकी आश्मा विकले जितेकी छिन्। दमौलीदेखि तनहुँसुरसम्म भएको दौडमा आश्माले निर्धारित दूरी एक घण्टा ५७ मिनेट ३४ सेकेन्डमा पूरा गरेकी थिइन्। दोस्रो स्थानमा रहेकी ओखलढुंगाकी लक्पा डिङ्मा शेर्पाले दुई घण्टा चार मिनेट ५३ सेकेन्डमा दौड सकाइन्। आश्माले ४१ हजार र डिङ्माले ३१ हजार हजार रुपैयाँ पाएका छन्। काठमाडौंकी विमला तामाङ तेस्रो भइन्। उनले २१ हजार रुपैयाँ जितिन्।

■ फाइनलमा भिड्न तयार



पहिलो संस्करणको सभापति कप फुटबल प्रतियोगिताको ट्रफी बुधबार सहिदगेटमा अनावरण गरिएको छ। कांग्रेस लोकतान्त्रिक खेलकुद संघ महाधिवेशन निर्देशन समितिको आयोजनामा दशरथ रंगशालामा भइरहेको प्रतियोगिताको बिहीबार संकटा र बागमतीबिच उपाधि भिडन्त हुनेछ। **तस्बिर : नयाँ पत्रिका**

■ राष्ट्रिय बुद्धिचाल प्रतियोगिता

सिन्दिरालाई एन्जलको टक्कर

मकवानपुरमा **पोष्टराज अधिकारी**

दसौं राष्ट्रिय महिला बुद्धिचाल प्रतियोगिता रोमाञ्चक मोडमा पुगेको छ। हेटौंडामा चलिरहेको प्रतियोगिताको चौथो दिन बुधबारको खेल समाप्तिपछि राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीलाई एन्जल महर्जनले कडा चुनौती दिएकी छिन्। सिन्दिरा र एन्जलले समान ५ अंक जोड्दै संयुक्त रूपमा शीर्ष स्थान बाँडेका छन्।

छैटौं चरणमा साबिक विजेता सिन्दारा झापाकी कृतिसारा अधिकारीसँग बराबरीमा रोकिइन्। यस नतिजासँगै उनले एकल अग्रता रक्षा गर्न सकिनन्। एन्जलले ताप्लेजुङकी सुशीला गुरुङलाई हराउँदै स्कोर बराबरी गरिन्। ४.५ सहित बाँकेकी इशा गिरी र मोरङकी शान्ति धिमालले दोस्रो स्थानमा छन्।

यसैगरी, पुरुषतर्फ एफएम रूपेश जैसवाल ५.५ अंकका साथ शीर्ष स्थानमा छन्। पूर्वनेपाल च्याम्पियन रूपेशले पोजिसन डाउन अवस्थामा अनुभव प्रयोग गर्दै खेल उल्ट्याएका हुन्। दोस्रो स्थानका लागि कडा प्रतिस्पर्धामा मकवानपुरका एफएम क्षितिज भण्डारी, दोलखाका आशिष फुयाँल र काठमाडौंका पुरुषोत्तम सिलवाल छन्। उनीहरूले समान ४ अंक जोडेर रूपेशलाई पछ्याइरहेका छन्।

३.५ अंकका साथ झापाका सिएम शुश्रुत दहाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, वर्तमान नेपाल च्याम्पियन राजन सुवेदी र काठमाडौंका प्रेमकृष्ण महर्जन तेस्रो स्थानमा छन्। प्रतियोगिता संयोजक महासंघका महासचिव धरमबहादुर लामाले राष्ट्रिय विजेतालाई काजकिस्तानमा हुने ४६औं ओलम्पियाड र श्रीलंकामा हुने अन्तर्राष्ट्रिय प्रतियोगिता सहभागी गराउने बताएका छन्।

■ त्रिकोणात्मक टी-२० आई सिरिज आजदेखि

नेपाल पहिलोपटक नेदरल्यान्ड्सविरुद्ध खेल्दै

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पहिलोपटक नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा प्रतिस्पर्धा गर्दै छ। नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा बिहीबारदेखि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा नेपाल, नेदरल्यान्ड्स र थाइल्यान्ड सम्मिलित त्रिकोणात्मक सिरिज हुँदै छ। सिरिजको पहिलो खेल नेपाल र नेदरल्यान्डबिच दिउँसो १२:१५ बजे सुरु हुनेछ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को टी-२० वरीयतामा नेदरल्यान्ड्स १६औं स्थानमा छ। नेपालको वरीयता २०औं हो। सिरिजमा सहभागी थाइल्यान्डको वरीयता माथि रहेको छ। पछिल्लो वरीयतामा थाइल्यान्ड १३औं स्थानमा छ। थाइल्यान्ड पनि नेपालमा आएर पहिलोपटक खेल्न लागेको हो। सिरिजमा सहभागी टोलीले एक-अर्काविरुद्ध समान तीनपटक प्रतिस्पर्धा गर्नेछन्। लिग चरणमा सर्वाधिक अंक बटुल्ने टोली नै सिरिजको विजेता घोषित हुने क्यानका सचिव पारस खड्काले बताए।

क्यानले प्रतियोगितामा सहभागी हुने खेलाडी छनोट गत साता धनगढीमा भएको प्रधानमन्त्री कप महिला टी-२० क्रिकेट प्रतियोगिताबाट गरेको हो। इन्दु बर्माको कप्तानीमा युवा खेलाडीले पनि स्थान बनाएका छन्। गत साता मलेसियामा भएको यू-१९ विश्वकपमा सहभागी दुई खेलाडीले पनि राष्ट्रिय टोलीमा स्थान बनाएका छन्। नेपाली महिला टोलीले सन् २०२२ पछि दोस्रोपटक टी-२० आई सिरिज खेल्न लागेको हो। यसअघि नेपालले त्रिवि मैदानमा पहिलोपटक अन्तर्राष्ट्रिय टी-२० आई सिरिजका रूपमा युगान्डाविरुद्ध प्रतिस्पर्धा गरेको थियो। नेपाल र युगान्डाबिच पाँच खेलको टी-२० आई भएको थियो।

यस प्रतियोगिता वरीयता सुधार गर्ने अवसर भएको कप्तान बर्माको भनाइ छ। 'वरीयतामा तल छौं, यस सिरिजले पक्कै वरीयता सुधार हुनेछ,' उनले भनिन्, "पहिलोपटक खेल्दै छौं, उनीहरूको खेलको भिडियो हेरेर रणनीति बनाएका छौं।'



महिला टी-२० आई वरीयतामा नेपालभन्दा थाइल्यान्ड र नेदरल्यान्ड्स माथि

नेपालको खेलतालिका
१७ माघ : नेदरल्यान्ड्स
१९ माघ : थाइल्यान्ड
२० माघ : नेदरल्यान्ड्स
२२ माघ : थाइल्यान्ड
२३ माघ : नेदरल्यान्ड्स
२५ माघ : थाइल्यान्ड

■ नेपाली महिला टोली

इन्दु बर्मा (कप्तान), बिन्दु रावल, सम्झना खड्का, कविता कुँवर, ममता चौधरी, पूजा महतो, राजमती ऐरी, रुविना क्षेत्री, कविता जोशी, रोमा थापा, मनीषा उपाध्याय, अलिसाकुमारी यादव, रेवती धामी, ईश्वरी विष्ट र सिता रानामगर

■ सन् २०२२ पछि घरेलु सिरिज

नेपाली महिला क्रिकेट टोलीले त्रिवि क्रिकेट मैदानमा सन् २०२२ को मेपछि अन्तर्राष्ट्रिय खेल खेल्दै छ। यसबिच नेपालले मलेसियामा र हङकङमा भएका विभिन्न सिरिज खेलेको थियो। साथै, महिला खेलाडीले विश्वकप छनोट र महिला एसिया कपमा समेत सहभागिता जनायो। साढे दुई वर्षपछि घरेलु मैदानमा प्रतिस्पर्धा गर्न पाउँदा खेलाडी उत्साहित भएको कप्तान बर्माले बताइन्। 'साढे दुई वर्षपछि घरेलु मैदानमा सिरिज हुँदै छ, सबै खेलाडी धेरै उत्साहित छौं,' उनले भनिन्, 'टोली राम्रो र सन्तुलित छ।' यसैगरी, थाइल्यान्डकी कप्तान नारुमोल चाइवाईले पहिलोपटक नेपालमा आएर खेल्न उत्साहित रहेको बताइन्। थाइल्यान्डले यसअघि भारतमा प्रतिस्पर्धा गरेको थियो। 'पहिलोपटक नेपाल आएका छौं, यसअघि भारतको पुनेमा खेलेका थियौं,' उनले भनिन्, । नेदरल्यान्ड्सकी कप्तान बाबेट डे लिडेले नेपाल आउँदा उत्साहित भएको बताइन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com